# पहिलो परिच्छेद

# शोधप्रस्ताव

## १. शोध परिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'नृपबहादुर स्वाँरको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण' रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग अन्तर्गत एम.ए. दोस्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.३ शोध समस्याकथन

नृपबहादुर स्वाँरले नेपाली साहित्यका विभिन्न विधामा आफ्नो विशिष्टता कायम गरेका छन् । आजसम्म नेपाली साहित्यका विभिन्न विधाको विवेचनाका प्रसङ्गमा उनको समान्य उल्लेख मात्र भएको पाइन्छ । हालसम्म उनको जीवनी व्यक्तित्व र कृतित्वको समग्र अध्ययन हुन सकेको छैन । उनको जीवनी र व्यक्तित्वका साथै कृतित्वको आलोकमा स्वाँरको सिङ्गो अध्ययन प्रस्तुत गर्नु आवश्यक देखिन्छ । अतः 'नृपबहादुर स्वाँरको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण' शीर्षकको प्रस्तुत शोधकार्य मूलतः

क) स्वाँरको जीवनी के कस्तो छ?

ख) उनको व्यक्तित्वमा के कस्ता आयमहरू छन् ?

ग) उनी कसरी साहित्य तर्फ आकृष्ठ भए ?

भ) हालसम्म उनका के कस्ता पुस्तकहरू प्रकाशित छन्?

ङ) उनको साहित्यको कुन क्षेत्र विशेष रूपमा प्रभावित छ? भन्ने समस्यामा यो शोधपत्र केन्द्रित रहेको छ ।

## १.४ शोधपत्रको उद्देश्य

माथि उल्लेखित शोधसमस्याहरूमा केन्द्रित रही निम्नानुसार यस शोधपत्रको उद्देश्य रहेको छ-

क) नृपबहादुर स्वाँरको अद्यावधिक जीवनको प्रस्तुति गर्ने ।

ख) उनले गरेको साहित्यिक साधनाको अध्ययन विश्लेषण गर्ने ।

ग) उनका प्रमुख व्यक्तित्वहरूको परिचय अध्ययन विश्लेषण गर्ने ।

घ) उनले साहित्यका विभिन्न विद्यामा गरेको साधाना आदिको अध्ययन गर्नु । आदि प्रस्तुत शोधपत्रको उद्देश्य रहेको छ ।

## १.५ अध्ययनको औचित्य र महत्व

नृपबहादुर स्वाँरले नेपाली साहित्यका विभिन्न विधामा सोवा पुऱ्याउँदै आइरहेका छन् । नेपालको निकै पिछडिएको सुदूरपश्चिममा नेपाली साहित्यको क्षेत्रमा यथार्थ र बास्तविक कार्य भएको पाइदैन् । नेपाली साहित्यका भण्डारका रुपमा मानिने सुदूरपश्चिममा विभिन्न साहित्यकारहरूले सुदूरपश्चिमलाई साहित्यको आधारभूमिका रुपमा लिए तापिन देखे सुनेका भरमा मात्रै साहित्यको लेखन कार्य गरिएको हुनाले तथ्यपूर्ण साहित्यिक लेखन भने भएको छैन् । यिनै कुरा प्राप्त गर्ने उद्देश्यले स्वाँर प्रमाणिक, तथ्यपूर्ण र यथार्थ साहित्यिक सामग्रीको खोज गरी त्यस तर्फ दत्तचित्त भई अगाडि बढेका देखिन्छन् । उनले साहित्यको भण्डार मानिने सुदूरपश्चिममा साहित्यका विविध विधाका सामग्रीहरूलाई प्रकाशनमा ल्याउने कार्य गरेका छन् । यसै गरी स्वाँरले आजीवन साहित्यमा आफ्नो निरन्तरता दिने काम गरेका हुन् । यसरी विद्धान, समाजसेवी, दार्शनिक र साहित्यिक सामग्रका संग्रहकर्ताका रुपमा रहेका स्वाँरको जीवनी र व्यक्तित्वमाथि प्रकाश पार्दै तयार गरिएको यो शोधपत्रबाट स्वाँरको बारेमा जिज्ञासा राख्ने सबैका निम्ति जानकारी प्राप्त हुने गरी यसै सन्दर्भमा प्रस्तुत शोधपत्रको आफ्नै औचित्य र महत्त्व रहेको छ ।

## १.६ सामग्री सङ्कलन

प्रस्तुत शोधपत्रका निम्ति नृपबहादुर स्वाँरको जीवनी, व्यक्तित्व र कृतित्त्वका बारेमा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । स्वयम् उनका सहर्द

माहिला छोरा अशोक स्वाँर, काका बलबहादुर स्वाँर र उनका निकट रहेर कार्य गरेका व्यक्ति टि.एन. जोशी आदि संग स्वाँरका बारेमा मौखिक र लिखित रुपमा जानकारी लिइएको हो । यसै गरी प्रस्तुत शोधपत्र तयारीको सिलसिलामा त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, स्वयम् स्वाँरको निवासमा रहेका पुस्तक र पत्र-पत्रिकाहरूको अध्ययनबाट पनि सामग्री सङ्कलन गरिएको छ ।

## १.७ शोधविधि

नृपबहादुर स्वाँरको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन नामक शीर्षकको शोधपत्रमा सम्प्रदायगत रुपमा स्वाँरको जीवनी र व्यक्तित्वको चर्चा नगरेर उनले सामान्य जीवनको मात्रै चर्चा गरिएको छ । उनले गरेका साहित्यका विविध क्रियाकलाप र कृतिहरूका आधारमा उनको व्यक्तित्वका अनेक पाटाहरूको संक्षिप्त रेखाङ्कन गरिएको छ । यसै गरी उनका कृतिहरू विशुद्ध साहित्यिक नभई वस्तुपरक र सङ्कलन भएकाले केवल तिनको परिचयात्मक प्रस्तुति मात्र यहाँ गरिएको छ ।

## १.८ शोधकार्यको क्षेत्र र सीमा

नृपबहादुर मूलतः सुदूरपश्चिमको पिछडिएको विकट जिल्ला अछामको साहित्यिक क्षेत्र अन्तर्गत लुकिएका, छिपिएका विविध पक्षहरूका मूल मर्मलाई आत्मसाथ गर्दै साहित्य क्षेत्रमा निरन्तरता दिने एक साहित्यकार हुन् । तर समग्रमा उनको चर्चा नगरेर सामान्य जीवनको मात्रै यहाँ चर्चा गरिएको छ । त्यसै गरी स्वाँरको व्यक्तित्वका सन्दर्भमा गहिरो अध्ययन गरिएको छैन । उनको व्यक्तित्वले पारेको हरेक क्षेत्रको सामान्य चर्चा मात्र गरिएको छ । स्वाँरले गरेको साहित्यक खोज अन्वेषणले नेपाली साहित्यको कुन-कुन क्षेत्र प्रभावित भएको छ भन्ने कुराको मात्रै यस शोधपत्रमा निरूपण गरिएको छ । कृतित्त्वको चर्चा गर्ने क्रममा उनले प्रकाशित गरेका रचनाहरू सन्दर्भ सामग्रीको रुपमा उल्लेख गरिएको छ तर समग्र प्रकाशित साहित्य कृतिमा अध्ययन विश्लेषण गर्न नसकिने हुनाले सबै कृतिको सामान्य चर्चाको मात्रै अध्ययन विश्लेषण कार्य गरिएको छ ।

## १.९ पूर्वकार्यको विवरण

नृपबहादुर स्वाँरका बारेमा फाटफुट चर्चा भेटिए पनि उनका बारेमा हालसम्म सघन, विस्तृत र व्यवस्थित शोध वा समालोचना लेखिएको पाइदैन् । उनका बारेमा हालसम्म विविध प्रसङ्गहरूमा भएका फाटफुट चर्चाहरू यसप्रकार रहेका छन्-

पद्ममराज जोशीको अध्यक्षताम सुदूरपश्चिमाञ्चल साहित्य समाज धनगढीद्वारा प्रकाशित 'नृपबहादुर स्वाँर स्मृतिग्रन्थ' शीर्षकमा स्वाँरको विविध विद्धतका साथै उनको परिचय सम्बन्धी सामान्य दृष्टिकोणलाई दृष्टिकोणलई प्रस्तुत गरिएको छ ।[१]

'सुदूर सन्देश' राष्ट्रिय दैनिक (वर्ष ५ अंक १७३, २०६२ पौष ७ गते विहिबार) पत्रिकामा प्रकाशित पद्मराज जोशी 'प्रभाव' द्धारा 'सरल व्यक्तित्व भित्रका महान विचारक नृपबहादुर स्वाँर' नामक शीर्षक मार्फत स्वाँरको व्यक्तित्वको वैचारिक दृष्टिकोण प्रस्तुत गरिएको छ ।[२]

धनञ्जय तिमिल्सिना, सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्द, जगतबहादुर बोगटी, बलबहादुर स्वाँरद्वारा 'नृपबहादुर स्वाँर स्मृतिग्रन्थ' नामक ग्रन्थमा स्वाँरको वास्तविकता जीवन, शालीन व्यक्तित्व, बहुआयमिक व्यक्तित्व, उनको अविस्मरणीय यात्रा सम्बन्धी विभिन्न दृष्टिकोण प्रस्तुत गरिएको छ ।[३]

प्रा. कृष्णगौतमद्वारा 'नृपबहादुर स्वाँर स्मृतिग्रन्थ' नामक ग्रन्थमा स्वाँरका 'कुसुमी र चिनु' नामक औपन्यासिक कृतिको 'कुसुमी उपन्यसको समीक्षा' र 'चिनु

---

[१] जोशी, पद्मराज, **नृपबहादुर स्वाँर स्मृति ग्रन्थ**, धनगढीः सुदूरपश्चिमाञ्चल साहित्य समाज, २०६४, पृष्ठ १५२ ।

[२] जोशी प्रभात पद्मराज, सरल व्यक्तित्व भित्रका महान विचारक नृपबहादुर स्वाँर, **सुदूर सन्देश** (वर्ष ५ अंक १७३, २०६२ पौष ७ गते) पृष्ठ २१ ।

[३] तिमिल्सिना, धनञ्जय, बहु-आयामिक व्यक्तित्वका धनी नृपबहादुर स्वाँरको जीवनी-स्मरण, धनगढीः **नृपबहादुर स्वाँर स्मृति ग्रन्थ**, २०६४ ।

उपन्यासः एक चर्चा’ लेख रचना स्वाँरको औपन्यासिक व्यक्तित्वलाई झल्काउने काम गरिएको छ ।[४]

सुदूरपश्चिमाञ्चल साहित्य समाज धनगढी कैलाली (प्रकाशन वर्ष २०६४ कार्तिक २० गते) द्वारा सम्पादित ‘नृपबहादुर स्वाँर स्मृति ग्रन्थमा’ स्वाँरसँग लिएको ‘उमेर छँदै राजनीतिमा नलागेर साहित्य सेवा गर्नु पर्ने रहेछ’ नामक शीर्षकमा उनको विद्धत परिचय सम्बन्धी अन्तर्वार्तामा स्वाँरको सामान्य परिचय, सामाजिक, साहित्यक व्यक्तित्व सम्बन्धी दृष्टिकोणलाई प्रस्तुत गरिएको छ ।[५]

सुदूरपश्चिमाञ्चल साहित्य समाज धनगढी, कैलाली विद्यार्थी साहित्य पुरस्कार २०५७, लाइन्स क्लब अफ धनगढी टाउनद्वारा स्वाँरलाई अभिनन्दन पत्र प्रदान गरी स्वाँरको विद्धतलाई प्रस्तुत गरिएको छ ।

### १.१० शाधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुव्यावस्थित र सुगठित बनाउन पाँच परिच्छेदमा विभाजन गरिएको छ । ती परिच्छेदहरूका मूल शीर्षकहरू निम्नलिखित रहेका छन्-

पहिलो परिच्छेदः शोधपरिचय ।

दोस्रो परिच्छेदः नृपबहादुर स्वाँरको जीवनी ।

तेस्रो परिच्छेदः नृपबहादुर स्वाँरका व्यक्तित्वका विविध पाटाहरू ।

चौथो परिच्छेदः नृपबहादुर स्वाँरको कृतित्वको परिचय

पाँचौ परिच्छेदः उपसंहार

---

[४] प्रा. गौतम, कृष्ण, कुसुमी उपन्यासको समीक्षा र चिनो उपन्यास एक चर्चा, **नृपबहादुर स्वाँर स्मृति ग्रन्थ,** धनगढीः सुदूरपश्चिमाञ्चल साहित्य समाज, २०६४, पृष्ठ ८१ ।

[५] …….. उमेर छँदै राजनीतिमा नलागेर साहित्यसेवा गर्नु पर्ने रहेछ, **नृपबहादुर स्वाँर स्मृति ग्रन्थ,** धनगढीः सुदूरपश्चिमाञ्चल साहित्य समाज, २०६४, पृष्ठ १८९ ।

## दोस्रो परिच्छेद

## २. नृपबहादुर स्वाँरको जीवनी

### २.१ जन्म र जन्म स्थान

नेपाली साहित्यका विविध विधामा अमूल्य योगदान दिई नेपाली साहित्यका क्षेत्रमा एक उज्ज्वल ताराका रुपमा उदाउन खोजेका नृपबहादुर स्वाँरको जन्म विक्रम संवत् १९८३ साल कार्तिक २० गतेका दिन सुदूरपश्चिमाञ्चलन विकास क्षेत्रको अछाम जिल्ला रिडीकोट गा.वि.स. मा मध्यम वर्गीय स्वाँर परिवारमा भएको हो । पिता लेप्टन पदमबहादुर स्वाँर र माता मैनादेवी स्वाँरका गर्भबाट जन्मेका स्वाँरको न्वारनको नाम पनि नृपबहादुर स्वाँर नै राखिएको पाइन्छ । यिनको जन्म आफ्नै पुर्ख्यौली थलो अछाम जिल्लाको रिडीकोट गा.वि.समा भएको पाइन्छ । दलबहादुर स्वाँरका छोरा पदमबहादुर स्वाँरका पाँच भाइ छोरामध्येका जेठा छोराको रुपमा यिनको जन्म भएको पाइन्छ ।

नृपबहादुर स्वाँरकी धर्मपत्नीको नाम श्रीमती दुर्गादेवी स्वाँर हो । यिनका चार छोरा लब, अशोक, दिलीप र मिलन रहेका छन्, त्यस्तै मीना र बीना नामकी दुईवटी छोरी पनि छन् । यिनका पुर्खा भारतको गढकुमाउ हुँदै सिंजा अधिनस्थ राज्य अछाम क्षेत्रमा आई बसेको पाइन्छ । सानैमा आमा गुमाउन पुगेका र बुबा सरकारी जागिरे भएका कारण उनको लालन-पालन आफ्नै माहिला बुबा र माहिली आमाबाट भएको पाइन्छ । बुबा पदमबहादुर स्वाँर सरकारी जागिरेमा भएका कारण उनले सानै उमेरमा राम्रो शिक्षादीक्षा पाएको पाइन्छ । उनले दरबारहाई स्कूलबाट आफ्नो अध्ययन आरम्भगरी त्रिचन्द्रकलेजबाट आई.ए. सम्मको शिक्षा हासिल गरेको पाइन्छ ।

### २.२ वंश परम्परा

नृपबहादुर स्वाँरका पुर्खा वि.सं. १०४९ देखि वि.सं. १०८० को दशकतिर पुरा भारत वर्ष माथि मुसलमानहरूले आक्रमण गर्दै जाँदा भारतमा काही कतै सुरक्षित ठाउँ नदेखेकोले कौशिक र माण्डन्य गोज दक्षिण वर्ती पूर्वी पहाडी भेग हुँदै सिंजा अधिनस्थ राज्य अछाम क्षेत्र बसेको पाइन्छ । यसबाट स्वाँरको ब्रह्मणकुलीन ढुंगाना वंशका हुन भन्ने बुझिन्छ साथै उनको वंशपरम्परा कालु ढुंगानादेखि सुरु

भएको र यसै क्रममा अछामको ढुंगेनी भन्ने ठाउँ त्यसपछि अछामकै ढाँकुमा केही पुस्ताले बसोबास गरेको, त्यसपछि हालको अछाम जिल्लाको रिडीकोट गाउँमा बसोबास गर्दै आएको पाइन्छ ।[६]

उनका पितामह दलबहादुर स्वाँरका चार पुत्रमध्ये माहिला पुत्र पदमबहादुर स्वाँरका पाँच भाइ छोरामध्येका जेठा सुपुत्रका रुपमा नृपबहादुर स्वाँरको जन्म भएको हो ।[७]

स्वाँरका चार जना भाइहरूमा क्रमशः जयेन्द्रबहादुर स्वाँर, जयबहादुर स्वाँर, रामबहादुर स्वाँर र हरिबहादुर स्वाँर हुन् । केही समयसम्म संयुक्त बसेको बुझिन्छ । उनका पाँच दाजुभाइमध्ये कोही आछाम जिल्लाको रिडीकोट मै बसोबास गरेका र आफू वि.सं. २०३० तिर कैलालीको चुवा गा.वि.स. मा बसाइँसराइ गरेको र हाल धनगढीमा बसोबास गर्दै आएको बुझिन्छ । हालसम्म नृपबहादुर स्वाँरको मात्र मृत्यु भएको पाइन्छ ।[८]

नृपबहादुर स्वाँरका पिता पदमबहादुर स्वाँर तत्कालीन चलन अनुसार पढेलेखेका थिए । उनका समाज सुधारको चेतनाका साथै सामाजिक सेवामा विशेष चाख लिन गदर्थे । उनी सरकारी कर्मचारीका लेप्टन (लेप्टिनेन्ट) का रुपमा कार्यरत थिए र धेरै समयसम्म लेप्टन भई सेवा गरेको पाइन्छ । उनको घरमा भलादमीहरूको पनि आवत जावत भइरहन्थ्यो । उनका पिता सरकारी सेवामा मात्र नभई सामाजिक कार्यमा पनि त्यतिकै ध्यन दिने गर्दर्थे । उनी अतिथि स्‌तकारमा विशेष ध्यान दिन्थे । यसरी स्वाँरका पिता एका कर्मठ व्यक्तित्व, समाजसेवी, सचेत र क्रियाशील व्यक्ति देखिन्छन् ।[९]

---

[६] नृपबहादुर स्वाँर, **स्वाँरको चिनारी,** धनगढीः न्यू कैलाली प्रिन्टिङ प्रेस, २०६४, पृष्ठ २२ ।

[७] नृपबहादुर स्वाँर, **स्वाँर वंशावली - भाग २**, काठमाडौं : स्वाँर सेवा समिति, २०६४ ।

[८] **ऐजन्,** पृष्ठ २७ ।

[९] नृपबहादुर स्वाँरको स्मृतिग्रन्थ, **पूर्ववत्,** पृष्ठ ११ ।

## २.३ बाल्यकाल

नृपबहादुर स्वाँरको बाल्यकाल आफ्नै मातापिताको संरक्षकत्वमा घरमै बितेको पाइन्छ । सानो उमेरमै आमा गुमाउन पुगेका स्वाँरको बाल्यकाल त्यति सहजरुपमा बितेको देखिदैन । वि.सं. १९९० सालमा आफू सात वर्षको छँदा आमाको मृत्यु भएपछि आफ्नो माहिली आमा र माहिला बुबाको रेखदेखमा हुर्केको पाइन्छ । बुबा नोकरीको सिलसिलामा बाहिरै भएको र आमाको मृत्युका कारण स्वाँरको बाल्यकाल रसिलो भएको पाइदैन ।[१०]

उनी पितामह एवम् मातापिता र पाँच दाजुभाइ एवम् दिदी बहिनीको ठूलो परिवारमा हुर्केका हुन । उनी सानैदेखि कुनै कुरा देखिपछि त्यसबारे विभिन्न प्रश्नहरू गर्ने गर्दथे । बुबा नोकरीमा छँदा कहिले काही उनलाई साथमै लिएर जाने जर्दथे र सानैमा उनले बुबाको साथमा विभिन्न ठाउँमा घुम्ने अवसर प्राप्त गरेको पाइन्छ । सानैमा उनको भ्रमणतर्फ विशेष चाख रहेको देखिन्छ ।[११]

नृपबहादुर स्वाँर बाल्यकालमा आफ्ना दौतरीहरूसँग कपर्दी, डण्डीबियो खेल्ने र कसरत गर्ने गर्दथे । यसरी स्वाँरको ध्यान खेलतर्फ बढी आकर्षित हुँदा पनि उनकी माहिली आमा र माहिला बुबाले उनलाई पढाइतर्फ अभिप्रेरित गर्ने गर्दथे । स्वाँरको मावली घर पनि उनको गाँउ नजिकै पर्दथ्यो । उनी मावली घरमा जाने गर्दथे । उनका मामाहरू पनि तत्कालीन परिवेशमा पढेलेखेका व्यक्ति थिए । मामाले पनि उनलाई पढाइतर्फ अभिप्रेरित गर्ने गर्दथे । यसरी उनले मावलीतर्फबाट पनि प्रशस्त मायाममता पाएको बुझिन्छ । मध्यम बर्गीय एवम् पठित परिवारमा जन्मिएका स्वाँरको बाल्यकाल सानैमा आमाको मृत्युका कारण मातृस्नेह त्यति नपाए पनि अरु सबै पक्षबाट सुखमय नै देखा पर्छ । उनले बाल्यकालमा त्यति कुनै दुःख कष्टको अनुभव गर्नुपरेको देखिन्न । उनको स्वास्थ्य पनि त्यतिबेला राम्रो रहेको

[१०] शोध नायकबाट प्राप्त जानकारी ।

[११] ऐजन् ।

बुझिन्छ । यसरी स्वाँरको बाल्यकाल मातापिताबाट नभए पनि अन्य परिवारको स्नेहमय वातावरणमा बितेको पाइन्छ ।[१२]

## २.४ शिक्षा

नृपबहादुर स्वाँरको अक्षराम्भ आफ्नै घरमा माहिला बुबाको कुशल रेखदेखबाट पाँच वर्षको उमेरमा भएको पाइए पनि उहाँको प्राथमिकदेखि माध्यमिक स्तरसम्मको शिक्षा तत्कालीन दरबार हाईस्कूलबाट पूरा भएको पाइन्छ । आई.ए. सम्मको शिक्षा त्रिचन्द्र कलेजको पढाइबाट पटना विश्वविद्यालयबाट सम्पन्न भएको पाइनछ ।[१३]

आफ्ना पुत्रका निम्ति गाउँमा पाठशाला र शैक्षिक वातावरण नभएकाले स्वाँरका पिता पदमबहादुर स्वाँरले उनलाई वि.सं. १९९० तिर हालको दरबार हाईस्कूलमा पठनपाठनको लागि भर्ना गरिदिएको पाइन्छ । सानैमा पढाइएमा चाख राख्ने भएको हुँदा उनी कहिल्यै पढाइमा कमजोर भएनन् । तत्कालीन समयमा नेपालमा शिक्षाको त्यति राम्रो व्यवस्था नभएकाले नेपालीहरू प्रायजसो शिक्षबाट बञ्चित हुन बाध्य थिए, सर्वसाधारणले लेखपढ गर्न सक्दैन थिए, अलि हुनेखाने मात्र कि नेपालको राजधानी काठमाडौं कि भारतका विभिन्न स्थानहरूमा गएर विद्याआर्जन गर्ने गदर्थे । यसै परम्परा अनुरुप नृपबहादुर स्वाँर वि.सं. १९९० तिर आफ्ना पिताका साथ काठमाडौं आएको पाइन्छ । त्यसबेला यातायातको राम्रो प्रबन्ध नभएकाले हिँडेर जानुपर्दथ्यो । उनी आफ्ना बुबासँग हिँडेर काठमाडौं पुगे र प्रारम्भिक दिन अरू दाइहरूका साथ घरडेरामा बिताए । सानै उमेरमा मातृत्व प्रमेबाट बञ्चित स्वाँरले पढाइको सिलसिलामा पनि कठिनाइ बेहोरेको पाइन्छ । सानैमा आमा गुमाउनु परेको र पिता पदमबहादुर स्वाँर तिब्बतमा बाणिज्य दूत भई बस्नु भएको अवस्थाको संवेदनशीलताका साथै तिब्बतमा नेपाली वाणिज्य दूतको धाकरवाफ कतिको हुन्छ भन्ने कुरा समेत स्वाँरले आफ्नो ‘देशभित्र-देशबाहिर’ मा उल्लेख गर्नु भएको छ, जो वर्तमान नवआधुनिक पिँढीका सन्तानहरूका लागि निकै रोमाञ्चक आख्यान बनेको पाइन्छ । स्वाँरको त्यस नियात्रामा रहेको वर्णनको

---

[१२] अशोक स्वाँरको **अन्तर्वार्ता प्राप्त** जानकारी ।

[१३] धनञ्जय तिमिल्सिना, **‘नृपबहादुर स्वाँर स्मृतिग्रन्थ’** पूर्ववत् पृ. १४ ।

त्रासदीय आख्यानले वर्तमान युगका युवा विद्यार्थीहरूलाई नेपालको ऐतिहासिक पाठ पढाएको पाइन्छ ।[१४]

नियात्रा क्षेत्रमा सर्जक स्वाँरको शैक्षिक ज्ञान तथा नेपाली भाषाको सरल सरस र सुबोध रचनाविन्यास उत्कृष्ट भएको प्रतीत हुन्छ भने संवत् २००४ सालसम्मको शिक्षाको रचनात्मक स्तरको तुलनामा वर्तमान नवआधुनिक युगका त्यस समान स्तरका हालका विद्यार्थीको स्तरमा निकै ह्रास आएको प्रतीत हुन्छ नै किनकि वर्तमान बाह्र (XII) कक्षा (आई.ए.) का विद्यार्थीहरूमा नेपाली भाषा सम्प्रेषणमा मात्र होइन स्वलम्बी भई पैदल भ्रमण गरी दुःख उठाउने र प्रशासकीय जिम्मेवारी वहन गर्ने खालको परिपक्कताको अभाव निकै नै खड्किने पर्दछ र यसरी स्वाँरले अनेक माध्यमिक र आई.ए. सम्मको अध्ययनका क्रममा विविध विद्याहरू साहित्य, दर्शन, व्याकरण, योग, नीति आदि विषयको समान्य अध्ययन गरेको पाइन्छ । पढाइको क्रममा उनले विभिन्न पुरस्कार पाउँथे । विद्यार्थी जीवनमा उनले औपचारिक शिक्षा साथै अधिकमात्रामा स्वाध्ययन गर्ने गरेको बुझिन्छ । यही अधिक परिश्रम र उत्साह नै उनको अपार विद्या र ज्ञानराशिको मूल स्रोत देखिन्छ ।[१५]

यसरी आई.ए. सम्मको औपचारिक शिक्षा प्राप्त गरेका स्वाँरले अनेक विषयमा स्वाध्ययन, चिन्तन, मनन, शोध-अन्वेषण, लेख रचना लेखेर आफूलाई विशिष्ट विद्वानका साथसाथै साहित्यिक क्षेत्रमा एक कर्मठ साहित्यकारको रुपमा प्रतिस्थापित गरेको छन् ।[१६]

## २.५ पेसा

नृपबहादुर स्वाँरले आफ्नो जीवनमा अँगालेका विभिन्न पेसालाई हेर्दा आफ्नो जीवनकालमा विभिन्न क्षेत्रमा तल्लिन रही सेवा गरेको पाइन्छ । नेपालको इतिहासमा राणाकालीन शासनको अन्तिम चरण २००४ लाई मानिन्छ । स्वाँरले वि.सं. २००४ सालमा भारतको पटना विश्वविद्यालयबाट आई.ए.उत्तीर्ण गरी यसै

---

[१४] ऐजन् ।

[१५] ऐजन् ।

[१६] ऐजन् ।

सालमानै डोटी गौँडाको डिट्ठा पदवीमा सेवा गरेको देखिन्छ । २००४ सलमा गौडाको डिट्ठा भनेपछि वर्तमान शासक व्यावस्थाको जिल्ला न्यायाधीश र सी.डी. ओ. दुवैको प्रशासकीय भूमिका निर्वाह गरी सेवा प्रदान गरेको पाइन्छ । यस्तै वि.सं. २००६ सालमा शिक्षा सहायक निरीक्षकको पदवी प्राप्त गर्न सक्षम हुनु भएको पाइन्छ । सर्जक नृपबहादुर स्वाँरमा २००६ सालमा नै सहायक जि.शि.अ. को भूमिका निभाउने क्षमता भएको तथ्य यसबाट प्रमाणित हुन्छ ।

वि.सं. २००६ सालदेखि २०११ सालसम्म शिक्षा सहायक निरीक्षक भई शैक्षिक सरकारी सेवामा स्थायी जागिरे भइसकेका स्वाँरले तात्कालीक सरकारी सेवाको स्वाद चाखेर पनि २०१२ सालमा राजनैतिक क्षेत्रमा प्रवेश गरी एउटा कुशल समाजसेवी एवम् राजनेता बन्न पुगेको पाइन्छ । वि.सं. २०१२ देखि २०३० सालसम्म राजनैतिक क्षेत्रमा तल्लीन स्वाँर २०३१ देखि आफ्नो साधारण जीवन बिताई सामान्य कृषिपेसा अँगालेको देखिन्छ । साहित्यका विविध विद्यामा कलम दगुराई रहेको तथ्य स्पष्ट देखिन्छ ।[१७]

## २.६ माता-पिताको देहावसान

वि.सं. २०१२ सालमा नृपबहादुर स्वाँरका पिता पदमबहादुर स्वाँरको देवहावसान भएको हो । पिताको मृत्यु भन्दा २२ वर्ष अगाडि नै स्वाँरकी माताको देहावसान भएको जानकारी पाइन्छ ।[१८]

नृपबहादुर स्वाँरका पिता लेप्टन पदमा सेवारत भएको र त्यसै समयमा आफ्नी धर्मपत्नी गुमाउन पुगेका स्वाँर जागिरेका कारण आफू सामेल हुन नसकेको र दाजु भाइले नै हिन्दु संकार अनुसार काजक्रिया सम्पन्न गरेका थिए । वि.सं. २०१२ सालमा नृपबहादुर स्वाँरको पिताको ज्वरोका कारणले मृत्यु भएको पाइन्छ ।[१९]

[१७] अशोक स्वाँर, **पूर्ववत्** ।

[१८] **ऐजन्** ।

[१९] **ऐजन्** ।

## २.७ धनगढी आगमन र स्वाँरको कर्मक्षेत्र

### २.७.१ धनगढी आगमन

वि.सं. २०२९/३० सालमा आफ्नो जन्मथलो अछाम जिल्लाको रिडीकोट गा.वि.स.बाट सपरिवार कैलाली जिल्लाको चुवा गा.वि.सं.मा बसाइँसराइ गरेको पाइए तापनि आफ्ना अन्य दाजुभाइहरू धेरै पहिले देखि बस्दै आएका हुँदा स्वाँरको कैलाली आउने जाने क्रम वि.सं. २०२९/३० सालभन्दा पहिले नै थियो भन्ने पाइन्छ । त्यहाँ स्वाँरले झण्डै २६/२७ वर्ष बिताएको पाइन्छ, त्यस क्रममा उनले कृषिपेसालाई अँगालेर बस्नुका साथै साहित्यका विविध विधामा आफ्नो कलम चलाउँदै अगाडि बढेको पाइन्छ । वि.सं. २०२९/३०-२०५७ सम्म चुवा गा.वि.स.मा केही आफ्नो जीवन बिताउनु भएका स्वाँर त्यसपछि कैलाली जिल्लाकै सदरमुकाम धनगढी तिर लाग्नु भयो र त्यहाँ आफ्नो जीवनको अन्तिम समयसम्म साहित्य क्षेत्रमा नै बिताउनु भएको पाइन्छ ।[२०]

### २.७.२ स्वाँरको कर्मक्षेत्र

वि.सं. २०३० सालपछिको राजनैतिक सन्यासको जीवनाबन्धिमा २०३२ सालपछि कैलाली जिल्लाको चुहा गा.वि.स.को तीघरी (तीनघरको क्षेत्र) भन्ने ठाउँको आफ्नो पुर्ख्यौली बस्तीमा बसी सामाजिक सेवा र केही निर्माण गर्ने ध्येयले ‘आफ्नो गाउँ आफै बनाऊँ’ भन्न जनसेवी धारणाले प्रेरित भई निष्पक्ष र निःस्वार्थ भावले थारु-पहाडी, दलित तथा जनजाति आदि सबैको भलाईका लागि ‘ग्राम सुधार समिति’ गठन गरी त्यसको अध्यक्ष पदमा रहेर निम्नवर्गीय जनसरोकारका प्राथमिक आधारभूत ग्रामिण स्तरका कार्यहरू जस्तै निरक्षर किसानका बालबालिका प्राथमिक विद्याल, खानेपानीका ग्रामीण बाटोघाटो, धुले पुलपुलेसा आदि निर्माणकार्यहरू सम्पन्न गर्न गराउन सक्रिय भूमिका निभएको प्रसङ्ग उल्लेखनीय र प्रशंसनीय छ । यस्तै उल्लेखित कार्यहरू बाहेक २०३२ साल पछिको राजनैतिक सन्यासको २०४५ सालसम्म कैलाली जिल्लाको चुहा गा.वि.स. बाहेक प्रतापुर गा.वि.स. दोधारा गा.वि.स., कोटातुलसीपुर गा.वि.स. आदि गा.वि.स.हरूमा पनि आफै स्वयम् सेवक बनी स्वाँरले पिउने पानीका लागि पाइपहरू ग्रामीण किसानका महिला र

[२०] ऐजन् ।

बालबालिकाहरूका आँखा उघार्ने साक्षरता अभियान, शिशुस्याहार एवम् प्राथमिक स्वास्थ्योपचार आदि विविध ग्रामीण विकास र जनसेवामूलक योजनाहरू सञ्चलन गरी-गराई आफू उठेबसेको समाजमा अमिट छाप छोड्दै आफ्नो कर्मक्षेत्रको पहिचान गराएको पाइन्छ ।[२१]

## २.८ काठमाडौं आगमन र स्वाँरको कर्मक्षेत्र

### २.८.१ काठमाडौं आगमन र स्वाँरको कर्मक्षेत्र

सर्बप्रथम स्वाँरको काठमाडौं आगमन बाल्यकालमै पढाइएको सिलसिलामा भएको पाइन्छ । अध्ययनकै क्रममा उहाँले काठमाडौंमा लगभग बाह्र तेह्र बर्ष बिताएको पाइन्छ । त्यसपछि २००४ सालदेखि २०११ सालसम्मको सरकारी जागिरको क्रममा पनि स्वाँरको काठमाडौंको आगमनलाई हेर्न सकिन्छ । वि.सं. २०१९ - २०३० सालसम्म अछाम जिल्लाको राष्ट्रियपञ्चायत सदस्यमा रही काम गरेकोले काठमाडौंको आगमन त्यसबाट स्पष्ट बुझिन्छ । कर्मक्षेत्रका हिसाबले स्वाँरको काठमाडौंमा सर्वप्रथम अध्ययन, त्यसपछि सेवाक्षेत्रमा र राजनीतिक क्षेत्रमा रही कम गरेको देखिन्छ ।[२२]

### २.८.२ समाज र संस्कृति शोधखोज प्रतिको अभिरुचि

समाज र संस्कृति शोधखोजप्रतिको अभिरुचिका सम्बन्धमा स्वाँरले सामाजिक कुरीतिको विरोध गर्दै नयाँ नौलो किसिमको परिवर्तन चाहने र समाजमा नयाँ किसिमका विभिन्न अभियानको सुरुवात गर्दै जनचेतना फैलाउने काम गरेको पाइन्छ । समाजमा रहेका विभिन्न रुढिग्रष्त परम्परा विरोध गर्दै समाजमा नयाँ परम्पराको स्थापना गर्ने काम गरेको पाइन्छ । समाजलाई नयाँ दिशातिर उन्मुख गराउने उद्देश्यले स्वाँरले वि.सं. २०४३ सालमा 'ग्राम सुधार समिति चुहा' को स्थापना गरेको पाइन्छ । यसै संस्था मार्फत स्वाँरले विभिन्न ठाउँमा स्वस्थ शिक्षा, साक्षरता, शिशुस्याहारकेन्द्र र विभिन्न गाउँमा खानेपानीका लागि पाइपहरूको स्थापना गर्दै समाजमा रहेका गरिब, निमुखाहरूको उद्धार गर्ने जस्ता कार्यहरू गरेको

---

[२१] धनञ्जय तिमिल्सिना, **पूर्ववत,** पृष्ठ १७ ।

[२२] अशोक स्वाँर, **अन्तर्वार्ताबाट** जानकारी ।

पाइन्छ । यस्तै शैक्षिक क्षेत्रका हिसाबले स्वाँरले ठाउँ ठाउँमा प्राथमिक विद्यालयको स्थापना गर्ने कार्यमा सक्रिय भूमिका निभएको देखिन्छ । यस्तै उहाँले अछाम जिल्लाको बयालपाटा माध्यमिक विद्यालयको स्थापन गर्ने कार्यमा आफ्नो ठूलो योगदान पुऱ्याएको देखिन्छ ।[२३]

उपर्युक्त समाजिक निर्माणकै पाटोमा निष्पक्ष दृष्टिले नियाल्दा स्वाँरले २०१८ साल देखि २०३० साल सम्मको जनप्रतिनिधि (माननीय) को कार्यकाल अवधिमा निम्नलिखित सामाजिक महत्त्वका कार्यहरू गरेको पाइन्छ ।

क) सेती अञ्चल अछाम जिल्ला यातायात दृष्टिले अति विकट रहेकोमा नृपबहादुर स्वाँर माननीय छँदा अछाम-डोटी मोटरबाटो सर्भे भई निर्माण कार्यको थालनी भएको पाइन्छ । आज त्यही बाटो काठमाडौं-अछाम, साँफे कैलाली-साँफे, महेन्द्रनगर-साँफे आदि ठाउँका मोटर यातायत सुलभ भएको पाइन्छ ।

ख) अछाम साँफेको हवाईमैदानको निर्माणमा ठूलो योगदान रहेको पाइन्छ ।

ग) साँफे बुढीगङ्गा माथि झुलुङ्गेपुल निर्माणमा योगदान रहेको पाइन्छ ।

घ) खानेपानीका दृष्टिले पनि अछाम जिल्ला पिछडिएको थियो । स्वाँरकै प्रयासमा पहिलो पटक बयालपाटा बजार र रिडीकोटलाई सीमितमात्रामा भए पनि खानेपनी सञ्चालन भयो ।

ङ) अछाम जिल्लाको शैक्षिक स्तरलाई माथि उठाउने काम स्वाँरबाट पटकपटक भएको पाइन्छ ।

च) अछाम-हिच्मा घोडेटो बाटो र हिच्मा प्राथमिक विद्यालय निर्माण आदि निर्माणकार्यहरूमा सक्रिय भूमिका निभाएर आफ्नो प्रतिनिधित्वलाई जनप्रिय तुल्याएको अभिलेख अछामी जनमानसमा ताजा नै भएको पाइन्छ ।[२४]

उपर्यक्त उल्लेखित कार्यहरू बाहेक २०३२ सालपछिको राजनैतिक सन्यासको २०४५ सालसम्म कैलाली जिल्लाका चुहा, प्रतापुर, दोधारा आदि गा.वि.स.हरूमा

---

[२३] **ऐजन्** ।

[२४] धनञ्जय तिमिल्सिना, **पूर्ववत्,** पृष्ठ २० ।

ग्रामीण किसानहरूका पीरमर्काहरूलाई मनन् गर्दै शिक्षा, स्वास्थ्य, खानेपानी आदि योजनाहरू सञ्चालन गरी आफ्नो समाजमा अमिट छाप छोडनु भएको पाइन्छ ।[२५]

विश्वका विभिन्न मुलुकका बसोबास गर्ने जे जति धर्म समुदाय, जात जातिहरूका मानिसहरू छन तिनीहरूमध्ये प्रत्येक जात जातिहरूको धर्म संस्कृति रीतिरिवाज, बोली भाषा र वेषभूषामा केही न केही भिन्नता रहेकै देखिन्छ । तद अनुसार प्रत्येक जातिले मनाउने चाड पर्वहरूको समय र तौरतरिकामा पनि भिन्नता रहेको पाइन्छ । तर वर्षमा एकपटक मनाईने राष्ट्रिय चाड पर्वहरूमा भने प्रत्येक राष्ट्रका प्रायजसो सबै नागरिकले एकै समयमा समान रुपले मनाउने गर्दछन् । यस्ता राष्ट्रिय चाडपर्वको अलवा हाम्रो जस्तो बहुजाति, बहुभाषी भएको देशमा खासखास जाति विशेषले मात्र मनाउने, अन्य कतिपय धार्मिक तथा मनोरञ्जनात्मक चाडपर्वहरू पनि नभएको होइनन् । यस्तै एउटा जातिविशेषले आफ्नो छुट्टै पहिचान दर्शाउनको लागि मनाउने मनोरञ्जनात्मक चाडहरू मध्येको 'मरुले' चाडका बारेमा स्वाँरले शोधअनुसन्धान गरेको पाइन्छ । विशेष गरेर कर्णाली क्षेत्र अन्तर्गत पर्ने अछाम जिल्लामा भाद्रसंक्रान्तिको दिन बादी (भाँड) जातिले सार्वजनिक रुपमानै मनाउने यो 'मरुले जात्रा' मा सो जातिको रहन सहन वेषभूषा बोलीचाली र यो जात्रा मनाउँदा सुरुदेखि अन्तिम सम्मको रीतिरिवाज वा संस्कार सम्बन्धी स्वाँरले आफ्नो 'मरुले जात्रा' भन्ने सानो लेखमा उल्लेख गरेबाट स्वाँरको संस्कृतिसम्बन्धी के कस्तो चासो रहेको छ भन्ने कुरा स्पष्ट बुभिन्छ । स्वाँरले नेपालको पश्चिमी भेगमा चल्दै आएका विभिन्न संस्कृति र रीतिरिवाज सम्बन्धी ठूलो योगदान दिँदै आएको पाइन्छ । जस्तै डेउडा, गौरा पर्व, होरी, आदि सांस्कृतिक पर्वलाई ग्रामीण स्तरमा नवीन ढंगले स्तरीयता प्रदान गर्ने कार्यमा योगदान दिइएको पाइन्छ ।[२६]

---

[२५] **ऐजन्** ।

[२६] नृपबहादुर स्वाँर, **'मरुले जात्रा'** धनगढी : २०६० ।

### २.८.३ राजनैतिक झुकाव

स्वाँरले आफ्नो जीवनको सरकारी सेवागत स्थायी जीविकोपार्जनको पक्षलाई छोडेर वि.सं २०१२ सालमा 'संयुक्त प्रजातन्त्र' पार्टीका सक्रिय कार्यकर्ता बन्न पुगेको पाइन्छ । नेपालको राजनीतिमा २०१२ सालको अवस्था र त्यसपछिको अवधि पनि पूर्ण प्रजातन्त्र प्राप्तिको कारक बन्न नसकेको र वर्तमान अवधिको नेपालको सामाजिक वा राजनीतिक उथलपुथल र अन्योलको अवस्था जस्तै तर भिन्न खाले दरबारिया षडयन्त्रको सिकार बनेको नेपालको अस्थिर एवम् तरल राजनीतिक परिवेशमा पाएको जागिर छोडेर सामान्य राजनीतिक कार्यकर्ताका रुपमा हामफालेको पाइन्छ । वि.सं. २०१७ सालको प्रजातन्त्र संहरणको शाही निरङ्कुश कदमलाई स्वीकारेर वि.सं. २०१८ सालमा खप्तड चुनावी क्षेत्रबाट देशको सर्वोच्चो विधायिकामा पदार्पण गर्नु स्वाँरको राजनीतिक झुकावप्रति शिलान्यास हुनु हो ।[२७]

### २.८.४ पञ्चायती व्यावस्थामा संलगनता र नेतृत्वको जिम्मेवारी

वि.सं. २०१८ सालमा काठमाडौंमा नेपाल अधिराज्य भरिका २०१७ सालको शाही निरङ्कुशतालाई समर्थन गर्ने बुद्धिजीवीहरूको भेला भएकोमा स्वाँरलाई नै तदर्थ रा.प.स. मा निर्वाचित गरेपछि संवत् २०१९ सालको पञ्चायती व्यवस्था अन्तर्गतको संवैधानिक प्रक्रिया अन्तगर्तको राष्ट्रिय चुनावी क्रममा पनि उहाँ नै पहिलो पटक निर्वाचित जनप्रतिनिधि बन्नु भयो । २०२४ सालको दोस्रो अवधिको निर्वाचनमा पनि पुनः ६ वर्षका लागि रा.प.स. मा निर्वाचित भएका स्वाँर २०१८ साल देखि २०३० सालसम्म झण्डै १२ वसन्त देशको सर्वोच्च विधायिकामा माननीय भएर सक्रिय रहनुभएको पाइन्छ । यसबाट स्वाँरको पञ्चायती व्यावस्थामा कतिको संलग्नता थियो भन्ने कुरा बुझ्न सकिन्छ ।[२८]

पञ्चायती व्यवस्थामा रहेको संलगनताका कारण स्वाँरको त्यस क्षेत्रमा देखिएको जिम्मेवारीलाई तत्कालीन समयको शासन व्यवस्थाले उहाँको चरित्रलाई पनि स्पष्ट बुझ्न सकिन्छ । वर्तमान नवआधुनिक युगका नेताहरूमा आफू बिक्री हुनु

---

[२७] धनञ्जय तिमिल्सिना, **पूर्ववत,** पृष्ठ ३ ।

[२८] **ऐजन्,** पृष्ठ ४ ।

र देशलाई नै बेचेर विलासी जीवन बिताउनु सामान्य बनेको पाइन्छ, तर स्वाँरको २०१२ सालदेखि २०३० सालसम्मको १८ वर्षे राजनीतिक कार्यकालमा कति उत्थान र पतनका घटनाहरू घटे, केही परिवर्तनका महत्त्वपूर्ण पाटाहरू पल्टिए त्यस्तो अवस्थामा पक्ष विपक्षका जुहारीमा जुवा खेल्ने अवसर प्रशस्त भए तापनि स्वाँरले त्यस्तो तुच्छ प्रलोभनको राजनैतिक जुवा खेलेको पाँइदैन् । संवत् २०२१ सालको भुमिसुधार कानूनले प्रतिपरिवार ४ विगाहाका दरले भूमिहीन किसानलाई भूमिवितरण गर्ने प्रावधान गरेकोमा त्यसबाट राजनीतिक लाभ नउठाइ स्वच्छ र निष्पक्ष रुपमा गरिब, निमुखा जनताका पिरमर्का यथासक्य बुझी आफ्नो स्वच्छ र निष्पक्ष चरित्रको उद्घाटन गरेको पाइन्छ । स्वाँर एउटा निःस्वार्थी, निर्भीक स्वभिमानी र स्वालम्बी बुद्धिजीवी हुनु भएकोले दरबारिया ब्युरोको चाकडीबाट टाढानै रहनुभएको कुरा उहाँले पञ्चायती व्यवस्थामा बहन गरेको जिम्मेवारीबाट स्पष्ट बुझ्न सकिन्छ ।[२९]

### २.८.५ सामाजिक कार्यमा संलग्नता

वि.स. २०३० साल पछिको राजनीतिक सन्यासको जीवनावधिमा २०३२ साल पछि चुहा गा.वि.स.को ‘तिघरी’ (तीनघरको क्षेत्र) भन्ने ठाउँको आफ्नो पुर्ख्यौली वस्तीमा बसी सामाजिक सेवा र केही निर्माण गर्ने ध्येयले ‘आफ्नो गाउँ आफै बनाऊँ’ भन्ने जनसेवी धारणालाई अगि सार्दै स्वाँरले विभिन्न सामाजिक कार्यमा संलगनता देखाएको पाइन्छ । वि.सं. २०३० साल पछि पूर्णरुपले राजनीतिक क्षेत्रबट सन्यास लिइसकेपछि उनले आफ्नो जीवनको कार्य क्षेत्रका रुपमा कृषि पेसालाई विशेष जोडदिएको पाइए तापनि उनले ग्रामीण स्तरमा विभिन्न सामाजिक कार्यमा विशेष आफ्नो योगदान दिएको पाइन्छ । नृपबहादुर स्वाँर सामाजिक कार्यमा कत्तिको संलगन रहेछन भन्ने कुरा उनकै सानो आफ्नो व्यक्तिगत विवरणमा र उनकै आभिव्यक्तिबाट यसरी बुझिन्छ, “२०३० सालपछि अराजनीतिबाट अलग रही घरखेती सर्पान लागेको छु । जानेबुझेसम्म र सकेसम्म जनसेवा गर्नु मुख्य कर्तव्य ठानेको छु । संशोधित संविधान र संविधानका आधारमा प्रतिपादित कानून ऐन नियमहरू कार्यन्वयन गराउन र ऐन नियम र व्यावहारमा सामञ्जस्य ल्याउनका

[२९] **ऐजन्**, पृष्ठ ६ ।

निम्ति परिआएसम्म मेरो दिलचस्मी रहन्छ । आफ्नो काम आफैले गर्नुपर्दछ र श्री ५ को छत्रछायामा एकजुटरही सारा भेदभाव पन्छाएर प्रगतिपथमा बढ्दा मात्र नेपालीले प्रगतिको बाटो पहिल्याउने छन् ।

उपर्युक्त अभिव्यक्तिबाट स्वाँर आफ्नो राजनीतिक सन्यास पछि मात्र सामाजिक कार्यमा संलग्न रहेका र समाजप्रति कतिको चासो रहेछ साथै सामाजिक कार्यमा उनको योगदानको मूल्याङ्कन गर्न सकिन्छ ।[३०]

## २.९ दिनचर्या एवम् अभिरुचि

नृपबहादुर  स्वाँर विद्यार्थी अवस्थादेखि नै प्रायः ५ बजे उठेर स्नान-ध्यान गर्ने र दैनिक क्रियाकलाप पछि पढने-लेख्ने कार्यमा व्यस्त हुने गर्दछन् । उनको धेरै जसो समय पढ्नु लेख्नुका अतिरिक्त शोध, अन्वेषण सङ्कलन, शारीरिक कसरत र छरछिमेकीमा कुनै दुःखी बिरामीलाई खानाखानु भन्दा पहिले नै भेटघाट गर्ने गरेको पाइन्छ । त्यसपछि आफ्नो घरमा आएर साधा किसिमकै खानपिन गर्ने, खानपिन पछि केही समय आराम गर्ने, र दिनको केही समय आफ्नो लेखन कार्यलाई दिने गरेको पाइन्छ । लेखपढमा असाध्यै अभिरुचि रहेको पाइन्छ । उहाँ दिनको खालि समयमा कुनै पुस्तक, पत्रपत्रिका, लेख रचनाहरू पढेर बिताउने काम गरेको पाइन्छ । साँझपरक उहाँ घरबाहिर निस्कने, आफ्ना आफन्तहरू कहाँ गएर विभिन्न सामाजिक कार्यसम्बन्धी बहसका साथै नयाँ चेतना दिने, सामाजिक कार्यमा सङ्लग्नताप्रति आकर्षित गराउने काम गरेको पाइन्छ । त्यसपछि आफ्नो घरमा बेलैमा आई घरको काममा केही सहयोग गर्ने अनि खानाखाएपछि केही समय समचार सुन्ने, गरेको पाइन्छ । त्यसपछि आफ्नो नियमित समयमा सुत्ने गरेको पाइन्छ । यसरी नै स्वाँरको दिनचर्या अगाडि बढेर पुराहुने गरेको पाइन्छ ।[३१]

उपर्यक्त दिनचर्याका अलाबा स्वाँरको समाजसेवातर्फ विशेष अभिरुचि रहेको पाइन्छ । उनले स्थापित गरेको विद्यालयहरू, संघ-संस्थाहरू हालसम्म पनि सञ्चालित छन् । उनको संयोजकत्वमा सम्पन्न सामाजिक कार्यहरूमा आजआएर विभिन्न गैर संघ-संस्थाहरूले विविध ग्रामीण विकास र जनसेवामूलक योजनाहरू

---

[३०] नृपबहादुर स्वाँर, **व्यक्तिगत विवरणबाट** प्राप्त ।

[३१] अशोक स्वाँर **अन्तवार्ताबाट** जानकारी ।

सञ्चालन गरेको पाइन्छ । त्यसकारण स्वाँर समाजसेवा तर्फको अभिरुचिका कारण व्यक्तिगत स्वार्थमा मात्रै जीवन खर्च गर्नु उचित मानदैनन् । समाज, धर्म, संस्कृति, इतिहास एवम् राष्ट्रका निम्ति समर्पित जीवनलाई नै उनी सफल जीवन मान्दछन् । स्वाँर प्राकृतिक वन्यऔषधीहरूप्रति पनि विशेष ध्यान राख्दछन् । उनी फुर्सदको समयमा आफू रहेको ठाउँमा विभिन्न सामाजिक कार्यहरूका बारेमा जनचेतना फैलाउने काम गर्दछन् । नृपबहादुर स्वाँर आफ्नो व्यक्तिगत बढाइ र प्रशंसा गरेको पटक्कै मन पराउँदैनन् । उनी अति उदार हृदयका व्यक्ति हुन् जसले अन्तिम जीवनकालमा धेरैलाई सहयोग गरेको प्रमाण पाइन्छ । प्रायः उनको सम्पर्कमा आउने व्यक्तिहरूले उनको जीवन शैलीको प्रशंसा गरेकै हुन्छन् ।[३२]

यसरी स्वाँर समाज, राष्ट्र र आफू बाँचेको परिसरको सदैव प्रगति चाहन्छन् । सामान्यतया व्यवहारिक मिजासिलोपन उनको प्रथम विशेषता रहेको पाइन्छ भने बोक्रेपनको विरोधगर्ने स्वाभाव पनि उनमा रहेको पाइन्छ । पूर्वीय भाषा, संस्कृति, साहित्यको अध्ययनले भिजेका स्वाँर सरल सात्विक र कृषि जीवन गुजार्दै समाज र राष्ट्रको उत्थानतर्फ सदैव क्रियाशील रहँदै आइएरहेको पाइन्छ ।[३३]

## २.१० साहित्य साधना र स्वाँरको रचना संसार

वि.सं. २०४२ सालमा प्रकाशित 'सेतीको मन्दिर' कविता संग्रह प्रकाशित भए बाट स्वाँरले लेखनकार्यको थालनी गरेको मानिए पनि उनको साहित्य तर्फको झुकाव र लेखन भने वि.सं. २०१७/१८ तिरदेखि सुरु भएको पाइन्छ । वि.स.२०१७/१८ तिरबाट आफ्नो लेखन कार्यलाई महत्त्व दिंदै आएका स्वाँरका धेरै जसो रचनाहरू फुटकर रुपमा प्रकाशित भएका छन् । फुर्सदको समयमा केही न केही लेखिरहन मनपराउने स्वाँरले मौखिक रुपमा रचना गरेका कृतिहरू प्रकाशित गरेको पाइन्छ । उनी विशेष रुपमा ऐतिहासक धार्मिक, सामाजिक सामग्रीका संग्रहकर्ताका रुपमा परिचित छन् । उनले नेपाली भाषामा कविता रचना गर्नुका अतिरिक्त फुटकररुपमा गद्य लेखहरू पनि लेखेको पाइन्छ । उनको कलम अन्य भाषा भन्दा विशेषगरी नेपाली भाषामा बढी चलेको पाइन्छ ।

---

[३२] **ऐजन्** ।

[३३] **ऐजन्** ।

स्वाँरका गद्य र पद्यमा छरिएर रहेका रचनाहरूको संकलन गरी उनकै महिला छोरा अशोक स्वाँरले प्रकाशित गरेको पाइन्छ । स्वाँरको लेखनकार्य ऐतिहासिक खोज, अनुसन्धान, धार्मिक र समाजिक विषयतर्फ नै बढी केन्द्रित भएकाले उनका धेरै जसो कृतिहरू सामाजिक ऐतिहासिक विषयमा आधारित रहेको पाइन्छ ।

स्वाँरका फुटकर रचनाहरू विभिन्न स्थानीय पत्रपत्रिकामा प्रकाशित भएका छन् भने धेरै जसो रचनाहरू 'सुदूरपश्चिमाञ्चल-साहित्य समाज', धनगढी कैलाली नामक सहित्य संस्थाबाट पनि प्रकाशित भएका पाइन्छन् । स्वाँरको भ्रमण वृत्तान्तका रुपमा देश-भित्र देश-बाहिर २०६० यात्रा स्मरण पुस्तक प्रकाशित छ जसमा उनको आफ्नो जीवनकालमा भ्रमण गरेका राम्रा नराम्रा अनुभवहरू समेत समावेश गरी देशभित्र आठ वटा र देश बाहिर बाह्रवटा निबन्धात्मक अभिव्यक्ति संकलित गरी एक सिङ्गो देशभित्र देशबाहिर यात्रा स्मरण कृति प्रकाशित गरेका छन् । स्वाँरले धर्म र संस्कृति सम्बन्धी विषयमा कलम चलाउनुका साथै साहित्य पुरातत्वका क्षेत्रमा पनि गहिरो अध्ययन र अन्वेषण गरेको पाइन्छ । उनले इतिहास र समाजिक पृष्ठ भूमिमा पनि विभिन्न साहित्यिक र सास्कृतिक रचनाहरू जस्तै सेतीको मन्दिर (२०४२), सेतीको मन्दिर खप्तड २०४२, स्वाँरको चिनारी २०४९, गोठाले ठिटो २०५१, कुसुमी २०५५, चिनु २०५६, कथाव्यथा २०५९, स्वाँर वंशावली भाग एक २०६१ स्वाँर वंशावली भाग दुई गरी झण्डै दश कृतिको रचना गरेका छन् । एउटा विषयमा लेख्न प्रारम्भ गरेर विविध विषयमा छिरलिनु र विषयपुष्टिका निम्ति विभिन्न ग्रन्थहरूबाट उदाहरण ल्याउनु उनको कृति रचनाहरूको विशेषता नै हो ।

### २.११ विदेश भ्रमण, सम्मान मान र पदवी

#### २.११.१ विदेश भ्रमण

सम्वत् १९९० सालमा बालउमेरमा नै आफ्ना पिता लप्टन पदमबहादुर स्वाँर तिब्बतमा वाणिज्यदूत भई बसेका अवस्थामा सात वर्षकै उमेरमा 'कुतीको बाटो डिगर्चा' सम्मको यात्रामा आफ्नो बालसुलभ नैसर्गिक स्वभावको संस्मरणबाट नियात्रावर्णन गर्ने स्वाँर सन् १९६८ मा प्रशान्त महासागर माथि उडेको मन सन्फ्रान्सिस्को देखि अकल्याण्डसम्मको पाश्चात्य र हिन्दी संस्कृति बीचको विभेदमा

जुन देशको मानिस अध्यात्मबादबाट बिलकुलै विमुख भएर आफ्नो सम्पूर्ण जीवनलाई भौतिकबादलाई नै ढाल्न खोज्दछ । त्यस्तो समाजमा नीतिशास्त्र, धर्म परम्परागत संस्कृति र मानवीय आदर्शप्रति अभिमुख हुने आस्था र विश्वास राख्ने व्यक्तिको संख्या नै कति हुन सक्ला र भनी हाम्रा विवेच्य व्यक्तित्वको अगाडि विस्मात् व्यक्त गर्ने विश्वविख्यात महामानव लर्डबेटन पावेलले व्यक्त गरेका अमूल्य वचनामृत उक्त महामानव पावेलकै घरको पाहुना बनी वार्तालाप गर्ने अवसरमा आफ्नो अमेरिका भ्रमणको प्रसङ्गमा आफ्ना कलमको कला प्रस्तुत गर्ने स्वाँरले आफ्नो नियात्रावर्णनको आख्यानमा समेटेर लर्डवेटन पावेलकै शब्दमा उद्धत गर्नु भएको छ । "मलाई पनि कताकता किन हो हिन्दु नीतिनियम र धार्मिक परम्परामा हुर्केको समाजनै वास्तविक सुख र शान्ति मिल्छ कि ? भन्ने विश्वास हुन थालेको छ ।" भन्ने भनाई स्वाँरको विदेश भ्रमणको अनुभवबाट व्यक्त हुन्छ ।[३४]

संवत् २०२१ देखि २०३० सालको बीचमा स्वाँरले बेलायत, अमेरिका, फ्रान्स, जापान हङ्कङ्ग, व्यङ्कक, चीनको भ्रमण गरी केही यात्रावर्णनद्वारा आख्यानात्मक कृति दिन र केही रुपमा भए पनि पूर्वीय हिन्दू संस्कृतिको तुलनामा पाश्चात्य संस्कृतिक एवम् संस्कारको खस्किँदो चरित्रहीन अवस्था बोध गराउनु भएको छ । यसरी देशविदेशको भ्रमणबाट उहाँले धनसम्पत्ति भन्दा सामाजिक, राजनैतिक, धामिर्क र पारिवारिक महत्त्वका विषयमा विश्वका विकसित मानिएका देशभन्दा नैतिक चरित्र र मानवीय सम्बन्धमा नेपाल अग्रणी रहेको चेतना फैलाउनु भएको देखिन्छ ।[३५]

### २.११.२ सम्मान तथा मानपदवी

नेपाली साहित्यका विविध विधामा आफ्नो अविस्मरणीय योगदान दिन सफल नृपबहादुर स्वाँरको 'सेतीको मन्दिर' (२०४२), गोठाले ठिटो (२०५१), स्वाँरको चिनारी (२०४९), कुसुमी २०५५ (उपन्यास), चिनु २०५६ (उपन्यास), कथा-व्याथा २०५९ (उपन्यास), देशभित्र देश बाहिर २०६० (यात्रा संस्मरण), स्वाँर वंशावली भाग एक २०६१, अछाम परिचय -अप्रकाशित) आदि दर्जनौ कृति प्रकाशित गरी आफ्नो ठूलो ख्याति कमाएका कारण २०६० सालमा 'सुदूरपश्चिमाञ्चल साहित्य

[३४] धनञ्जय तिमिल्सिना, **नृपबहादुर स्वाँर स्मृतिग्रन्थ,** पूर्ववत, पृष्ठ १२ ।

[३५] **ऐजन्,** पृष्ठ १४ ।

समाज' कैलालीद्वारा दोसल्ला ओढाइ अभिनन्दन गर्दै सम्मान स्वरुप रु. १०,०००।- (दशहजार) प्रदान गरेको प्रमाणपत्रबाट पनि स्वाँरको विद्वताको परिचय पाइन्छ । यस्तै साहित्यका क्षेत्रमा एक उज्ज्वल ताराका रुपमा उदाउन खोजेका स्वाँरले 'राष्ट्रिय गजल महोत्सव,' धनगढीमा विद्यार्थी साहित्य पुरस्कार २०५७ द्वारा अभिनन्दन गरेको प्रमाणपत्र र लायन्स क्लब धनगढीद्वारा २०५९ सालमा सम्मानित तथा पुरस्कृत हुनु स्वाँरको साहित्यका एवम् सामाजिक प्रतिष्ठानमा निकै उचाई लिएर प्रतिष्ठित भएको पाइन्छ । यसरी साहित्यका विविध पाटामा आफ्नो कलम सक्रियरुपमा दौडाउन सक्षम स्वाँरले विभिन्न लेख रचना गरेर विभिन्न संघ-संस्थाहरूबाट पटक-पटक बेला मौकामा सम्मानित हुँदै आएका साथै पुरस्कार पनि ग्रहण गर्दै आएको पाइन्छ ।[३६]

---

[३६] बलबहादुर स्वाँर, **सामान्य जानकारीबाट** ।

## तेस्रो परिच्छेद

### ३. नृपबहादुर स्वाँरको व्यक्तित्वका विविध पाटाहरू

### ३.१ नृपबहादुर स्वाँरको व्यक्तित्व

प्रत्येक व्यक्तिको व्यक्तित्व निर्माणमा उसको सामाजिक, सांस्कृतिक तथा शैक्षिक पृष्ठभूमिले महत्त्वपूर्ण भूमिका खेल्दछ । स्वाँरमा निहित प्रतिभाको अध्ययन गर्दा र उनले सांस्कृतिक, ऐतिहासिक, सामाजिक तथा राजनैतिक क्षेत्रमा दिइएको योगदानको मूल्याङ्कन गर्दा उनी बहुमुखी प्रतिभाका धनी हुन भन्न सकिन्छ । उनले आफ्नो जीवनमा विविध आरोह अवरोहको सामना गर्नु परेपनि आफ्नो उद्देश्य र विचारबाट कहिल्यै विमुख भएनन् । युवा अवस्थादेखि आफ्नो जीवनको अन्तिम अवस्थासम्म उनले समाजका साथै नेपाली साहित्यका विविध क्षेत्रमा योगदान गर्दै आईरहेका छन् ।[३७]

प्रा.डा. जयराज पन्तले 'नृपबहादुर स्वाँर स्मृतिग्रन्थ' मा तेहिनो दिवसाः गताः अर्थात् 'कठै हाम्रा ती दिनहरू गए' नामक शीर्षकमा नपबहादुर स्वाँरमा निहित बहुमुखी प्रतिभाको टिप्पणी यसरी गरेका छन्-'उहाँसंगको प्रत्यक्ष कुराकानी र उहाँका उपन्यास, कथा, जीवनी, भावुक, मानवतावादी, समाज सुधारक, प्रजातन्त्रप्रेमी, कर्मठ, चिन्तनशील, साहसी र व्यावहारिक व्यक्ति पाएँ ।"[३८] यस उदाहरणबाट स्वाँरको व्यक्तित्वको स्पष्ट पहिचान गराएको देखिन्छ ।

यस्तै बलबहादुर स्वाँरले 'नृपबहादुर स्वाँर स्मृतिग्रन्थ'मा 'अतीतको सम्झना' नामक शीर्षकमा नृपबहादुर स्वाँरको स्वच्छ र निष्पक्ष व्यक्तित्वको बारेमा यसरी टिप्पणी गरेका छन् -"मेरो र उहाँको छलफल साहित्यिक रचना गर्ने हौसाउने किसिमको पनि हुन्थ्यो । जस्तो स्वाँरपरिवारमा एक भन्दा अर्को पराक्रमी पुरुषार्थी, नामी व्यक्तिहरूको जन्म भएको थियो । जस्तो अछाम राज्यको काजी पदवी देखि नेपाल एकीकरण अभियान, भोटको लडाइँ नयाँ मुलुक इत्यादी ऐतिहासिक कार्यमा

---

[३७] अशोक स्वाँर, **अन्तर्वाताबाट** जानकारी ।

[३८] प्रा.डा. जयराज पन्त, तेहिनो दिवसाः गता, **नृपबहादुर स्वाँर स्मृतिग्रन्थ**, धनगढीः सुदूरपश्चिमाञ्चल साहित्य समाज, २०६४, पृष्ठ १०१ ।

संलगन रही विभिन्न पद तथा ओहोदामा बसेका स्वाँरका व्यक्तित्वका बारेमा अनुसन्धान र उनको इतिहासमा अङ्कित हुन सकेन ।" भन्ने प्रसङ्गबाट स्वाँरको व्यक्तित्वका बारेमा कसैले चासो नराखे पनि उनी महान प्रतिभा भएका व्यक्तिकारुपमा स्थापित हुन सक्ने व्यक्तिहुन भन्ने भाव प्रकट भएको पाइन्छ ।[३९]

नृपबहादुर स्वाँरको बहुमुखी व्यक्तित्वलाई देहायअनुसार अध्ययन गर्न सकिन्छः-

१. शारीरिक व्यक्तित्व
२. समाजसुधारक व्यक्तित्व
३. राजनीतिक व्यक्तित्व
४. ऐतिहासिक व्यक्तित्व
५. कवि व्यक्तित्व
६. उन्यासकार व्यक्तित्व
७. निबन्धकार व्यक्तित्व
८. राष्ट्रवादी व्यक्तित्व
९. ययावरीय व्यक्तित्व
१०. बहुभाषाविद्व व्यक्तित्व
११. सम्मान, पुरस्कार र
१२. स्वाँरको जीवन दर्शन

### ३.१.१ शारीरिक व्यक्तित्व

नृपबहादुर स्वाँरको शारीरिक व्यक्तित्व निकै आकर्षक भएको पाइन्छ । अग्लोकद, गहुँगोरो र रसिलो अनुहार सदैब हँसिलो भएको देखिन्छ । उनका पातला नरम केश, चौडा ललाट भएको शिर, सरल, गम्भीर स्वाभावयुक्त शान्त प्रकृतिको रहेको पाइन्छ । उनले सधैं दौरा सुरुवाल, लगाएको पाइन्छ भने कुनै सामाजिक कार्य, सभासदमा जाँदा कोट, कोटभित्र इष्टकोट, टाइ, पाइन्ट, जुत्ता मोजा पहिरहुनका साथै टाउकोमा पालपाली टोपी लगाउने गरेको देखिन्छ । उनी नम्र तरिकाले विस्तारै सरलभाषामा बोल्दा अलि हेरविचार गरेर मात्र बोल्ने र कुनै पनि

[३९] बलबहादुर स्वाँर, अतितको सम्झना, **नृपबहादुर स्वाँर स्मृतिग्रन्थ,** धनगढीः सुदूरपश्चिमाञ्चल, २०६४, पृष्ठ १०१ ।

विषयमा बोल्दा सबै परिस्थितिलाई ध्यानमा राखेर मात्र बोल्नु उनको आफ्नै विशेषता रहेको पाइन्छ ।

स्वाँर सानै उमेरदेखि पैदल हिंडेर कैयौं कोशको यात्रा गर्दा पनि नथाक्ने र सामाजिक हित सम्बन्धी कुराहरू सुनाएर पैदल हिँड्न जाँगर दिलाउने गरेको पाइन्छ । धार्मिक सामाजिक, राजनैतिक र दार्शनिक चिन्तनमा संलग्न रहन साथै यस्ता कुराहरूमा विशेष अभिरुचि राख्नु उनको स्वभाव रहेको पाइन्छ । उनीमा व्यक्तिगत चाहनाको पूर्तिका निम्तिभन्दा सामूहिक आवश्यकताको पूर्ति गर्नमा विशेष जोड दिने प्रवृत्ति रहेको देखिन्छ । सम्पर्क बढ्दै जाँदा उनी जस्तोसुकै व्यक्ति वा सानो बालकदेखि वृद्ध व्यक्तिसंग निकै खुल्ला हृदयका साथ कोमल प्रकृतिको अनुभूति प्रदान गर्ने गरेको पाइन्छ ।[४०]

## ३.१.२ समाजसुधारक व्यक्तित्व

नृपबहादुर स्वाँरले समाजका प्रत्येक क्रियाकलापसंग प्रत्यक्ष अप्रत्यक्ष रुपमा सम्बन्ध गर्दै वा सहकार्य गर्दै आएको देखिन्छ । समाजसुधारका रुपमा स्वाँरले समाजमा विद्यमान रुढिग्रस्त, अन्धपरम्परा, सामाजिक कुरीति, सामाजिक भ्रष्ट शोषण दमन अन्यय-अत्यचार आदि परम्पराको विरोध गर्दै स्वच्छ, निष्पक्ष र नमुना समाजको कल्पना गर्दै त्यसतर्फ आफू दत्तचित्त भई अगाडि बढेको साथै नयाँ र राम्रो समाजको परिकल्पना गर्दै आफ्नो जीवनको धेरैजसो समय समाजसुधारमा खर्च गरेको पाइन्छ । उनको राम्रो समाजको परिकल्पनामा समाजमा विभिन्न अभियान, कार्य, संघ-संस्थाको स्थापना गरी समाजका हरेक व्यक्तिलाई सामाजिक चेतना फैलाउने काम गरेको देखिन्छ । त्यस्तै धार्मिक सामाजिक, सांस्कृतिक क्रियाकलापद्वारा सामाजिक उन्नति गर्नुपर्दछ भन्ने उनको धारणा रहेको पाइन्छ ।

सामाजिक निर्माणकै पाटोलाई निष्पक्ष दृष्टिले हेर्दा स्वाँरले वि.सं. २०१८ सालदेखि २०३० सालसम्मको जनप्रतिनिधि (माननीय) को कार्यकालमा धेरै सामाजिक महत्त्वका कार्यहरू गरेको पाइन्छ, जस्तै- अछाम-डोरी मोटरबाटोको सर्भे गराई निर्माणकार्यको थालनी गरेको, साँफे बुढीगङ्गामाथि झुलङ्गेपुलको निर्माण, खानेपानीका हिसाबले अछाम जस्तो विकट जिल्लामा उनकै पालादेखि पहिलोपटक

---

[४०] बलबहादुर स्वाँर, **सामान्य जानकारीबाट** प्राप्त ।

अछामजिल्लाका केही ठाउँ जस्तो-बयालपाटा, रिडीकोट आदि ठाउँका खानेपानी योजना संचालन गरेको देखिन्छ । यस्तै अछाम जिल्लाको सबैभन्दा पुरानो महेन्द्र हाइस्कूल बयलपाटा भनवको निर्माण, अछाम-हिच्मा घोडेटो बाटो र हिच्मा प्राथमिक विद्यालयको निर्माण कार्य गरेको स्पष्ट देखिन्छ ।

वि.सं. २०३० सालपछिको राजनैतिक सन्यासमा स्वाँरको कैलाली जिल्लाको चुहा गा.वि.स.मा बसाइसराइ पछि त्यस ठाउँमा पनि धेरै सामाजिक कार्य गरेको पाइन्छ । वि.सं. २०३२ देखि २०४५ सालसम्म स्वाँरले कैलाली जिल्लाको चुहा गा.वि.स. बाहेक, प्रतापुर, दोधारा, कोटातुलसीपुर आदि गा.वि.स.हरूमा आफू स्वयंसेवक बनी पिउने पानीका लागि पहाड, ग्रामीण किसनाका महिला र बालबालिकाहरूका आँखा उघार्ने साक्षरता अभियान शिशुस्याहार एवम् प्राथमिक स्वास्थ्य उपचार आदि विविध ग्रामीण विकास र जनसेवामूलक योजनाहरू सञ्चालन गरी आफ्नो सामाजिक व्यक्तित्वलाई झल्काउने काम गरेको पाइन्छ ।[४१]

### ३.१.३ राजनैतिक व्यक्तित्व

नृपबहादुर स्वाँर वि.सं. २००४ सालमा डोटी गौंडाको डिट्टामा रही सेवागरेको र २००६ साल देखि २०११ सालसम्म शिक्षा सहायक निरीक्षक भई शैक्षिक सरकारी सेवामा स्थायी जागिरे भए पछि वि.सं. २०१२ सालबाट राजनैतिक क्षेत्रमा प्रवेश गरेको पाइन्छ । राजनैतिक क्षेत्रमा प्रवेश गरेपछि उनले देश र जनताको हितहुने काम गरेको उनकै राजनैतिक समयावधिलाई हेर्दा स्पष्ट बुझिन्छ ।

आफ्नो जीविकोपार्जनको स्थायी जागिरलाई चटक्कै छोडेर वि.सं. २०१२ सालमा संयुक्त प्रजातन्त्रपार्टीका सक्रिय कार्यकर्ता बनेर देश र जनताको सेवामा तल्लीन रहेका पाइन्छन् । वि.सं २०१७ सालको प्रजातन्त्र संहरणको शाही निरङ्कुश कदमलाई स्वीकारेर २०१८ सालमा खप्तड चुनावी क्षेत्रबाट देशको सर्वोच्त विधायिकामा पदार्पण गर्न पुगेको पाइन्छ । २०१७ सालको शाही निरङ्कुशतालाई समर्थन गर्ने बुद्धिजीवीहरूको भेला काठमाडौंमा भएको र त्यस भेलाले तत्कालीन खप्तड चुनावी क्षेत्रबाट अछाम जिल्ला प्रतिनिधिका रुपमा तदर्थ रा.पं.स. मा

---

[४१] ऐजन् ।

निर्वाचित भएको पाइन्छ, पछि २०१९ साल देखि २०३० सालसम्मको १८ वर्षे राजनैतिक कार्यकालमा कति उत्थान र पतनका घटनाहरू घटे, केही परिवर्तनका महत्त्वपूर्ण गोरेटाहरू बदलिए त्यस्तो अवस्थामा पनि पक्षविपक्षका दाउपेचहरू चलेहोलन तर स्वाँरले त्यस्तो तुच्छ, स्वार्थी प्रलोभनको राजनैतिमा सरिक भएको पाइँदैन् । यस समयमा स्वाँरले विश्वका विभिन्न देशमा भ्रमण गर्ने अवसर पाए पनि उनले आफ्नो व्यक्तिगत स्वर्थलाई विर्सेर देशको निम्ति तद्रुपताका साथ अगाडि बढी राष्ट्रको सेवामा तल्लीन रहेको पाइन्छ । यसबाट स्वाँरको राजनैतिक व्यक्तित्व निकै झल्किएको पाइन्छ ।[४२]

### ३.१.४ ऐतिहासिक व्यक्तित्व

नृपबहादुर स्वाँर नेपालको ऐतिहासिक अनुसन्धानका क्षेत्रमा त्यति संलग्न विशिष्ट विद्वान्, कर्मठ, राष्ट्रवादी र उच्चकोटिका साधक नभए पनि ऐतिहासिक चासो भने रहेको पाइन्छ । इतिहास सम्बन्धी विभिन्न खोज अनुसन्धानतर्फ के कति अभिरुचि थियो भन्ने कुरालाई स्पष्ट पार्न स्वाँरको 'स्वाँर वंशावली भाग एक' र 'भाग दुई' कृति प्रकाशितबाट प्रमाणित हुन्छ र यी कृतिहरूबाट उनको ऐतिहासिक व्यक्तित्व झल्केको पाइन्छ । नृपबहादुर स्वाँरको ऐतिहासिक योगदान कति सम्म रहेको थियो भन्ने कुरा उनकै वि.स. २०४९ सालमा प्रकाशित 'स्वाँरको चिनारी' कृतिमार्फत उनकै अभिव्यक्तिबाट स्पष्ट हुन आउँछ । "एघारौ शताब्दी तिरको कुरा हो तुक सुल्तानहरूले भारतको पश्चिममा सोमनाथदेखि लिएर पूर्वमा कन्नेजसम्म हमला गर्ने मठमन्दिर ध्वस्त पार्ने, देवस्थल लुटने  र त्यस कार्यको  विरोध गर्ने पुजारी महत्व आदि हिन्दू धर्मावलम्बीहरूलाई मारपिट गर्न थालेकाले त्यही समयमा हालको नेपाल अधिराज्यमा बाईसे-चौबीसे भुरे राजाहरूले विभिन्न गाउँठाउँ ओगटी सानासाना राज्यहरूको स्थापना गरी राखेका थिए ।" भन्ने प्रसङ्गबाट पनि उनको इतिहाससससम्बन्धी खोज अनुसन्धान गर्ने चासो निकै थियो भन्ने पाइन्छ ।

स्वाँरले वि.सं. २०४९ सालमा प्रकाशित स्वाँरचिनारी कृतिमा आफ्नो कठोर खोजबाट स्वाँरको नालीबेलीलाई केलाउने काम गरेका छन् । यस्तै 'स्वाँर वंशावली' भाग एक २०६१ मा वि.स. १०८० देखि वि.सं. २०६० सम्मको कौशिक गोत्रीय

[४२] ऐजन् ।

हंसराज भट्टनामक ब्राह्मण भारतको कनौजबाट आएर सिजा अधिनस्थ राज्य अछामको ढुङ्गेनी भन्ने गाउँमा बसोबास गरेसम्मको प्रशंङ्गलाई देखाउने काम गरेका छन् ।

"सर्वप्रथम त मानिसको लागि म कुन वंशको हुँ, मेरो धर्म परम्परा के हो भन्ने कुराको ज्ञान हुनु अतिनै जरुरी हुन आउँछ ।" भन्ने स्वाँरले आफ्नो वंश परमपरा, धर्म आदि स्वाँर वंशावली भाग १ र २ मा आफ्नो कठोर तपस्यबाट स्पष्टसंग खुलाएको पाइन्छ । यसबाट पनि स्वाँरको इतिहासतर्फ कत्तिको योगदान थियो भन्ने थाहा पाइन्छ । स्वाँरले आफ्नो वंशपरम्परालाई प्रष्टपार्न 'स्वाँर वंशावली'मा स्वाँर को के हुन्? यिनीहरूको चिनारी के हो? पहिचान के हो? स्वाँर भन्ने थर कहाँबाट, कुन आधारमा कहिलेदेखि रह्यो भन्ने जिज्ञासा मेटाउन सत्य र तथ्यकै आधारमा स्वाँर वंशको वास्तविक इतिहासको खोजविनका लागि उनले वि.स. १०५७ देखि १०८५ बीचको भारतको राजनैतिक, धार्मिक र सामाजिक इतिहासलाई आधार बनाई हंसराम भट्टदेखि हालसम्मका नेपालमा छरिएर बसेका सम्पूर्ण स्वाँर जतिहरूको नालीबेली केलाउने काम गरेबाट पनि स्वाँरको ऐतिहासिक व्यक्तित्वलाई स्पष्ट बुझ्न सकिन्छ ।[४३]

## ३.१.५ कवि व्यक्तित्व

नृपबहादुर स्वाँर नेपाली साहित्यका प्रसिद्ध कविहरू मध्येका लेखनाथ पौडयाल, महाकवि लक्ष्मीप्रसाद देवकोटाका कृतिहरूबाट प्रभावित भएर तिनका केही भाषाशैली, रचना विधिलाई वरण गर्दै नेपाली कविताका क्षेत्रमा प्रवेश गरेको पाइन्छ । साहित्यका विविधपाटामा कलम चलाउने स्वाँरको योगदान कविताका क्षेत्रमा कम छैन् । उनले कविताका क्षेत्रमा तल्लीन भई धेरै भन्दा धेरै आफ्ना भावनालाई पोख्ने काम गरेका छन् । यस्तै आफ्ना कविताहरूमा उनले प्रकृति, मानव, समाज, धर्म, संस्कृति आदिलाई मुख्य विषयवस्तु बनाएर रचनाहरू रच्नेकाम गरेको देखिन्छ । स्वाँरको कविता विधा अन्तर्गत पर्ने गजल, छोटा कविता, लामो कविताका साथै खण्डकाव्य सम्मको रचना गरी नेपाली साहित्यलाई निकै धनी तुल्याउने काम गरेका छन्, यसबाट स्वाँरको कवि व्यक्तित्व निकै झल्केको पाइन्छ ।

[४३] नृपबहादुर स्वाँर, **स्वाँर वंशावली भाग एक**, काठमाडौंः स्वाँर सेवा समिति २०६०, पृष्ठ ३३ ।

नृपबहादुर स्वाँरले विद्यार्थी जीवनदेखि नै नेपाली भाषामा कविता रच्ने गरेको पाइन्छ । उनले वि.स. २०१७/१८ तिरबाट गजल, कविता रचेको पाइए तापनि प्रकाशका दृष्टिले २०४२ सालमा सेतीको मन्दिर नामक खण्डकाव्य र फुटकर कविताका साथ कवितासंग्रहका रुपमा प्रकाशित गरेको पाइन्छ । यस्तै वि.स. २०५१ सालमा गोठाले ठिटो नामक गीति खण्डकाव्य कृतिको प्रकाशन भएको छ तर त्यस कृतिको रचना भने २०२०/२१ तिर भएको थियो भन्नेकुरा उहाँकै सहोदर काका बलबहादुर स्वाँरको भनाई पाइन्छ ।

हाल उपलब्ध स्वाँरका यी पुस्तककारका रुपमा प्रकाशितकाव्यहरू ‘सेतीको मन्दिर (२०४२) र ‘गोठाले ठिटो’ (२०५१) मौलिक रचनाका रुपमा रहेका छन् । यी मौलिक रचनाहरू मध्ये सेतीको मन्दिर शार्दूलविक्रिडित छन्दमा र अनुष्टुप छन्दमा रचिएको पाइन्छ भने ‘गोठाले ठिटो’ लोकलय वा झ्याउरे छन्दमा रचिएको पाइन्छ । केही पुटकर कविताहरू भ्ने विभिन्न विषय लिएर विभिन्न छन्दमा रचिएका पाइन्छ । यसबाट के स्पष्ट हुन्छ, भने स्वाँरको काव्यविधामा के कस्तो चासो थियो, उनको योगदान कतिसम्म रहेको, थियो यसबाट उनले आफ्नो कविव्यक्तित्वलाई कसरी नेपाली साहित्य जगतलाई देखाउनेकाम गरेकाछन् भन्ने कुरा थाहा पाइन्छ । साथै उनको कवि व्यक्तित्व पनि निकै झल्किएको पाइन्छ ।

साहित्यका अन्यविधाहरू, कथा, नाटकहरूमा उनको कलम चलेको पाइँदैन् । कविता, उपन्यास, निबन्ध विधामा भने उनले आफ्नो कलमलाई दगुराई रहेको देखिन्छ । “काव्य कोरा कल्पना  होइन, यो एक वृहत् सिद्धान्त हो, दुःख, शोक, ताप सन्तापले पीडित मानवलाई विश्रन्ति दिने कलात्मक उपाय हो” भन्ने भनाईलाई वरण गर्दै आफ्ना कविताहरू परिस्कृत र शास्त्रीय शैलीमा सिर्जना गर्दै रचनामा सामाजिक, आर्थिक विषमता, धामिर्क-सांस्कृतिक र प्रकृतिलाई मुख्य विषयवस्तु बनाएर मानवका अभिव्यक्तिहरूलाई जीवन्त बनाउनेकाम गरेको पाइन्छ । उनका केही कविताहरू धार्मिक, केही मायाप्रीति केही सांस्कृतिक, केही विछोडका पीडाले व्याकुल बन्ने जस्ता भावनाहरूले ओतप्रोत भएर लेखिएका पाइन्छन् । देश विकासमा कर्मठ युवा-युवतीहरूलाई जागरुक गराउनु उनको कविताहरूको मूल

प्राप्ति हो । उनका धेरै जसो कविताहरू छन्दमा छन् भने गद्य कविताका रुपमा 'देव हो कि तँ दानव !' र 'ए जीउँदो मानिस!' नामक रचना पाइन्छन् ।[४४]

### ३.१.६ उपन्यासकार व्यक्तित्व

नृपबहादुर स्वाँर नेपाली साहित्यको विविध विधामा आफ्नो अस्मरणीय योगदान दिंदै आइरहेका एक विशिष्ट साहित्यकारका रुपमा देखापरेका साहित्यकार मानिन्छन् । उनले जतिको नेपाली साहित्यको काव्य विधामा आफ्नो कलम चलाउन सफल भएका छन् त्यतिकै नेपाली साहित्यको आख्यान विधा अन्तर्गत पर्ने उपन्यास क्षेत्रमा पनि आफ्नो महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । यसबाट पनि स्वाँरको उपन्यासकार व्यक्तित्वलाई मूल्याङ्कन गर्न सकिन्छ । आफ्नो औपन्यासिक व्यक्तित्व हासिल गर्न सफल स्वाँरले नेपाली साहित्यलाई 'कुसुमी' (२०५५) चिनु (२०५६) र कथा-व्यथा (२०५९) उपन्यास पुस्तककारका रुपमा प्रकाशित गरी निकै धनी बनाएको पाइन्छ । यी कृतिहरूको अध्ययन विश्लेषणबाट स्वाँरको औपन्यासिक व्यक्तित्व निकै झल्किएको पाइन्छ ।

आफ्ना प्रकाशित कृतिहरूमा स्वाँरले औपन्यासिक क्षेत्रमा प्रयोग गरिने विभिन्न भाषा शैलीको राम्रो ढंगले प्रयोग गरेको पाइन्छ । औपन्यासिक सिद्धान्तलाई सही ढंगले प्रयोग गरी उपन्यासको रचना गर्न सफल स्वाँरका उपन्यासहरू निकै स्तरीय देखिन्छ । यस्ता स्तरीय औपन्यासिक कृतिको प्रकाशनबाट उनको औपन्यासिक व्यक्तित्वको मूल्याङ्कन गर्न निकै सजिलो भएको पाइन्छ । जीवनको सम्पूर्ण पक्षलाई उद्घोष गर्दै आख्यान विधाको सबैभन्दा ठूलो रुप मानिने उपन्यास विधामा स्वाँरले सामाजिक, ऐतिहासिक, सांस्कृतिक रीतिरिवाज आदि विषयलाई प्रयोग गरी उपन्यासको रचना गरेका छन् । सामाजिक यथार्थवादका रुपमा यस क्षेत्रमा देखा परेका नृपबहादर स्वाँरले समाजमा विद्यमान रुढिग्रस्त परम्परा, सामन्ती संस्कार आदिको जरो उखेल्ने काम गरेको पाइन्छ ।

आफ्नो प्रतिभा पद्यमा मात्र सीमित नभई गद्यमा समेत छचल्किन खोजेको आभास पाएर उहाँले यस क्षेत्रमा प्रवेश गरेको पाइन्छ र आख्यान-विधामा तीन उपन्यासको रचना गर्नु भयो जसमध्ये 'कुसुमी' चिनु र कथा-व्यथा रहेका छन् ।

[४४] नृपबहादुर स्वाँर, **सेतीको मन्दिर**, काठमाडौं : शारदा प्रिनिटङ्ग प्रेस, २०४२, पृष्ठ ५५-६२ ।

प्रस्तुत कुसुमी (२०५५) उपन्यासमा उपन्यासकार स्वाँरले सामाजिक विषयलाई लिएर आउनुभएको पाइन्छ, साथै प्रेमको समस्यको विवेचना गरेको पाइन्छ । यसमा स्वयम् स्वाँरको भनाई यो रहेको छ कि "सुदूरपश्चिमी नेपाल पुराना रुढिहरूबाट मुक्त हुन सकेको छैन तापनि यो केवल रुढिग्रस्त जीवन शैली अपनाएर आधुनिक बोधबाट  नितान्त विमुख छ भन्ने कुरा होइन । साँचो कुरा के हो भने शिक्षा, स्वास्थ्य संचार आदिको कमीले पिछडिन गए पनि यहाँ नयाँ वर्ग उदित हुँदै छ र सामन्तवादी, हैकमवादी, पुरानो जराजीर्ण रीति र प्रथालाई तोडेर मानवतावादी संस्कृतिको भूमिकाको निर्माणमा अग्रसर हुँदैछ, भन्ने अभिव्यक्तिबाट पनि स्वाँरको औपन्यासिक व्यक्तित्वको पूर्ण परिचय पाउन  सकिन्छ ।

यस्तै चिनु (२०५६) उपन्यासमा सामाजिक संस्कार हैकमवादी संस्कारका साथै सामन्तवादको परिचय दिन सफल स्वाँरको अर्को अन्तिम उपन्यास कथा-व्यथा (२०५९) मा दलित पीडित र शोषित महिलाको भित्री भावनालाई बुझेर त्यस्ता महिलाहरूको समानगर्न भोग्नुपरेको यथार्थ र वास्तविक पीडा वा विवशतालई उजागरण गर्ने काम गरेका छन्, यसबाट उपन्यासकार स्वाँरको वास्तविक औपन्यासिक व्यक्तित्वको मूल्याङ्कन गर्न सकिन्छ ।

### ३.१.७ निबन्धकार व्यक्तित्व

"जीवनका विभिन्न पाटाहरूमा मैले देखेका, सुनेका र भोगका विषयवस्तुहरू जे-जति मेरा स्मृतिका स्नायुहरूमा बल्झिएर रहेका थिए तिनैलाई जगाएर सुल्झाएर सँगालेर केवल लिपिबद्ध गरेको मात्र हुँ ।" भन्ने साहित्यकार स्वाँरको नेपाली साहित्यको कविता र उपन्यास क्षेत्रमा मात्र आफ्नो कलम चलाएनन्, केवल नेपाली साहित्यकै नौलो विधा मानिने निबन्ध विधामा पनि आफ्नो अस्मरणीय योगदान दिएको पाइन्छ । माथिको अभिव्यक्तिबाट के बुझिन्छ भने नेपाली साहित्यका एक भरखर उदाएका उज्ज्वल ताराका रुपमा स्थापित हुन पुगेका स्वाँर आफ्नो जीवनमा भोगका, देखेका कुारहरूको विषयलाई लिएर नेपाली साहित्यको निबन्ध विधाको यात्रा-संस्मरणमा आफ्नो महत्वपूर्ण भूमिका रहेको पहिचान गराउने काम गरेको पाइन्छ ।

राजनीति र साहित्यमा समान रुपले सक्रिय रहने नेपालका थुप्रै व्यक्तिहरूमध्येका स्वाँर (१९८३-२०६२) पनि एक महान् व्यक्तित्व भित्रका एक व्यक्तिहुन् । उनले राजनीति  क्षेत्रमा जत्तिको आफ्नो भूमिका निर्वाह गरेका छन् त्यस्तै साहित्यका विविध विधामा पनि आफ्नो अस्मरणीय योगदानमा आफ्नो व्यक्तित्वको पूर्ण परिचय दिन सफल स्वाँरले देशभित्र-देशबाहिर जस्तो निबन्ध संग्रहको प्रकाशन गर्न पुगेको पाइन्छ । देशभित्र-देशबाहिर (२०६०) नृपबहादुर स्वाँरको सबैभन्दा पछिल्लो समयमा प्रकाशित भएको ग्रन्थ हो । वि.सं. २०६० मा प्रकाशित यस कृतिमा स्वाँरले आफ्नो बाल्यकालदेखि प्रौढाअवस्थासम्म देशभित्र र देशबाहिर रहँदा देखेका, भोगेका र अनुभव गरेका घटनातथा विषयहरूलाई संस्मरणात्मक स्वरुप दिएर आफ्नो निबन्धात्मक व्यक्तित्वलाई झल्काउने काम गरेको पाइन्छ । देशभित्र निबन्धात्मक खण्ड अन्तर्गत आठवटा र देशबाहिर खण्डमा बाह्रवटा निबन्ध गरी जम्मा वीस निबन्धहरूको संग्रह प्रकाशित गरी आफ्नो पूर्ण व्यक्तित्वको परिचय दिनेकाम गरेका छन् ।[४५]

### ३.१.८ राष्ट्रवादी व्यक्तित्व

नृपबहादुर स्वाँरका प्रत्येक क्रियाकलापहरू राष्ट्रिय भावनाले ओतप्रोत भएको पाइन्छ । आफ्नो अध्ययनकाल देखि नै उनी राष्ट्रिय भावना बोक्दै राष्ट्रको हित चाहने व्यक्तित्वको रुपमा पाइन्छ । यस्तै उनले देशबाहिर र देशभित्रका राजनीतिज्ञहरूसंग नजिक रहेर आफू भित्रको राष्ट्रिय भावनालाई विकशित गर्ने अवसर प्राप्त गरेको पाइन्छ । स्वाँरले तत्कालीन राणाशासनप्रतिको आफ्नो असहमति राजनैतिक शैलीमा व्यक्त नगरी प्राज्ञिक ढंगबाट प्रर्दशन गर्दै आएको पाइन्छ । देशभक्त र राष्ट्रियभावनाका सूत्रधार स्वाँरले नेपालको कुनाकुनामा भ्रमण गरेर राष्ट्रियभावनाको प्रचार प्रसार गरेको पाइन्छ । उनी राष्ट्रको संस्कृतिक इतिहासप्रति नतमस्तक रहेका पाइन्छन् । उनको कार्यप्रणालीमा राष्ट्रियताको स्वरुप झल्किएको पाइन्छ । राष्ट्रिय भावनाले ओतप्रोत उनको एउटा कविताांश प्रस्तुत गर्नु प्रासङ्गिक देखिन्छ ।

हामी सन्तति हौ यही मुलुकका नेपाल हाम्रो घर ।

---

[४५] नृपबहादुर स्वाँर, **देशभित्र-देशबाहिर,** धनगढी : सुदूरपश्चिमाञ्चल साहित्य समाज, २०६० ।

हिन्दू राष्ट्र बनी रह्यो जगतमा यौटै छ यो गौरब ॥

गौरबमा पनि गौरबी बनि दिए नेपालनै नामले ।

उच्चा ध्वज छ सूर्य चन्द्र जसको फ-हराउला सानले ॥

("नेपालीकै नाम हो" सेतीको मन्दिर कवितासंग्रहबाट साभार)

नेपाली जातिको अस्तित्व जोगाउनका लागि उनले विभिन्न काव्य कृतिका माध्यमबाट खुल्ला रुपमा आह्वान गरिरहेका देखिन्छन् राष्ट्रिय चिन्ह र राष्ट्रिय विभूतिहरूको कदर गर्ने, राष्ट्रिय पोशाक पहिरनमा जोड दिने कार्यमा सदैव स्वाँरको ध्येय रहेको पाइन्छ । राष्ट्रियताको निष्पक्षलाई उच्च ठान्ने स्वाँरले संकुचित र सीमित विचार त्यागेको पाइन्छ ।

स्वाँरका कवितामा पनि राष्ट्रियताको सुवास आउँछ । वि.स. २०४२ मा प्रकाशित सेतीको मन्दिर कविता संग्रहमा केही यस्ता राष्ट्रियभावना बोकेका कविताहरूको संकलित रहेको पाइन्छ । जस्तै "नेपालकै नाम हो," 'के ठूलो के सानो', 'प्रभात', 'ए जिउँदो मानिस', र 'सात गते फागुन' आदि कविता यसका ज्वलन्त उदाहरण हुन । विभिन्न जाति र थरका वंशावलीहरू लेखेर नेपालीहरूको वंशपरम्परा अगामी पुस्तालाई परिचित गराउनु पनि उनको ठूलो योगदान हो ।

राजनीतिक क्षेत्रमा पनि उनले जनताका पक्षमा आवाज निकालेको पाइन्छ । उनले यस क्षेत्रमा वि.सं. २०१२ देखि २०३० सालसम्म राष्ट्रकै हितमा तल्लिनरही काम गरेको पाइन्छ । यसरी उनी राष्ट्र र राष्ट्रियता जोगाउनका निम्ति विविध क्रियाकलापहरू मार्फत क्रियाशील रहँदै आइरहेको पाइन्छ । यसबाट उनले आफ्नो राष्ट्रभक्ति व्यक्तित्वको पूर्णरुपमा परिचय दिने काम गरेका देखिन्छ ।[४६]

### ३.१.९ यायावरीय व्यक्तित्व

नृपबहादुर स्वाँरले आफ्नो युवाअवस्थादेखि नै घुम्ने अवसर पाएको देखिन्छ । उनी सात वर्षको उमेरमा पिता लप्टन पदमबहादुर स्वाँर तिब्बतमा वाणिज्यदूत भई बसेका अवस्थामा कुतीको बाटो भई डिगर्चा सम्मको यात्रा गरेको पाइन्छ । यस्तै उनले आफ्नो जीवनकालमा नेपालको मेची देखि महाकाली सम्मका भू-भाग

[४६] नृपबहादुर स्वाँर, **सेतीको मन्दिर**, पूर्ववत पृष्ठ ७५ ।

लगायत भारतका प्रायःजसो प्रदेशहरूमा घुमफिर गरिसकेका पाइन्छन् । उनले हालसम्म नेपालका कुना कन्दरा लगायत राजनैतिक जीवनमा भारत, बेलायत, जापान, हङ्कङ्ग, ब्याङ्कक चीन र अमेरिकाको भ्रमण गरिसकेको पाइन्छ । यसरी विभिन्न देशको भ्रमण गरेका स्वाँरलाई पर्यटकको संज्ञा पनि दिन सकिन्छ । उनी आफूलाई विशेष यात्रीको रुपमा चिनाउन चाहन्छन् र त्यो यथार्थ पनि हो । यसबाट उनको यायावरीय व्यक्तित्वको पूर्ण परिचय पाइन्छ ।

उनको पर्यटनको उद्देश्य मानव जीवनको  वास्ताविक यथार्थलाई प्रत्यक्ष अवलोकन गर्दै अनुभव संगाल्नु, आफ्नो  राष्ट्रसंगको अन्तराष्ट्रिय मैत्री सम्बन्धलाई बलियो पार्नु, साथै त्यसबारे केही लेख्नु अनि ती रचनाहरूको प्रकाशन गर्नु रहेको पाइन्छ । यसका अतिरिक्त उनले आफ्नो जीवनको धेरै जसो समय ऐतिहासिक खोज र अनुसन्धानमा व्यतीत गरेको पाइन्छ । यस्तै स्वाँरको नियात्रावर्णनमा व्यक्त भएको भावोद्‌गार उदृत गर्दै जाँदा र त्यसको व्याख्या गर्दै जाँदा निकै विस्तारित आख्यान बन्न सक्छ जुन उनको आफ्नो यात्राजीवनबाट अनुभव संगालिएको कृति देशभित्र देशबाहिर (२०६०) बाट यथार्थ प्रमाणित हुन्छ । यस्तै उहाँको विदेश यात्रावर्णनको प्रसङ्गलाई यही विश्राम दिएर देशवर्णनका कुरातिर जाँदा कालीको तिरैतीर र कर्णालीको तिरैतीर आदिमा देशको अविकसित अवस्थाको दशा दर्शाउन सक्षम स्वाँरको देशभित्र-देशबाहिर (२०६०) मा व्यक्त भावना निकै ग्राहय तथा संवेदनशील भएको पाइन्छ ।

उनको अर्को उद्देश्य आफ्नो जीवनकालको विदेश भ्रमण व्यक्तिगतमार्ग नभई एउटा नेपालीको वा हिन्दू जगतकै उच्च आदर्श दर्साउने खालको रहेको साथै आख्यानमा आफ्नो आर्दश, धर्म र संस्कृति महान् छ भन्ने खालको प्रभाव अन्तर्राष्ट्रिय जगतका उच्चकोटिका व्यक्तित्वमा पार्नु रहेको पाइन्छ । देशभित्रकै यात्रा प्रसङ्गमा पनि 'भूस्वर्ग खप्तड' मा व्यक्त नेपालको अनुपम प्राकृतिक सौन्दर्य वर्णनले विदेशी पर्यटकलाई समेत लोभ्याउने रुपमा एउटा स्थान परिचय प्रस्तुत गरी पाठक समक्ष आफ्नो सिर्जनात्मक कलमको कलाकारिता प्रदर्शित गरेबाट स्वाँरको यायावरीय व्यक्तित्वको परिचय पाइन्छ ।

### ३.१.१० बहुभाषाविद्ध व्यक्तित्व

नृपबहादुर स्वाँरको मातृभाषा नेपाली हो उनी मातृभाषामा लेख्न र पढ्न निकै सिपालु देखिनछन् । उनले आफ्नो मातृभाषा नेपालीमा अक्षरराम्भ गरेपछि सानैमा दरबारहाइस्कूल काठमाडौंमा भर्ना भए र त्यहाँ अंग्रजी शिक्षाको पनि ज्ञान हासिल गर्न सफल भएको पाइन्छ । त्यसकारण सानैमा अंग्रजी शिक्षा पढ्न थालेका स्वाँरको अंग्रेजी भाषा त्यति नराम्रो थियो भन्न मिल्दैन् । त्यसताका शिक्षा पद्धतिमा केही संस्कृत शिक्षा पनि पढ्न पर्ने हुन्थो त्यसर्थ स्वाँरले अलिकति संस्कृत शिक्षाको ज्ञान हासिल गरेको पनि पाइन्छ । प्रत्येक कार्यहरूमा नेपालको भारतसँगको मैत्रिक सम्बन्ध भई रहने र भारतमा आवतजावत गरिरहेको हुँदा स्वाँरले हिन्दी भाषाको पनि राम्रो ज्ञान हासिल गरेको पाइन्छ । यसबाट स्वाँरको बहुभाषाविद व्यक्तित्व भल्किएको पाइन्छ ।

विद्यार्थी जीवनदेखि विभिन्न भाषामा चाख राख्ने स्वाँरले नेपाल भित्रै बोलिने विभिन्न भाषिकाको राम्रो ज्ञान भएको पाइन्छ । सुदूरपश्चिमाञ्चलमा बोलिने आछामी, डोटेली, बभाङ्गी, बैतडेली, डढेल्दुराली आदि भाषिकाको पनि राम्रो ज्ञान भएको पाइन्छ । सुदूरपश्चिमकै कैलाली जिल्लामा आफ्नो जीवनको धेरै जसो समय बिताएका स्वाँरमा थारुभाषाको राम्रो ज्ञान भएको बुभिन्छ ।

संक्षेपमा स्वाँर नेपाली, हिन्दी, अंग्रेजी भाषामा धारवाहिक रुपमा लेख्न र बोल्न सक्षम रहेका पाइन्छन् भने संस्कृत गुजराती, भोजपुरी भाषामा समान्य वार्तालाप गर्न सक्ने गरेको पाइन्छ । साथै नेपालका विभिन्न ठाउँमा बोलिने भाषिकाको पनि राम्रो ज्ञान भएको पाइन्छ । त्यसकारण नृपबहादुर स्वाँरको बहुभाषाविद व्यक्तित्वको राम्रो पहिचन गराउन सकिन्छ ।

### ३.१.११ सम्मान पुरस्कार

सानै उमेरदेखि तीक्ष्ण बुद्धि भएका नपबहादुर स्वाँर पठनपाठनप्रतिको सफलता र सामाजिक, राजनैतिक, क्षेत्रमा गरेको सेवा क्षेत्रबाट प्रशंसित र पुरस्कृत भएका पाइन्छन् । 'हुने विरुवाको चिल्लो पात' भने जस्तै विद्यार्थी अवस्था देखि नै उनले आफ्नो क्षमता र प्रतिभाको प्रदर्शन गर्दै पुरस्कृत र सम्मानित हुँदै आइरहेको

पाइन्छ । उनले पहिलो पटक  विद्यालय स्तरको हाजिरी जवाफ प्रतियोगितामा प्रथम स्थान प्राप्त गरी केही पुरस्कार हासिल गरेको पाइन्छ ।

यसैगरी वि.सं. २०५६ सालमा 'लायन्स क्लव' धनगढीद्वारा अभिनन्दन गरेको प्रमाणपत्र तथा साहित्यका विविध फाँटमा आफ्नो दख्खल हासिल गरेको र सामाजिक सेवामा दत्तचित्त भई आफ्नो जीवनको धेरै समय खर्च गरे वापत द रेयुकाई धनगढीद्वारा २०५९ सालमा सम्मानित  तथा पुरस्कृत गरिएको पाइन्छ । यस्तै नृपबहादुर स्वाँरले 'सेतीको मन्दिर' 'गोठाले ठिट्टो' स्वाँरको चिनारी 'कुसुमी' चिनु, कथा-व्यथा, देशभित्र-देशबाहिर स्वाँरको वंशावली (भाग १ र २ ) आछाम परिचय आदि दर्जनौ कृति प्रकाशित गरी ख्याति कमाएका कारण २०६० सालमा सुदूरपश्चिमाञ्चल साहित्य समाज धनगढी कैलालीद्वारा दोसल्ला ओढाई अभिनन्दन गर्दै सम्मानस्वरुप रु. १०,०००।- (दशहजार) प्रदान गरेको प्रमाणपत्र पाइन्छ ।

यस्तै विभिन्न सम्मान र पुरस्कारका अतिरिक्त दैवीप्रकोप उद्धार पीडित पदक (२०४५) मा विगत नेपालको राष्ट्रिय सम्मानको मानपदवी गोरखा दक्षिणबाहु दोस्रो (२०२६) नामक पदकबाट विभूषित स्वाँर आज हाम्रो स्मृतिपटलमा अमर व्यक्तित्व बनेर रहेको पाइन्छन् । साहित्यका विविध क्षेत्रमा आफ्नो अस्मरणीय योगदान दिई उत्कृष्ठ काव्य, कृतिहरूको रचना गर्न सफल भई नेपाली साहित्य भण्डारमा ठूलो देन दिइएकोले यसको सही ढंगले मूल्याङ्कन गर्दै विद्यार्थी साहित्य पुरस्कार २०५७ अभिनन्दनपत्र प्रदान गरी सम्मान गरेको पाइन्छ । यसरी स्वाँरले विभिन्न संघ संस्थाहरूबाट सम्मान, पुरस्कार पदक हातपार्दै आफ्नो व्यक्तित्वलाई उच्च बनाउन सफल देखिएका छन् ।[४७]

## ३.१.१२ स्वाँरको जीवन दर्शन

नृपबहादुर स्वाँर समकालीन युगका एक सचेत व्यक्ति हुन् । उनको जीवनको धेरै जसो भाग राजनीति र समाजसेवामा बिते तापनि धार्मिक वातावरण बीच त्यति अगाडि बढेको पाइँदैन तर पनि उनी पूर्वीय चिन्तन प्रणालीबाट प्रभावित रहेका पाइन्छन् । न्याय, सांख्य, वेदान्त, उपनिषद्, पुराण जस्ता पूर्वीय चिन्तनप्रणालीमा आधारित ग्रन्थहरूको त्यति अध्ययन गरेको पाइँदैन् तर ती धार्मिक ग्रन्थहरूको

---

[४७] अशोक स्वाँर, **सामान्य जानकारीबाट** प्राप्त ।

सामान्य ज्ञान भने रहेको पाइन्छ । उनका केही कृतिहरूमा दार्शनिक व्यक्तित्वको छनक पाइन्छ । मानवीय कर्तव्यलाई बिर्सेर क्षणिक  भौतिकताको रमझममा भुलेर तिरर्थक जीवन बाँचिरहेको मानवजातिलाई केही आफ्ना कृतिहरूका माध्यमबाट निर्देशित कर्महरूद्वारा नै वास्तविक सुख शान्ति र मोक्ष प्राप्त हुन्छ भन्ने तर्फ स्वाँरले सबैलाई सचेत गराएको पाइन्छ ।

नृपबहादुर स्वाँर अहिंसाका कट्टर समर्थक हुन् । उनले हिंसा गर्नु मानवमात्रको सबैभन्दा ठूलो भुल हो भन्ने कुरा आफ्ना कृतिहरूमा व्यक्त गरेको पाइन्छ । यसै सन्दर्भमा उनको कृति सेतीको मन्दिर (२०४२) को 'देव होस कि तँ दानव!' नामक कविताको छोटो उदाहरण यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

यटम र हाइड्रोजनको चर्चा तमानै छ

झुट मुटको व्यवहार तमानै छ ,

.........................................

संझ सझ हे मानव देव होसकि त दानव !

अन्तमा स्वाँर समग्र विश्वकै निम्ति अहिंसा शान्ति, सुरक्षा जस्ता मानवीय गुणहरूको विकास गरी निस्काम, कर्मवादी जीवनयापन गर्ने र भौतिक र आध्यमिक दुवै दिशामा समान गतिले गतिशील हुनु नै जीवनको सार्थकता मान्दछन् । यिनै शाश्वत पक्षहरूको पृष्ठभूमिमा रही समग्र मानवमात्रमा ब्रहमतत्वको दर्शन गर्न सक्नु पर्दछ भन्ने मान्यतामा नै उनको जीवन दर्शन आधारित रहेको छ ।[४८]

[४८] बलबहादुर स्वाँर, **पूर्ववत्** ।

## चौथो परिच्छेद

## ४. नृपबहादुर स्वाँरको कृतित्वको परिचय

### ४.१ नृपबहादुर स्वाँरका रचनाहरूको विवरण

नेपाली साहित्यका विविध विधामा आफ्नो अमूल्य योगदान पुऱ्याउन सफल साहित्यकारका रुपमा स्थापित हुन पुगेका साहित्यकार नृपबहादुर स्वाँर बाल्यकालदेखि नै साहित्यको क्षेत्रमा आकृष्ट भएको पाइन्छ । प्रकाशनको साधना पूरा गरेको पाइएतापनि रचनाका हिसाबले वि.स. २०१७ साल देखि नै उनको लेखन यात्रा सुरु भएको तथ्य पाइन्छ । त्यसकारण साहित्यकार स्वाँर बाल्यकालदेखि नै साहित्यिक क्रियाकलापप्रति जिज्ञासा एवं अभिरुचि राख्ने गरेको थाहा पाइन्छ । यिनले पूर्वीय तथा नेपाली साहित्यको गहन अध्ययन गरेको पाइन्छ । विशेष गरेर नेपाली साहित्यका सम्राट मानिने महाकवि लक्ष्मीप्रसाद देवकोटा र नेपाली साहित्यको भण्डारमा सबभन्दा पहिले फ्रायडवादलाई भित्रयाउन सफल साहित्यिक योद्धा विश्वेश्वरप्रसाद कोइरालाका कृतिहरूबाट प्रभावित भई आफ्नो साहित्यिक साधनालाई सुरु गरेको स्वाँरकै अभिव्यक्तिबाट स्पष्ट बुझिन्छ ।

नृपबहादुर स्वाँरले बाल्यकालदेखि साहित्य सिर्जना गर्न थालेतापनि वि.स. २०४२ सालबाट यिनका रचनाहरू प्रकाशित हुन थालेका छन् । सिर्जनाका बहुमुखी प्रतिभाका रुपमा देखिएका छन् । यस बीचमा उनले इतिहास, संस्कृति र अन्य साहित्यका विविध पाटाहरूमा आफ्नो लेखनी समर्पित गरेका छन् । उनका अधिकांश रचनाहरू फुटकर रुपमा प्रकाशित भएका छन् । फुर्सदको समयमा केही न केही लेखिरहन मन पराउने स्वाँरका साहित्यका विविध विधाका रचनाहरू प्रकाशित छन् । स्वाँरका सबै रचनाहरू नेपालबाट प्रकाशित भएका पाइन्छन् । उनका प्रकाशित कृतिहरू सबै नेपाली भाषामा रचिएका पाइन्छन् । उनले साहित्य, पुरातत्व, इतिहास, सामाजिक, साँस्कृतिक जस्ता विषयमा कलम चलाएका छन् । साथै साहित्यका विविध पाटाहरूमा आफ्नो लेखनी समर्पित गर्दै आएको पाइन्छ । यस अनुसन्धानमा उनका कृतिहरूको विवरण र प्राप्त कृतिहरूकोमात्र परिचय दिने कार्य गरिएको छ साथै यहाँ उनका प्रकाशित मौलिक कृतिहरू र फुटकर लेखरचनाहरूको साथै उहाँका बारेमा प्रकाशित कृतिहरूको विवरण कालक्रमिक दिइएको छः-

### ४.१.१ प्रकाशित पुस्तककार कृतिहरू

| क.स. | मौलिक कृति | प्रकाशन समय | भाषा | विधा |
|---|---|---|---|---|
| १. | सेतीको मन्दिर | वि.स. २०४२ | नेपाली | काव्य |
| २. | स्वाँरको चिनारी | वि.स. २०४९ | नेपाली | वंशावली |
| ३. | गोठाले ठिटो | वि.स. २०५१ | नेपाली | गीतिखण्डकाव्य |
| ४. | कुसुमी | वि.स. २०५६ | नेपाली | उपन्यास |
| ५. | चिनु | वि.स. २०५६ | नेपाली | उपन्यास |
| ६. | कथा-व्यथा | वि.स. २०५९ | नेपाली | उपन्यास |
| ७. | 'देशभित्र-देशबाहिर' | वि.स. २०६० | नेपाली | निबन्ध यात्रा संस्करण |
| ८. | स्वाँर वंशावली भाग-४ | वि.स. २०६१ | नेपाली | वंशावली |
| अप्रकाशित कृतिहरू | | | | |
| क.स. | मौलिक कृति | रचना समय | भाषा | विधा |
| १. | अछामको चिनारी | ............. | नेपाली | चिनारी |

### ४.१.२ स्वाँरका बारेमा प्रकाशित कृतिहरू

| क.स. | मौलिक कृति | प्रकाशन समय | भाषा | विधा |
|---|---|---|---|---|
| १. | नृपबहादुर स्वाँर स्मृतिग्रन्थ | २०६४ | नेपाली | साहित्येतर |

माथि उल्लेखित गरिएका कृतिहरूलाई विधागत रुपमा छुट्याउँदा निम्नानुसारको सूची तयार हुन्छ:-

### ४.१.३ साहित्य विधा

१. काव्य विधा

क) सेतीको मन्दिर- कवितासंग्रह

ख) सेतीको मन्दिर 'खप्तड'- खण्डकाव्य

ग) गोठाले ठिटो - गीति खण्डकाव्य

२. उपन्यास विधा

क)	कुसुमी- उपन्यास

ख)	चिनु - उपन्यास

ग)	'कथा-व्यथा'- उपन्यास

३.	निबन्ध विधा

क)	देशभित्र-देशबाहिर-यात्रासंस्मरण

### ४.१.४ साहित्येतर विधा

क)	स्वाँरको चिनारी

ख)	स्वाँर वंशावली भाग-१

ग)	स्वाँर वंशावली भाग-२

घ)	नृपबहादुर स्वाँर स्मृतिग्रन्थ

### ४.१.३ साहित्यिक विधा

### ४.१.३.१ नृपबहादुर स्वाँरका कृतिहरूको परिचय

### ४.१.३.१.१ काव्य विधाको वर्गीकरण

**विषयप्रवेश**

कविता साहित्यकै एक विधागत भेद भएकाले साहित्यका सापेक्षतामा कविताको विधागत स्वरुप अपेक्षाकृत स्पष्ट रुपमा चिनिन सक्छ । साहित्य भाषिक कलाका रुपमा चिनिन्छ । यो वाङ्मयको रागाात्मक वा सौन्दर्यपरक शाखा हो, यो भाषिक प्रयोग क्षेत्रको व्यवहारिकर बौद्धिक प्रयोजन भन्दा भिन्नै सौन्दर्यात्मक प्रयोजन मुख्यभएको भावप्रधान प्रयोग स्थल हो । यस परिप्रेक्षमा कविता लयात्मक भाषिक कलाका रुपमा चिनिन्छ अनि यो सौन्दर्यपरक लयात्मक भाषिक अभिव्यक्तिको वाङ्मय पनि हो र भाषिक प्रयोग क्षेत्रको लया चिनाउँदा चाहिँ यो साहित्यको लयात्मक वैशिष्ट्यभएको गद्येतर भेद हो । कविताका विभिन्न उपविधाका सन्दर्भमा आख्यानीकरण र नाटकीकरणको सम्भाव्य भूमिकालाई दृष्टिगत गर्दा साहित्यका आख्यान र नाटक जस्ता विधासँगका तुलना-प्रतितुलनाले पनि कविता विद्यालाई प्रष्ट्याउन मद्दत गर्दछ । कथा-उपन्यासमा आख्यान वा जीवन-जगत्को आख्यानीकरण कथन प्रमुख मानवीय अनुभव-जगतको लयात्मक कविता कथनको कौशल विशिष्टताभित्र एक सहकारी विधि-प्रविधि मात्रै रहन्छ । त्यसैले कविताको मूल साध्यचाँहि आख्यानीकरण-नाटकीकरणको सहकारीता जे-जति लिए वा नलिएपनि जीवन जगतको लयात्मक साङ्गितिक कलात्मक भावविधानकै

कौशलका सिद्धितर्फ उन्मुख रहन्छ । साथै यसलाई साहित्यको सबैभन्दा जेठो विधाका रुपमा लिने गरिएको पाइन्छ ।[४९]

### ४.१.३.१.२ कविताविधाका तत्वहरू

कविताविधालाई सम्पूर्ण रुपमा चिनाउने क्रममा यसका विधात्मक निजत्वका बुँदाको चर्चा मात्र पर्याप्त छैन र यसले अँगाल्ने साहित्यिक सामान्य धर्मको निरुपण पनि आवश्यक पर्छ । साहित्यको अङ्गीकार गर्ने आधारभूत कथ्य सामग्रीको उपादान र भाषिक संरचनात्मक कौशल एवम् यिनका भावात्मक र रुपात्मक प्रतिफलसमेत कवितामा पनि उपेक्षित नै  रहन्छ । यस पृष्ठभूमिमा साहित्यलाई अनेक कोठाबाट हेर्न सकिएझैं कवितालाई हेर्ने पनि अनेक कोण रहेको पाइन्छ ।

कविताका विधागत मुक्तक र फुटकर कवितादेखि खण्डकाव्य-महाकाव्यसम्मको स्वरुपलाई ध्यानमा राख्दा कविताका घटक निम्नलिखित मुख्य पक्ष वा तत्व देखा पर्दछन्:-

**क) शीर्षक**

शीर्षक कविताकृतिको नामाकरण मात्र नभई कृतिका सारभूत भाव विचारको सूचक सङकेत वा उद्घाटक समेत हुनुपर्ने हो । शीर्षक विशेषीकृत भएमा यसले कृतिका अर्न्तवाह्य संरचना र भाषाशैलीले बहन गरेको समग्र विषयवस्तुको केन्द्रीय तथ्यलाई जाहेर गर्दछ । तर खास कोठा नभएका सामान्यीकृत शीर्षकमा त्यो सामर्थ्य हुँदैन शीर्षक र केन्द्रीय कथ्यका बीच बाहिरी वा भित्री सङगति नै नहुनु विडम्बना हुन पुग्छ अनि त्यसबाट विरोधाभास र व्यङ्ग्य व्यक्ति पनि शीर्षकमा प्रत्यशा भने विफल नै रहन्छ ।

**ख) संरचना**

संरचना दुई किसिमको हुन्छ । आन्तरिक र बाह्य । कविताकृतिको बाह्य संरचना त्यस लयात्मक खण्ड/गण भई पाउ/चरण वा पङक्तिविधान तथा पङ्क्तिपुञ्जसँगै थालिन्छ र त्यसका विविध भाग/परिच्छेद हुँदै विस्तारित हुन्छ । कुनै कविताकृतिको यो बाह्य संरचना पङ्क्ति र पङ्क्तिपुञ्जका लयविधानसँग पनि

---

[४९] डा. त्रिपाठी बासुदेव, न्यौपाने, दैवज्ञराज, सुवेदी केशव **नेपाली कविता भाग** ४, पृष्ठ १५ ।

आबद्ध रहन्छ तर छन्दढाँचा भित्रको अर्न्तलयको पद्धति भने बाह्‍य संरचनामात्र होइन । वस्तुतः कविताकृतिको बाह्‍य संरचना भाषिक वा शैलीगत प्राप्त पनि हो र कविताको विधा-उपविधागत आयामसँग पनि यो बाह्‍य संरचना सम्बन्धित हुने गर्दछ ।

कविताकृतिको आन्तरिक संरचना त्यसकृतिमा अँगालिएको कथन-पद्धतिका माध्यमबाट थालिन्छ र सिधै कविकथन, आख्यानीकरण र नाटकीकरण सुक्ष्म वा स्थूल प्रक्रिया पनि कथन पद्धतिकै भेद हुन् । उक्त कथन-पद्धतिद्वारा नै कथ्य भाव-विचार र त्यससँग सम्बन्धित सन्दर्भ तथा संरचनाको ठूलो महत्व रहेको हुन्छ साथै यो कविता विधाको महत्वपूर्ण तत्वका रुपमा रहेको  हुन्छ ।

**ग) लयविधान**

कविताविधाको मुख्य विधागत परिचायक स्वरुप तत्व लयविधान नै हो । यो लयविधान प्रथमतः भाषिक स्वर-व्यञ्जन वर्णका वर्णगत ध्वनिको साम्यवैषम्य दुवै भएको वितरणप्रक्रियाको कालगत प्राप्ती हो र कविताकृतिका चरण/पाउ वा पंक्ति हरफको गतिक्रम र यतिविधानबाट थालिन्छ । यस्तो चरण वा पंक्तिको वार्णिक/मात्रिक वा आक्षरिक वितरणक्रम तथा यति र उच्चारणकालको लम्बाइले पनि लय विधानमा मुख्य भूमिका खेल्दछ । यो पंक्तिविधान न लयात्मक एकाइ मात्र हो । पङ्क्तिपुन्जका स्तरमा पाउ/चरण/पङ्क्तिहरूको वार्णिक/मात्रिक वितरणको नियमितताको स्थिति मुक्त छन्द वा गद्यकवितात्मक लय हो । त्यसकारण कविताविधाको लयविधान निकै महत्वपूर्ण तत्व मानिन्छ ।

**घ) भाषाशैली**

कविताविधाको भाषाशैली भन्नु जुन अर्थको कथन कुनै कविताकृतिले गर्नु हो त्यसका निम्ति उपलब्ध भाषिक विकल्पमध्येबाट सबभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुन सक्ने गरी वर्ण, शब्द/पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेद विधान समेत सिर्जित हुने कुरा हो । यस क्रममा भाषा अभिधार्थ भन्दा पर लाक्षणिक र व्यञ्जक समेत बन्न पुग्दछ । मानक आधारभूत भाषिक व्याकरणको प्रतिपालन गरेर पनि पद-पदावलीगत, वाक्यगत र अनुच्छेदगत अनेकौं व्यक्तिक्रम र अतिक्रमण समेतबाट भाषाशैलीले बढी व्यञ्जकता, लालित्य र

लयात्मकता कवितामा प्राप्त गर्दछ । यस विधाको भाषाशैली अनिवार्य तत्वका रुपमा मानिन्छ ।

**ङ) कथनपद्धति**

कविता मुलतः आत्मालाप वा मनोलाप गर्ने भाषिक लयात्मक कथन-कला हो तापनि त्यस मनोलाप वा मनोगुन्गुनको अभिव्यक्ति गर्ने श्रुतिरम्य कथन अपेक्षित नै हुन्छ । यो कथन-कौशलका रुपमा उच्चार्यगेय रहने परिप्रेक्ष्यमा कथनपद्धति कवितामा पनि एक महत्वपूर्ण पक्षका रुपमा रहेको हुन्छ । कवित आफै सिधै कुनै कवितात्मक कथन गर्दछ भने त्यो कविप्रौढोक्ति हो र यो स्थिति गद्यक्षेत्रको निबन्ध विधासँग पनि तुलनीय छ । यहाँ कथयिता वा आत्मालापी कविले आफ्नै वस्तुपरक वा आत्मपरक कथ्य आफै गुन्गुनाउँदा पनि अप्रत्यक्षतः कसैप्रति सम्बोधित गरी भन्दछ र यो कथन खासगरी तृतीय पुरुष वा प्रथम पुरुषमा र कहिलेकाँही द्वितीय पुरुषमा पनि कथित वा आत्मालापित हुन सक्छ । यदि कवितामा कविले आफ्ना आत्मलापी कथा कुरालाई आख्यानीकृत गर्दछ भने त्यो अर्को कथनपद्धति हो, जो कविता विधाका लागि निकै महत्वपूर्ण मानिन्छ ।

**च) भावविधान**

जीवनजगतको समग्र विषयवस्तु र मानवचेतनाको यावत् अनुभवपुञ्ज कवितामा नअटाउने होइन र पुरै प्रकृति मानवीय समाज र संस्कृति, पुरा कथा र इतिहास, दर्शन र ज्ञान-विज्ञान आदिका साथै मानवमनको समस्त अनुभव व्यापारको कथन कवितामा हुन सक्दछ । कविताको कथ्य सामग्री र सन्दर्भको सेरोफेरो कवितामा हुन सक्दछ । कविताको कथ्य सामग्री र सन्दर्भको सेरोफेरो यहि हो । यो उपादानलाई विधागत र अन्तर्विधागत बाह्य आन्तरिक संरचना र कथनपद्धति मार्फत भाषाशैलीद्वारा लयात्मक र अन्य रुपात्मक तत्वका सहकारितामा भावाात्मक परिपाक र परिणतिमा पुऱ्याई प्रशोधित गरिएको कविताकृति कलात्मक वस्तुताका रुपमा उत्पादित वा सृजित हुन्छ । सीधै आत्मालापी कविकथनात्मक, आख्यानीकृत वा नाटकीकृत जुन रुपमा जीवनगतको कथन गरिए पनि त्यसको चुरोस्वरुप केन्द्रीय कथ्यचाँहि कुनै भावविचार नै हुन्छ र परिपाउचाहिँ कवितामा त्यो

अनुभव वा सुक्ष्म विचार भावमय-रागमय कलात्मक रुपान्तरण हुनुपर्ने हुन्छ । त्यसकारण भावविधागत कविताविधाको मूल मर्म हो ।

**छ) बिम्बविधान तथा अन्य अलङ्करणका प्रविधि**

कुनै कृतिमा मुख्य कथ्य अर्थको सहचर प्रतिच्छायाका रुपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ति अर्थ बिम्ब हो । जीवनजगत्का विविध सन्दर्भ र सामग्रीबाट विम्बविधान हुनसक्छ र अर्थालङ्कारहरू बिम्बविधानकै उपक्रम हुन् । यी बिम्बहरू कविताका पनि भाव परिपोषक तथा भावव्यञ्जक तत्वसमेत हुन् । कुनै बिम्ब पूरै कविताव्यापी बृहत बिम्ब पनि हुने गर्दछन् र यी व्यञ्जनाधर्मी हुन्छन् । यी अर्थालङ्कार वा बिम्बमध्ये स्वभोवोक्तिको आफ्नै सौन्दर्य नहुने होइन तर वक्रोक्ति वा अतिशयोक्तिबाट सिर्जित बिम्बालङ्कारहरू विशेष चमत्कारी हुन्छन् । यो पनि कविता विधाको महत्वपूर्ण तत्व हो ।

**ज) व्यञ्जना**

शब्द र अर्थ दुवैको कारणले कुनै उक्ति, कथन वा कृतिमा प्रस्तुत वा कथित भन्दा अप्रस्तुत वा अवकथित सशक्त अर्थ जब पारदर्शकताका साथ झल्कन्छ त्यो स्थिति व्यञ्जना हो । कविताकृतिमा यो व्यञ्जना स्थानीय स्तरमा वा पुरै कृतिभर व्याप्त पनि हुन सक्दछ । यस प्रकारका व्यञ्जनाका उद्भावनामा सन्दर्भ वा प्रकरणले पनि ठूलो भूमिका खेल्दछ । जब कविताका आन्तरिक संरचनामा अर्थका एकभन्दा बढी तह वा तरेलीहरू रहेको भावकले अनुभव गर्दछ त्यस व्यञ्जनासमृतिले कृतिको कलात्मक प्रभाव र मूल्यलाई उचाल्दछ । यसलाई प्रतीकविधान पनि भनिन्छ ।

**झ) विधागत रुप तथा आयाम**

कुनै कविताकृतिको आयाम भन्नु कथ्यश्रव्य स्तरमा प्रथमतः त्यसकृतिको कथन-श्रवणकालको लमाइ नै हो र त्यो मुख्यतः कालिक (कालगत/समयगत) मापन हुने गर्दछ । गहिरिएर हेर्दा आयामबाट नै भावकका हृदयमा पर्ने र वस्तुतः त्यस कविताभित्र पनि अन्तर्निहित रहने गेयश्रवय छन्दगत/लयगत चरण/पङ्क्तिको संरचनाको चौडाइ एवम कथ्य भाव बिम्बको स्वरुप र प्रभाव दुबैको चौडाइ-लमाइसहित सघनता वा गहिराइको समेतबोध/अनुभव हुन्छ ।

प्रस्तुत विषयवस्तु वा जीवन जगत्का भावपुञ्जको चौडाइलमाइको सेरोफेरो तथा गहिराइ/उचाइको प्रभावप्राप्ति कालिकता भन्दा पङ्क्ति चरण, पङक्तिपुञ्ज/श्लोक अनुच्छेद, पृष्ठको संरचना र समुच्चा कृति ग्रन्थका प्रबन्धन र संरचनाका स्थानिकतामा टड्कारिन जान्छ । यति सब हुँदाहुँदै पनि कथ्य/गेय र श्रव्य कवितास्वादनका क्रममा कालिक क्रमिक प्रवाहमा स्थानिकता प्रक्षिप्त रहन्छ अनि त्यही कालिकतामा कृतिका छन्द- संरचा, भाषिक संरचना, सङ्कथन-संरचना र जीवनजगत एवम् भावपुञ्ज र रुप बिम्बविधानका समुच्चा कथ्य श्रव्य प्रस्तुतीमा लमाइ सँग चौडाइ गहिराइका आयाम आबद्ध रहन्छन् तर कविताकृतिका लिखित मुन्द्रित रुपमा र त्यसका पाठ्य आस्वदनमा भने पङ्क्ति, पङ्क्तिपुञ्ज र पृष्ठ एवम् पृष्ठसङ्ख्याका रुपाकृतिमा स्थानिकता प्रथमतः टड्कारिई त्यसभित्र कालिकता प्रक्षिप्त रहन्छ र त्यस्तै संरचनाविस्तार अन्तर्गत छन्दसंरचना, भाषिक संरचना, सङ्कथन संरचना, जीवनजगत्का एवम् भावपुञ्जका र रुपबिम्बका समुच्चा संरचना स्थानिकतासँग आबद्धभई कालिक प्रवाहका अन्तस्थलमा तिनका चौडाइ-लम्बाइको सेरोफेरो सहित हिराइ/उचाइको प्रभाव विनियोजित रहने र प्राप्त हुने गर्दछ । त्यसकारण विधागत रुप तथा आयाम कविताविधाको अभिन्न तत्वका रुपमा रहेको देखिन्छ ।[५०]

### ४.१.३.२ सेतीको मन्दिर

'सेतीको मन्दिर' कृति वि.स. २०४२ सालमा प्रकाशित नृपबहादुर स्वाँरद्वारा रचित मौलिक कृति हो । 'सेतीको मन्दिर' नामक कृतिलाई धेरैजसो समालोचक वा समीक्षकहरूले कवितासंग्रहको कोटिमा राख्ने प्रयास गरेको पाइए तापनि यस कृतिको पृष्ठ १ देखि ३२ पृष्ठसम्मको 'सेतीको मन्दिर' खण्तड नामक शीर्षकले काव्यविधा अन्तर्गत पर्ने खण्डकाव्यको स्वरुपलाई वरण गरेको हुँदा यस कृतिलाई खण्डकाव्य र कवितासंग्रह गरी दुई छुट्टा-छुट्टै रुपमा विभाजन गरी वर्गीकरण गर्न सकिन्छ, जसलाई निम्नानुसार वर्गीकरण गरिएको छ-

[५०] ऐजन् पृष्ठ १६,२०,२२ ।

### ४.१.३.२.१ **'सेतीको मन्दिर'** (**कवितासङ्ग्रह**)

'सेतीको मन्दिर' कविता संङ्ग्रह वि.स. २०४२ सालमा प्रकाशित भएको देखिन्छ तर यसकृतिको रचना भने वि.स. २०१७/१८ तिर भएको भन्ने पाइएको छ । प्रस्तुत कविता सङ्ग्रहमा जम्मा जम्मी १६ वटा कविताहरू संग्रहित छन् : जसमा निम्नानुसार शीर्षकहरू रहेका छन् 'के ठूलो के सानो', 'भावना', 'कविका कवि', कविताभैं लाग्छ', 'वर्षाको सुरुमा' 'मायाजाल', 'प्रभात', देवहोस कि तँ दानव, 'गाइने', 'माया', 'ए जिउँदो मानिस' 'आजको सहयोग', 'नेपालीकै नाम हो', 'विधिको विराट रुप', 'साहित्य सुधा' र 'सातगते फागुन'

उपर्युक्त कविताहरूलाई संयुक्त रुपमा नेपाली साहित्यको काव्यविधाका आधारमा विश्लेषण गरिएको छ -[५१]

**क) शीर्षक**

प्रस्तुत 'सेतीको मन्दिर' कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूका शीर्षक कवि स्वाँरले मान्छेमा हुने भेदभाव मान्छेका अन्तरहृदयदेखिका भावना, माया, प्रेम, देवता र दानवमा पाइने वास्तविकता, मानिसलाई मानिस भएर बाँच्न सक्नु पर्छ भन्ने सन्देश अर्थात साहित्यिक, धार्मिक, राजनीतिक, सामाजिक साथै प्राकृतिक विषयवस्तुलाई चयन गरी विविध किसिमका शीर्षकहरूमा कविता रचना गरेको पाइन्छ । स्वाँरका 'के ठूलो के सानो', भावना, कविका कवि, कविताभैं लाग्छ, वर्षाको शुरुमा, मायाजाल, प्रभात देवहोस कि तँ दानब, गाइने, माया, ए जीउँदो मानिस, आजको सहयोग नेपालीकै नाम हो, विधिको विराट रुप, साहित्य सुधा र सात गते फागुन कवितात्मक शीर्षक कविताको विषयवस्तु अनुरुप शीर्षक सार्थक देखिन्छन् ।

**ख) संरचना**

संरचना हिसाबले स्वाँरका कविताहरू उत्कृष्ट ठहरिएका छन् । आन्तरिक संरचनाका सन्दर्भमा उनका कविताहरू विविध विषयहरूलाई समेटेर रचिएका

---

[५१] स्वाँर, नृपबहादुर, **पूर्ववत्**, पृष्ठ ३३-७५ ।

पाइन्छन् । यस्तै बाह्य संरचनाका हिसाबले लयविधान र पङ्क्तिपुञ्जको समुच्चित प्रयोग गरी रचना गरेको  देखिन्छ ।

प्रस्तुत कविता सङग्रहमा जम्मा सङ्ग्रहित १६ वटा कविताहरूमा कुनै किसिमको एकरुपता पाइँदैन । यस सङ्ग्रहमा सङ्ग्रहित कविताहरू गद्य र पद्य शैलीमा संरचित छन् । कविताहरू कुनै लामा र कुनै छोटा प्रकारका देखिन्छन् । कविताहरू मध्ये सबैभन्दा लामा कविताका रुपमा देखिएका........पङक्तिका र सबभन्दा छोटा ३ पङ्क्तिका रहेका छन् । पङ्क्ति, शब्द, वर्ण, अनुच्छेदको विवरण र योजनामा कुनैमा श्रृङखलाबद्ध एकरुपता पाइन्छ त कुनैमा नपाइने हुँदा गद्यकविताको अझ मुक्त छन्दैमा उफ्राइ र चलाइ तथा कुनैमा नपाइने हुँदा गद्यकविताको अझ मुक्त छन्दैमा उफ्राइ र चलाइ तथा घुमाइ र बसाइमै प्रस्तुत गरेको पाइन्छ । यिनका कवितामा कविको वैचारिक चिन्तन र दर्शन आख्यानका सूत्रले र पात्रको उपस्थितिका माध्यमले सरलीकृत रुपमा दरलित भएका छन् । संरचनाका हिसाबले यिनका कविताहरू सरल र सम्प्रेषणीयका साथै निकै स्तरीय छन् ।

**ग) लयविधान**

प्रस्तुत ‘सेतीको मन्दिर’ कविता सङ्ग्रहमा संरचित कविताहरू विभिन्न पाउ/पङ्क्तिमा रचिएका देखिन्छन् । स्वाँरको यस कविता सङ्ग्रहमा तीन, पाँच, बाह्र गरी बीस पाउ सम्मका कविताहरू रहेका पाइन्छन् । उनका गद्यकविताहरूमा मीठो र सरल किसिमको लयको प्रयोग देखिन्छ । भाषिक स्वर-व्यञ्जनको राम्रो सही प्रयोग पाइन्छ । उनका हरेक कविताहरू मीठो र सुरिलो भाषामा लयबद्ध गरी बाचन गर्ने किसिमका रहेका छन् । त्यसकारण स्वाँरका कविताहरू नि सरल, सहज र स्तरीय रहेका पाइन्छन् ।

**घ) भाषाशैली**

प्रस्तुत कविता सङ्ग्रहमा संरचित कवितामा आख्यान तत्व परिष्कृत र परिमार्जित भाषाशैली, वस्तु वर्णनको पारदर्शिता मार्मिक भावविधान र विश्वजनित मानव सभ्यताको चासोले गर्दा कविताहरूको भाषाशैली अकृतिम रुपले सबल र खँदिला देखिन्छन् । विज्ञान र शास्त्रको विषयलाई पनि कवितात्मक रुप प्रदान गर्ने

क्षमताले कविताको भाषाशैलीलाई इंगित गरेको पाइन्छ । उनका कविताहरू कुनै कविताको गद्यशैलीमा रचिएका छन् भने कुनै पद्य शैलीमा संरचित देखिन्छन् । यिनका कवितामा सरल नेपाली भाषाको प्रयोग गरिएको छ र त्यस्तो कवितामा सरल नेपाली भाषाको प्रयोग गरिएको छ र त्यस्तो क्लिष्ट र द्रोही किसिमका देखिदैनन् भाषाशैलीका हिसाबले उनका कविताहरू स्तरीय पाइन्छन् ।

**ङ) कथनपद्धति**

नृपबहादुर स्वाँरका कविता सङ्ग्रहमा संरचित कविताहरूमा आत्मालाप र मनोलाप गर्ने भाषिक लयात्मक कथन पाइन्छ । यिनका कविताहरूमा कविप्रौढोक्ति र कविनिबद्धप्रढोक्ति दुवै किसिमका रहेका छन् । उनका कविताहरूमा आख्यानीकरणकै क्रममा दृश्यको चित्रण तथा संवाद मनोवादका सम्भव उपयोगबाट नाटकीकृत कथनको वैकल्पित पद्धति पाइन्छ । उनका कविताहरूमा सुक्ष्म आख्यान वा अन्तराख्यान तथा अन्तर्नाटकीकरण फुटकर कवितामै समेत रहेको हुँदा सुक्ष्म कथानक, पात्रविधान, वातावरण तथा दृश्यसंरचना एवम् धेरथोर संवाद मनोवादसमेत कविताका अर्न्तविधागतरुपमा देखापरेका छन् ।

**च) भावविधान**

प्रस्तुत स्वाँरका कविताहरूमा हामी सबै समान छौं, हामी ईश्वरका एउटै सन्तती हौं भन्ने भावलाई अभिव्यक्ति गरिएको पाइन्छ । आत्मीयताको भावना, हार्दिक सहयोगको भावना, राष्ट्रपतिको आगाढ माया प्रेम अर्थात राष्ट्रिय भावना, प्राकृतिक सौन्दर्यप्रतिको भावाात्मक आकर्षण, नाताकुटुम्बहरू प्रतिको सहयोगात्मकता जस्ता विभिन्न भावहरूलाई आफ्ना कविताहरूमा समाहित गरी रचना गरेको देखिन्छ । उनका कविताहरूमा यिनै भाव प्रकट गर्नु मूल ध्येय पाइन्छ ।

**छ) बिम्बविधान तथा अन्य अलङ्करणका प्रविधि**

प्रस्तुत स्वाँरका कविताहरूमा कथ्य अर्थको सहचर प्रतिच्छायाका रुपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ति अर्थ दिने खालका कविताहरू देखिदैनन् । जीवनजगत्का विविध सन्दर्भ र सामग्रीबाट बिम्बविधान हुन सक्ने भएको हुँदा र अर्थालङ्कारहरू बिम्बविधानकै उपक्रम मानिने भएकोले उनका कविताहरूमा यस्तो

केही बिम्बविधान र अर्थालङ्कार पाइँदैन । तर उनका कविताहरूमा सङ्गति र व्यतिरेक, प्रश्न, संशय, तर्क-वितर्क, द्वन्द्व तथा विरोधाभास, स्वभाव र अतिरञ्जना, वस्तुता र आदर्शीकरण प्रशंसा र व्यङ्ग्य-उपहास, अधिक वा न्यून कथन आदि अनेक मुद्रामा बिम्बालङकारका रुपातात्विक प्रविधिहरूले कविताहरूलाई उजिल्याएका देखिन्छन् ।

**ज) व्यञ्जना**

प्रस्तुत स्वाँरको 'सेतीको मन्दिर' कविता संग्रहमा सङ्ग्रहित कविताहरूमा शब्द र अर्थ दुवैका कारणले उक्ति कथन वा कथित भन्दा अकथित सशक्त अर्थ पारदर्शकताका साथ झल्किएको स्थिति देखिदैन । उनका कविताहरूमा व्यञ्जनाको प्रयोग खासै पाइँदैन । उनका कविताका आन्तरिक संरचनामा अर्थका एकभन्दा बढी तह वा तरेलीहरू रहेको भावकले अनुभव गर्ने व्यञ्जनास्मृतिको प्रभाव देखिँदैन । उनको जे जति कविताहरूको रचना गरेका छन् ती सबै कविताहरू सोझो र अभिधार्थमा संरचित देखिन्छन् भने कहीं कतै झिनो व्यञ्जनाको प्रस्तुती झल्किएको पाइन्छ ।

**झ) विधागत रुप तथा आयाम**

प्रस्तुत स्वाँरका कविताकृतिको लेख्य/पाठ्य रुप भने कवितात्मक सङ्कथनको कालिकसंरचना विस्तारले लिखित मुद्रित पृष्ठात्मक कति संरचनामा स्थानिक आकृति प्राप्त गरेको देखिन्छ । कविताकृतिको छन्दका चरण/पङ्क्तिका संरचनामा पङ्क्तिपुञ्जका संरचना विस्तारमा चौडाइका साथै लम्बाइलाई व्यक्त गरिएको पाइन्छ । कविताकृतिको गहिराई उचइको प्रतीत साङ्गीतिक तथा भाषात्मक-रुपात्मक प्रतिफलका स्तरमा प्रतिबिम्बत रहेको देखिन्छ । कविताविधाको आफ्नै कालिक वा स्थानिक आयामको बाह्य आन्तरिक ढाँचा वा रुप संरचना अनुसार स्वाँरका कविताहरू कोही लामा-छोटा किसिमका देखिन्छन् । कथ्य विषयवस्तुका स्थानिक आयामले यिनका कविताका रुपात्मक ढाँचा, संरचना तथा कथन पद्धतिलाई पनि उत्तरोत्तर विस्तारित पार्न पुगेका पाइन्छन् । आन्तरिक संरचनाका हिसाबले उनका कुनै कुनै कविताहरू स्तरीय छन् भने कुनै गद्यात्मक शैलीका देखिन्छन् । बाह्य संरचनामा हिसाबले उनका कविताहरूको आयामिक अवस्था निकै

स्तरीय रहेको पाइन्छ । कविताले वरण गर्ने विधागत रुप तथा आयाम स्वाँरका कविताहरूमा निकै टड्कारो फेला परेको देखिन्छ ।[५२]

**ञ) निष्कर्ष**

नेपाली साहित्यका क्षेत्रमा आफ्नो अमूल्य योगदान दिई साहित्यको फाँटमा देखिन खोजेका स्वाँरका कविताहरू अभिधाका अर्थमा जति शक्तिशाली छन् त्यत्तिकै सशक्त र सभ्यताका साथ व्यञ्जनाका तहमा उक्लिएका देखिँदैनन् । अभिधाका तहमा सशक्त र सार्थक, चित्त बुझ्दो र रमणीयतापूर्वक आर्थिन सक्ने, थोरैमा धेरै अटाउन सक्ने क्षमताका कविता सरल र सरस किसिमका रहेका छन् । प्रस्तुत कवि स्वाँरका कविताहरूमा मानवताको गीत गाइएको पाइन्छ साथै राजनीतिक चेतना, प्राकृतिक सौन्दर्यको राम्रो चित्रण गरिएको देखिन्छ । यस्तै उनका पद्य र गद्य कविताहरूमा माया, प्रेम, राष्ट्रियताको भावना झल्किएको पाइन्छ । विभिन्न विषयवस्तुलाई वरणगरी समाजमा भएका यथार्थ र वास्तविक तथ्यहरूलाई प्रदर्शन गर्ने उद्देश्यले लेखिएका उनका प्राय :कविताहरू निकै स्तरीय रहेका पाइन्छन् ।

**४.१.३.३ खण्डकाव्यको वर्गीकरण (विवेचना)**

**विषप्रवेश**

कविता विधाको लघुरुप मानिने कविता र बृहत् रुप मानिने महाकाव्यको बीचमा रहने मध्यवर्ती कवितारुपका निम्ति विभिन्न पारिभाषिक संज्ञा उपलब्ध भए तापनि यसको सर्वाधिक प्रचलित संज्ञा हो- खण्डकाव्य । यही मध्यवर्ती स्थितिका कारणले यसलाई कविताविधाको मध्यम वा मझौला रुप भन्ने गरिन्छ । कवित्व एवम् आख्यानात्मक वा आख्याननिरपेक्ष रुप ढाँचामा गरिने जीवनजगतको एक भाग/खण्ड/प्रदेश/अंशको आवृतिपूर्ण कथनसँग सम्बन्धित विषयवसतु एवम् त्यसको मझौला आयामको संरचना जस्ता कुरालाई हरण गरी रुपाकृत काव्यलाई खण्डकाव्य भनिन्छ । उक्त आख्यानात्मक वा आख्याननिरपेक्ष खण्डकाव्य संरचनामा पूर्वोक्त तीन मुख्य ढाँचा वा उपवर्ग छँदै छन् । यस क्रममा खण्डकाव्यमा आख्यान स्थूल वा सूक्ष्म जीवात्मक रुपमा रहने, केवल अन्तराख्यानको आभास वा बीच बीचमा आख्यानपूर्ण रहने अथवा आख्यानेतर कुनै केन्द्रीय तत्वबाट अन्वितिपूर्ण

[५२] ऐजन् ।

संरचनाको निर्वाह गरिने परम्परागत वैकल्पिक सम्भावना रहेको हुन्छ । यी पक्षहरूलाई केलाएर हेर्दा खण्डकाव्यका आधारभूत तत्वहरू निम्नानुसार रहेका छन्-

### ४.१.३.४ खण्डकाव्यका तत्वहरू

खण्डकाव्यका तत्व भन्नाले खण्डकाव्यका आवश्यक अङ्ग/अव्यय/घटक भन्ने बुझिन्छ । के कस्ता अव्ययहरूको समोयोजनबाट खण्डकाव्यात्मक कृतिको रचनापूर्ण हुन्छ भन्ने कुरा खण्डकाव्यका तत्वका सन्दर्भमा चर्चा हुने गरेको पाइन्छ । साहित्यका अन्य विधाझै खण्डकाव्य रचनाका पनि केही आधारभूत तथा केही गौण तत्वहरू रहेका हुन्छन् । खण्डकाव्य कविता विधा अन्तर्गतकै एक उपविधा भएपनि कविताका तत्वमा पर्ने तत्वमात्र यसमा नभएर यो एक प्रबन्धकाव्य पनि भएकाले यसका केही कारक किसिमका तत्व हुनु स्वभाविकै हो । साहित्यको विकासक्रममा देखापरेका विभिन्न समयका विभिन्न विद्वानहरूको आ-आफ्नै किसिमले खण्डकाव्यका तत्वहरूको निर्धारण गरेका छन् । ती विद्वानहरूका खण्डकाव्यका तत्व विषयक विचारहरू एक-आपसमा हुबहु नमिले पनि अधिकांशतः मिल्दाजुल्दा देखिन्छन् जसको व्याख्या विश्लेषण तल गरिएको छ-[५३]

### क) शीर्षक

कुनै पनि साहित्यिक रचनाको शीर्षक हुन्छ । साहित्यिक रचना विना शीर्षकको हुँदैनन् । यति भएर पनि खण्डकाव्यको आधारभूत तत्वका रुपमा शीर्षकलाई लिने गरेको नपाइएपनि शीर्षकविना कुनै पनि कृतिको पहिचन नहुने हुनाले शीर्षकलाई खण्डकाव्यको अनिवार्य तत्वका रुपमा राख्नुपर्ने देखिन्छ । कुनै पनि कृतिको शीर्षकले त्यसको नामाकरण मात्र नगरी त्यस कृतिको सारभूत भाव, विचार वा अन्य मुख्य पक्षको चिनारी पनि दिने गर्दछ । खण्डकाव्यको पनि शीर्षक हुन्छ र यसको शीर्षक मुख्यतया पात्रका नाम अनुसार मुख्य कथावस्तु, मुख्य घटना र परिवेशका साथै अर्थ विशेषका आधारमा राखिएको हुन्छ त्यसकारण शीर्षक खण्डकाव्यको अनिवार्य तत्वका रुपमा मान्न सकिन्छ ।

---

[५३] त्रिपाठी, बासुदेव, न्यौपाने, दैवज्ञराज, सुवेदी केशव, कविता भाग ४ बाट साभार ।

**ख) विषयवस्तु**

कविताको विषयवस्तु कविले यही जीवन-जगतबाट छनौट गरेको पाइन्छ । कुनै पनि कविले आफ्नो काव्यमा यही संसारको जीवनजगत्लाई आत्मसाथ गरेको हुन्छ तर त्यसलाई के कति मात्रामा समेटिएको छ भन्ने आयामिक नापतौलबाट कविताको उपविधा निर्धारण गरिएको हुन्छ । त्यो दृष्टिहेर्दा र पूर्वीय आचार्यले व्याख्या गरे अनुसार जीवनको एक अंश, एक देश वा एक खण्डनै खण्डकाव्यको विषयवस्तु हो भन्ने देखिन्छ । यसले गर्दा पनि जीवनको एक खण्डको वा जीवनकै समग्रताको एक पक्षलाई मात्रै विषयवस्तु बनाएर लेखिएका काव्यकृति खण्डकाव्य हुन भन्न सकिन्छ । त्यसकारण खण्डकाव्यको एक महत्वपूर्ण तत्वका रुपमा विषयवस्तुलाई लिन सकिन्छ ।

**ग) कथापद्धति**

कृतिको समग्रभाषा कथनपद्धतिमा आधारित हुने भएकाले खण्डकाव्यको तत्वका रुपमा यसको भूमिका विशिष्ट रहेको हुन्छ । खण्डकाव्यमा कथनपद्धति दुई अवस्थामा देखिन्छन् । कविप्रौढोक्ति र कविनिबद्धवक्तापैढोक्ति/कवि स्वयम्ले आफ्नो धारणा व्यक्त गरेमा त्यो कविप्राढोक्ति हुन्छ भने कविले कुनै पात्रका माध्यमबाट आफ्ना धारणालाई व्यक्त गरेमा त्यस्तो कथनप्रढोक्तिलाई कवि कविनिबद्धवक्ताप्रोढोक्ति भनिन्छ । परम्परागत खण्डकाव्यसम्बन्धी धारणा र खण्डकाव्यका तत्वको रुपमा कथनपद्धतिको बेवास्ता गरिएको पाइन्छ तर खण्डकाव्यका लागि कथनपद्धतिलाई आधारभूत तत्वकारुपमा स्वीकार्नुपर्ने देखिन्छ ।

**घ) भाषाशैली**

विचारको अभिव्यक्तिको माधयम भाषा हो । लेखकले कृति सुहाउँदो भाषाको प्रयोग गर्नुपर्दछ । एउटा कृतिको सिङ्गो भाषामा शब्द, शब्दावली, पदजस्ता विभिन्न किसिमका वाक्यको प्रयोग भएको हुन्छ । तत्सम्, तत्भव, आगन्तुक जस्ता विभिन्न स्रोतका शब्दहरू, उखान र विभिन्न सूक्तिहरू सरल, संयुक्त र मिश्र जस्ता वाक्यहरू कृतिकारले आफ्नो कृतिमा प्रयोग गरेको हुन्छ । खण्डकाव्यमा प्रयोग गरिने भाषा पनि सहज, सरल र सरस हुन आवश्यक छ । यस आधारमा खण्डकाव्यमा संक्षिप्तता र तीव्रता हुनाले वर्णनमा समितिको उपयोग हुनु नितान्त जरुरी छ ।

त्यसकारण भाषाशैलीलाई खण्डकाव्यको एक अभिन्न अङ्गका रुपमा देखापरेको तत्वका रुपमा लिन सकिन्छ ।

**ङ) संरचना**

संरचनाका आधारमा खण्डकाव्यलाई कविताका अन्य उपविधाका रुपबाट बेग्लै र स्पष्ट रुपमा अलग्याउन सकिन्छ । कवि फुटकर कवितादेखि विस्तारित हुन थालेपछि आफ्नो अनुभूतिलाई ठीक किसिमले निर्दिष्ट उद्देश्यसम्म पुग्नका निम्ति निश्चित संरचनाको आवश्यकता पर्दछ । संरचना भनेको कविका अनुभूतिलाई एकत्रित र व्यवस्थित गरी आख्यानसँगको सन्तुलित गोरेटोमा हिँडाउने कार्य नै संरचना हो । त्यसकारण खण्डकाव्यमा आउने कवितात्मक अनुभूतिलाई निश्चित रुप, ठोस रुप र मूर्त रुप दिनका लागि संरचनाको आवश्यकता पर्दछ । त्यसैले संरचना खण्डकाव्यको एक महत्वपूर्ण तत्वकारुपमा लिन सकिन्छ ।

**च) यविधान**

कविता लयबद्ध विधा हो, यसमा लयको विशिष्ट स्थान रहन्छ । विशिष्ट लयविना कविताको कवित्व प्राप्त हुँदैन । पद्यकविता र खण्डकाव्यमा छन्दले लयको काम गरेको हुन्छ भने गद्यकविता र गद्यखण्डकाव्यमा अन्तरलय वा अन्तरसङ्गीतले लयको विशिष्ट स्थितिलाई देखाएको हुन्छ । समग्र वर्णमात्रिक, मात्रिक, लोकलय र गद्यलयका बीचमा आउने सङ्गीतात्मक गुञ्जन नै कविताको लयगत धर्म हो । जुन कविताको लागि आवश्यक तत्व भएकाले खण्डकाव्यमा पनि अपरिहार्य नै बनेर आएको हुन्छ । त्यसैले लयविधान पनि खण्डकाव्यको एक महत्वपूर्ण तत्व रहेको देखिन्छ ।

**छ) उद्देश्य**

साहित्यकारले कृतिका माध्यमबाट पाठक सामु कुनै न कुनै मुख्य विचारलाई पस्कने प्रयास गरेको हुन्छ । कृतिले बोकेको साहित्यकारको त्यही मुख्य विचारलाई केन्द्रीय कथ्य, उद्देश्य, जीवनदर्शन वा केन्द्रीय भावपनि भन्न सकिन्छ । कविले विभिन्न पात्र वा घटनाको श्रृङखला मिलाई त्यसबाट एउटा कथानकको निर्माण गरी आफ्नो मुख्य विचारलाई कृतिभित्र बोलेर प्रस्तुत गरेको हुन्छ, जसलाई सिङ्गै काव्य पढिसकेपछि काव्यको मूल चुरोको रुपमा पाउन सकिनछ । निरुउद्देश्य रुपमा कुनै

पनि साहित्यकारले कृतिको रचना गर्दैन अनि केन्द्रीयकथ्य विहिन कुनै कृति हुँदैन । कुनै पनि काव्यकृतिको उद्देश्य पुरातन वा नवीनतम आदर्शमुखी वा यथार्थमुखी, मानवतावादी वा प्रगतिवादी आदि जुनसुकै किसिमको रहेपनि खण्डकाव्यमा संक्षिप्त, अप्रत्यक्ष र कलात्मक रुपमा त्यसलाई काव्यको केन्द्रीय कथ्यका रुपमा सर्वत्र छरिएर व्यक्त भएको हुन्छ । उद्देश्य पनि खण्डकाव्यको एक अनिवार्य तत्वका रुपमा लिन सकिन्छ ।

**ज) रसभावको सृजना**

जीवनको एक अंशको प्रस्तुति खण्डकाव्यमा हुने भएकाले खण्डकाव्यकारले कुनै एक रसको सृजना गर्दछ तर त्यस रसको पुष्टिका लागि अनेक रसहरू आएका हुन्छन् । जीवनजगतमा विद्यमान विविध भावहरूमध्ये कुनै एकभावलाई कृतिमा केन्द्रित भावका रुपमा स्वीकारिएको हुन्छ । यस्तै अनेक रस र अनेक भावको सृजना भएपनि जीवनको एक खण्डकै अभिव्यक्ति खण्डकाव्यले गर्ने हुनाले एउटै रस र एउटै भावको स्थितिलाई परिणाममा पुऱ्याएर खण्डकाव्यकारले काव्यात्मक प्रभावकारिता बढाउनु पर्दछ । रसभावको सृजना खण्डकाव्यमा पनि आवश्यक हुने भएकाले यसलाई खण्डकाव्यको तत्वका कोटिमा राख्न सकिन्छ ।

**४.१.३.४.१ 'सेतीको मन्दिर' 'खप्तड' खण्डकाव्यको विवेचना**

**विषयप्रवेश**

नृपबहादुर स्वाँरद्वारा रचित प्रस्तुत 'सेतीको मन्दिर खप्तड नामक खण्डकाव्यात्मक कृति वि.स. २०४२ सालमा प्रकाशित भएको हो । यो कृति स्वयम् स्वाँरको मौलिक रचना देखिन्छ । यस खण्डकाव्यको शीर्षक विषयवस्तु, संरचना, भाषाशैली, कथनपद्धति, लयविधान आदिको बारेमा नेपाली साहित्यको काव्यविधा अन्तर्गतको खण्डकाव्यात्मक तत्वका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ ।

**क) शीर्षक**

कुनै पनि कृतिको शीर्षकले त्यसको नामाकरणमात्र नगरी त्यसकृतिको सारभूत भाव विचार वा अन्य मुख्य पक्षको चिनारी पनि दिने हुँदा स्वाँरले 'सेतीको मन्दिर' 'खप्तड' नामक खण्डकाव्यको शीर्षक सुदूरपशिचममा अवस्थित अछाम जिल्लाको पर्यटकीय क्षेत्रका रुपमा चिनिने खप्तड यथार्थ र वास्तविक भौगोलिक

परिवेशलाई चित्रण गर्ने क्रममा यस कृतिको शीर्षक अङ्किन गरेको देखिन्छ । अछाम जिल्लाको दुर्गम क्षेत्रमा अवस्थित 'खप्तड' को भौगोलिक बनावट अर्थात प्राकृतिक दृष्टिले निकै सुन्दर रहेको पाइन्छ । यस्तै देवस्थलका हिसाबले पनि निकै पवित्र मानिन्छ, त्यसकारण स्वाँरले सेती अञ्चलकै एक पवित्र मन्दिरको रुपमा ठहर गरी 'सेतीको मन्दिर' 'खप्तड' नामक शीर्षक राखेको पाइन्छ । त्यसैले यस खण्डकाव्यको 'सेतीको मन्दिर', 'खप्तड' नामक शीर्षक निकै सार्थक देखिन्छ ।

**ख) विषयवस्तु**

प्रस्तुत खण्डकाव्यमा स्वाँरले प्राकृतिक दृश्यहरूको चित्रण गर्दै खप्तडमा कसरी सृष्टिको प्रारम्भ भयो र त्यसपछिको खप्तडप्रतिको मानवीय धारणालाई उद्धत गर्दै त्यहाँ वन-पाखा, वन जंगल, फलफूल, छहरा-पहरा, चराचुरुङ्गी, पशुपंक्षि, ताल-तलैया, जडीबटी, पाटन, डाँडा, थुम्का आदिको गहन रुपमा चित्रण गरी यिनैलाई यस खण्डकाव्यको विषयवस्तु बनाएको पाइन्छ । मुख्यरुपमा 'सेतीको मन्दिर' 'खप्तड' नामक खण्डकाव्यमा खप्तडको भौगोलिक परिवेशलाई विषयवस्तुको रुप धारण गरेको हुँदा विषयवस्तुका हिसाबले 'सेतीको मन्दिर' 'खप्तड', खण्डकाव्य निकै स्तरीय देखिन्छ ।

**ग) कथनपद्धति**

एउटै रचनाको कथनमा पनि रचनाकारले कविप्रौढोक्ति कथनको मात्र उपयोग गरिएको हुन्छ भने कतै कविनिबद्धवक्ताप्रौढोक्ति र कतै मिश्रित कथनपद्धतिको पनि प्रयोग गरेको पाइन्छ । प्रस्तुत 'सेतीको मन्दिर' खप्तड नामक खण्डकाव्यात्मक कृतिमा स्वाँरले कविप्रौढोक्ति कथनपद्धतिको प्रयोग गरी यस खण्डकाव्यको रचना गरेको पाइन्छ । 'सेतीको मन्दिर' खप्डत खण्डकाव्यमा स्वाँरले खप्तड प्रतिको धारणा स्वयं आफ्ने मनमस्तिष्कबाट उद्घोष गर्ने काम गरेका छन् । त्यसैले कथनपद्धतिका हिसाबले सेतीको मन्दिर खप्तड खण्डकाव्यात्मक कृति स्तरी ठहरिएको छ ।

**घ) संरचना**

प्रस्तुत 'सेतीको मन्दिर' 'खप्तड' नामक खण्डकाव्यको बाह्य संरचना सर्गको विभाजन भन्दा सर्गयोजना मुताबिक नै खण्डखण्ड गरी ११ (एघार) खण्डमा

छुट्टयाइएको छ । तिनै खण्डलाई सर्गका रुपमा लिन सकिन्छ । खण्डखण्डका श्लोक संख्या यस्तो देखिन्छ-

| | | | | |
|---|---|---|---|---|
| १. | पहिलो खण्ड | खप्तडमा सृष्टिको प्रारम्भ | श्लोक संख्या | ५२ |
| २. | दोस्रो खण्ड | खप्तडप्रतिको धारणा | श्लोक संख्या | ५२ |
| ३. | तेस्रो खण्ड | वर्षपछिको खप्तड | श्लोक संख्या | ५४ |
| ४. | चौथो खण्ड | खप्तडमा फूल | श्लोक संख्या | ३२ |
| ५. | पाँचो खण्ड | खप्तडमा रुख, वृक्ष | श्लोक संख्या | २८ |
| ६. | छैठौं खण्ड | खप्तडमा जडीबुटी | श्लोक संख्या | २४ |
| ७. | सातौं खण्ड | खप्तडका तह र ताल तलैया | श्लोक संख्या | २० |
| ८. | आठौं खण्ड | खप्तडमा नदीनाला | श्लोक संख्या | २० |
| ९. | नवौं खण्ड | खप्तडका कोट, थुम्का र पाटनहरू | श्लोक संख्या | ३२ |
| १०. | दशौं खण्ड | खप्तडमा पशुपन्छी | श्लोक संख्या | ६४ |
| ११. | एघारौं खण्ड | पौराणिक खप्तड | श्लोक संख्या | ८४ |
| | | | जम्मा श्लोक संख्या | ४३२ |

यस खण्डकाव्यका जम्मा ४३२ श्लोकहरू स्वाँरकै मौलिक रचनाहरू हुन् । यो कृति खप्तडको स्तुति वा चित्रण गरिएको प्रकृतिवाक्यका रुपमा रहेको देखिन्छ साथै संरचनाका हिसाबले यो काव्य उत्कृष्ट रहेको पाइन्छ ।

**ङ) भाषाशैली**

भाषाशैलीका दृष्टिले यो खण्डकाव्य निकै ओजपूर्ण देखिन्छ । सरल र सहज भाषाको प्रयोगले यो काव्य पढ्ने बित्तिकै बुझिने किसिमको रहेको छ । कहीं कतै स्थानीय भाषिकाको प्रयोग भएपनि यस काव्यमा झर्रो नेपाली शब्दको प्रयोगले निकै परिष्कृत रहेको पाइन्छ ।

**च) लयविधान**

प्रस्तुत खण्डकाव्यको लयविधानलाई हेर्दा ४३२ श्लोकमध्ये ६४ श्लोक अनुष्टुप छन्दमा रचिएका छन् भने अरु बाँकी ३६८ श्लोकहरू शार्दूलविक्रीडित छन्दमा रचिएका पाइन्छन् । छन्द र अलङ्कारमा स्वाँरले त्यति ध्यान नदिइए तापनि प्रस्तुत काव्य सरल र सम्प्रेषणीय देखिन्छ । वास्तवमा यस खण्डकाव्यको लय सरल,

नियमित र अनुशासित छ । लय जति सरल छ त्यतिकै रुपमा कविका अनुभूतिहरू सरल, सहज र सरस भएर अभिव्यक्त भएको पाइन्छ, साथै यस खण्डकाव्यमा शैलीशिल्प अत्यन्त परिस्कारपूर्ण भएको देखिन्छ ।

**छ) उद्देश्य**

नेपाली साहित्यको क्षेत्रमा झुलुक्क देखा पर्न खोजेका साहित्यकारका रुपमा स्थापित हुन खोजेका स्वाँरले 'सेतीको मन्दिर', 'खप्तड' एक पर्यटकीय स्थलका रुपमा साथै धार्मिक स्थलका रुपमा रहेको हुँदा त्यसको वास्तविकतालाई जसनसमक्ष पुऱ्याउने उद्देश्यले यस काव्यको रचना गरेको पाइन्छ । सेती अञ्चलको एउटा मन्दिरकै रुपमा चिनिने 'खप्तड' सेतीको मनिदर नामले त्यस क्षेत्रका विभिन्न वनपाखा, नदीनाला, डाँडा-काँडा, ताल-तलैया, पशुपन्छी आदि सबैको बारेमा यथार्थ चित्रण गरी सुदूरपश्चिमकै एक महत्वपूर्ण स्थलका रुपमा खप्तडलाई चिनाउन सेतीको मन्दिर नामाङकन गरी यस खण्डकाव्यको रचना गरेको पाइन्छ ।

**ज) रसभावको सृजना**

जीवनको एक अंशको प्रस्तुती खण्डकाव्यमा हुने भएकोले खण्डकाव्यकारले कुनै एक रसको पुष्टिकालाई अनेक रसहरू आएका हुन्छन्, त्यसकारण अनेक रस र अनेक भावको सृजना भएपनि जीवनको एक खण्डकै अभिव्यक्ति खण्डकाव्यले गर्ने हुनाले एउटै रस र एउटै भावको स्थितिलाई परिणाममा पुऱ्याएर खण्डकाव्यकारले काव्यात्मक प्रभावकारिता बढाउने गर्दछन् । प्रस्तुत 'सेतीको मन्दिर' खप्तड नामक खण्डकाव्यात्मक कृतिमा स्वाँरले शान्त रसको प्रयोग गरेको देखिन्छ । उनको यस कृतिमा शान्त रसको वरण गर्ने सम्पूर्ण तथ्यहरू समेटेको हुँदा वा खण्डकाव्यको सुरुदेखि अन्त्यसम्म प्रकृतिको सुन्दर चित्रण गरिएकोले यस कृतिमा शान्त रस झल्किएको पाइन्छ ।

**झ) निष्कर्ष**

प्रस्तुत 'सेतीको मन्दिर' 'खप्तड' खण्डकाव्य नेपाली कविताको सौन्दर्यवाटिका जस्तो देखिनछ । 'सेतीको मन्दिर', 'खप्तड', प्रकृति र जिन्दगानी बहुमुखी छविको सहज, परिष्कृत रमणीय अभिव्यक्तिका रुपमा देखापरेको पाइन्छ । प्रकृतिको अनेकतामा एकता छ र एकतामा अनेकता देख्ने स्वाँरको यस काव्यमा प्रकृतिको

उपासना गरिएको पाइन्छ र प्राकृतिक विराटताको संक्षिप्त चिनारी दिएको पाइन्छ । स्वाँरले यस काव्यमा निहित ११ वटै खप्तडको अवस्थालाई ४३२ श्लोकको प्रयोग गरी स्पष्ट चित्रण गरेका छन् । ३२ पृष्ठमा संरचित यस खण्डकाव्यमा धार्मिक-सांस्कृतिक र व्यवहारिकतालाई परिपुष्ट काव्यमा विशुद्ध प्रकृतिमात्रको चित्रण नगरी व्यवहारविना प्रकृतिलाई उतारेको पनि पाइन्छ । त्यसकारण 'सेतीको मन्दिर' नामक खण्डकाव्य निकै उत्कृष्ट खण्डकाव्यका कोटिमा राखेर हेर्न लायकको देखिन्छ ।[५४]

### ४.१.३.५ गीतिकाव्यको परिचय

### ४.१.३.५.१ गोठाले ठिटो गीतिकाव्यको विवेचना

**विषयप्रवेश**

साहित्यिक र बौद्धिक क्षेत्रमा पनि आजको बदलिँदो विश्वको परिस्थिति र निकटताका कारणले व्यापकता र प्रगति हुँदै गइ राखेको परिवर्तनको क्रममा विगतका जीवनशैली र वातावरणको चित्रण लेखनीको माध्यमद्वारा वर्तमान समाजलाई अवगत गराई त्यसको उपयोगीता ठान्ने स्वाँरको 'गाठोले-ठिटो' गीतिखण्डकाव्य कृति वि.स. २०५१ सालमा प्रकाशित भएको हो । यो कृति स्वाँरकै मौलिक रचना हो । झ्याउरे लयमा आबद्ध गरी रचिएको सेती अञ्चलको पहाडी जिल्ला अछामको एक गोठालाको जीवनशैलीसँग मिल्दो जुल्दो चित्रण र त्यस भेगको रहन-सहन, वेषभूषा, बोली-भाषा र प्राकृतिक वातावरणलाई यथासक्य रुपमा देखाउन प्रयास गरिएको कृति 'गोठाले ठिटो' गीति खण्डकाव्यको विश्लेषण खण्डकाव्यको तत्वका आधारमा निम्नानुसार गरिएको छ ।[५५]

**क) शीर्षक**

कुनै पनि साहित्यिक रचनाको शीर्षक हुन्छ । साहित्यिक रचना विना शीर्षकको  हुँदैन । शीर्षकले कृतिको सारभूत भाव, विचार वा अन्य मुख्य पक्षको चिनारी पनि दिने हुँदा, प्रस्तुत स्वाँरको 'गोठाले ठिटो' गीतिखण्डकाव्यको शीर्षक ग्रामीण परिवेशको हरेक मोडको चित्रण गर्दै एक जना गोठालाले आफ्नो जीवनमा

---

[५४] स्वाँर, नृपबहादुर, **पूर्ववत्** पृष्ठ १-३२ ।

[५५] स्वाँर नृपबहादुर, **गोठाले ठिटो,** काव्यबाट साभार ।

खेप्नुपरेका अनेक दु:खकष्ट, बाध्यता, विवशता आदिको चित्रण यस काव्यमा गरिएकोले साथै गोठालाको सम्पूर्ण जीवनलाई यस काव्यमा मुख्य विषयवस्तुका रुपमा वरण गरेको हुँदा यस कृतिको शीर्षक 'गोठाले ठिटो' राखिएको देखिन्छ । गरिब, निमुखा र सोझो गाउँले ठिटाको जीवनमा आइपरेका अनेक समस्या, बाधा अड्चनका साथै समस्यै समस्याको बारेमा यसकृतिमा उल्लेख गरिएकोले 'गाठाले ठिटो' नामक शीर्षक दिइएको पाइन्छ । त्यसकारण यस कृतिको 'गोठाले ठिटो' नामक शीर्षक निकै सार्थक देखिन्छ ।

**ख) विषयवस्तु**

नेपाली साहित्यका विविध विधामा आफ्नो अमूल्य योगदान दिँदै देखापर्न खोजेका स्वाँरको 'गाठाले ठिटो' गीति खण्डकाव्य एक महत्वपूर्ण कृतिका रुपमा देखापरेको छ । हाम्रो समाजमा भेष-भूषा, रीतिरिवाज र बोलीभाषा हिजोको भन्दा आजको तुलनामा निकै अन्तर ठान्ने स्वाँरले आफू जन्मे हुर्केको ठाउँ, त्यही माटोप्रतिको मायाममता र भक्तिलाई आफ्नो मानसपटलमा सदैव स्मरणीय राख्न यस काव्यात्मक लेखनीबाट गाउँले रीतिरिवाजका साथै गोठालाको वास्तविक जीवन र उसले भोगिरहेको यथार्थ दिनचर्यालाई मुख्य विषयवस्तु बनाइएको देखिन्छ । मान्छे गाउँले होस् वा शहरीया, शिक्षित-अशिक्षित जस्तो सुकै भए पनि उसमा रहेको भावात्मकता, हार्दिकता भन्ने कुरा एकै नास रहन्छ भन्ने स्वाँर 'गोठाले ठिटो' को माध्यमबाट यस काव्यमा प्रस्तुत गर्न पुगेका छन् । वयस्क उमेरमा प्रेमीप्रमिका वा पति पत्नी प्रतिको इच्छा आकाँक्षा कतिसम्म हुँदो रहेछ भन्ने कुरा त्यस वातावरण र परिस्थितिसँग दाँज्दै मनका कथा-व्यथा दर्द, पीडा, मनैमा दमित हुन बाध्य हुन्छन् भन्ने प्रसङ्गलाई स्वाँरले यस काव्यको मुख्य विषयवस्तु बनाएका छन् । विषयवस्तुका हिसाबले यो काव्य निकै उत्कृष्ट देखिन्छ ।

**ग) कथनपद्धति**

एउटै रचनाको कथनमा रचनाकारले कविप्रौढोक्ति कथनको मात्र उपयोग गरिएको हुन्छ भने कते कविनिबद्धवक्तप्रौढोक्ति र कतै मिश्रित कथन पद्धतिको पनि प्रयोग गरेको पाइन्छ । प्रस्तुत 'गोठाले ठिटो' नामक गीतिखण्डकाव्यात्मक कृतिमा स्वाँरले कविनिबद्धवक्तप्रौढोक्ति कथन पद्धतिको प्रयोग गरी यस गीतिखण्डकाव्यको

रचना गरेको पाइन्छ । 'गोठाले ठिटो' गीतिखण्डकाव्यमा स्वाँरले गोठालाको जीवन वा गाउँले जीवनको अवस्था स्वयम् आफ्नै मन-मस्तिष्कबाट उद्घोष नगरी एक गाउँले ठिटोको मार्फत गाउँले जीवनको यथार्थ र वास्तविकताको चित्रण गर्ने काम गरेका छन् । त्यसैले कथनपद्धतिका हिसाबले 'गोठाले ठिटो' गीतिखण्डकाव्यात्मक कृति स्तरीय देखिन्छ ।

**घ) संरचना**

प्रस्तुत 'गोठाले ठिटो' नामक गीतिखण्डकाव्यको बाह्य संरचना सर्गको विभाजन भन्दा सर्गयोजना मुताबिक नै खण्ड-खण्डगरी १२ खण्डमा विभाजन गरिएको छ । यो काव्य ४४ पृष्ठमा संरचित छ । ४४ पृष्ठमा संरचित यस काव्यको श्लोक संख्या निम्नानुसार रहेका छन्-

| | | | | |
|---|---|---|---|---|
| १. | पहिलो खण्ड | वर्षपछिको लेक | श्लोक संख्या | ३६ |
| २. | दोस्रो खण्ड | स्वप्नमा गोठाले ठिटो | श्लोक संख्या | ७२ |
| ३. | तेस्रो खण्ड | स्वप्नबाट बिउँझदा गोठालो | श्लोक संख्या | ४८ |
| ४. | चौथो खण्ड | गोठालो गाउँमा | श्लोक संख्या | २० |
| ५. | पाँचो खण्ड | रातमा गोठालो गोठमा | श्लोक संख्या | ९६ |
| ६. | छैठौं खण्ड | गोठाले ठिटो मैनीको बाटोतिर | श्लोक संख्या | ५२ |
| ७. | सातौं खण्ड | मैनी गाउँदेखि गोठसम्म | श्लोक संख्या | २६४ |
| ८. | आठौं खण्ड | पति पत्नीको मधुर मिलन | श्लोक संख्या | ११६ |
| ९. | नवौं खण्ड | पति पत्नीको जोडी लेकदेखि औलतिर | श्लोक संख्या | ११२ |
| १०. | दशौं खण्ड | पतिपत्नीको विछोड | श्लोक संख्या | २८ |
| ११. | एघारौं खण्ड | गोठालाको वियोग र विलौना | श्लोक संख्या | ७६ |
| १२. | बाह्रौ खण्ड | अन्त्यमा | श्लोक संख्या | २८ |
| | | | जम्मा श्लोक संख्या | ९०८ |

यसरी यो काव्य संरचनाको हिसाबले नेपाली साहित्यको काव्यविधाको गीतिखण्डकाव्यका कोटिमा राखेर हेर्न निकै उत्कृष्ट देखिन्छ ।[५६]

---

५६ ऐजन् ।

## ङ) भाषाशैली

नेपाली साहित्यका विविध विधामा आफ्नो कलम चलाउन सफल देखिएका स्वाँरले 'गोठाले ठिटो" गीतिखण्डकाव्यमा आफ्नो मौलिक भाषाशैलीको प्रयोग गरेको पाइन्छ । नेपाली झर्रा शब्दको प्रयोग गरी सरल र सहज भाषाको प्रयोगले यो गीतिखण्डकाव्य निकै स्तरीय देखिन्छ । कहीं कहीं पश्चिमी भाषिकाको प्रयोग भने देखिएको छ । त्यस प्रयोगले पनि यो काव्य निकै उत्कृष्ट ठहरिएको छ । सरल भाषाशैलीका कारण यो काव्य पाठकहरूलाई पढ्न र बुझ्न निकै सजिलो देखिन्छ । यो काव्य मीठो लयात्मक किसिमको र निकै सम्प्रेषणीय रहेको पाइन्छ ।

## च) लयविधान

प्रस्तुत काव्यकृतिमा रहेका ९०८ श्लोकहरू सबै झाउरे लयमा रहेका छन् । छन्दका हिसाबले यो काव्य निकै सम्प्रेषणीय देखिन्छ । साह्रै मीठो र सुरिलो भाषामा लयबद्ध गरी गाउँन सकिने यस काव्यमा ग्रामीण स्तरका केही शब्दहरूको प्रयोग पनि पाइन्छ । यस्ता प्रयोगले ग्रामीण जीवनको यथार्थ र वास्तविकता यस काव्यले बोकेको साथै ग्रामीण परिवेशमा जनचेतना फैलाउने काम गरेको देखिन्छ । 'गोठाले ठिटो' र मैनाको वास्तविक पीडा, आन्तरिक मर्म आदिलाई सरल सुवोधलयमा अभिव्यक्त गरेको पाइन्छ । लय विधाका हिसाबले यो काव्य निकै स्तरीय देखिन्छ ।

## छ) उद्देश्य

प्रस्तुत 'गाठाले ठिटो' गीतिखण्डकाव्यमा सुदूरपश्चिमको अछाम जिल्लाको विभिन्न गाउँहरूमा बसोबास गर्ने ग्रामीण मानिसका जीवनका यथार्थ र वास्तविक कथा व्यथालाई झल्काउने उद्देश्यले यस काव्यको रचना गरेको पाइन्छ । गाउँले जनजीवनमा मान्छेले बाँच्नको लागि के कस्ता कठिनाइ खप्नु पर्दोरहेछ भन्ने कुराको सङ्केत गर्दै त्यहाँको धार्मिक, आर्थिक, सामाजिक, साँस्कृतिक, रीतिरिवाज समाजका साम‍ु चित्रण गर्ने उद्देश्यले यस काव्यको रचना गरिएको देखिन्छ । पति पत्नीमा हुने मायाप्रेम तर परिस्थितिले बन्धनमा पारेको अवस्थालाई उदृत गर्दै स्वच्छ र पवित्रमायाको परिभाषा दिने काम यस काव्यको रहेको पाइन्छ । गाउँले वेषभूषा, रहन सहन, बोलीचाली, खानपिन सम्पूर्ण कुराको यथार्थ चित्रण गर्ने उद्देश्यले यस काव्यको रचना गरिएको देखिन्छ ।

**ज) रसभावको सृजना**

खण्डकाव्यमा खण्डकाव्यकारले कुनै जीवनको एक अंशको प्रस्तुतीमा रसको सृजना गरेको हुन्छ तर रसका दृष्टिका लागि अनेक रसहरू आएका हुन्छन् । त्यसैले अनेक रस र अनेक भावको सृजना भए पनि खण्डकाव्यकारले जीवनको एक खण्डमा एउटै रस र एउटै भावको स्थितिलाई परिणाममा पुऱ्याएको हुन्छ । प्रस्तुत 'गोठाले ठिटो' गीतिखण्डकाव्य कृतिमा स्वाँरले श्रृङ्गार रसको प्रयोग गरेको देखिन्छ । यस रसको पुष्टिका लागि स्वाँरले यस काव्यमा करुण रसका साथै झिनो रुपमा अन्य रसको पनि प्रयोग गरेको पाइन्छ । यस गीतिखण्डकाव्यमा सुरुदेखि अन्त्यसम्म श्रृङ्गारिकताको राम्रो चित्रण गरेको हुँदा यस काव्यमा श्रृङ्गार रस विशेष झल्किएको पाइन्छ ।[५७]

**झ) निष्कर्ष**

प्रस्तुत 'गोठाले ठिटो' गीतिखण्डकाव्यमा स्वाँरले सौन्दर्य चेतना, प्रकृतिप्रेमको वर्णनका साथै ग्रामीण जनजीवनको यथार्थ चित्रण गरिएको पाइन्छ । कथावस्तुको प्रयोगले पनि स्वाँरले झाउरे छन्दमा मान्छेका मानसिकताका अर्न्तद्वन्द्व गोठाले ठिटो र मैनाको माध्यमद्वारा वा प्रेमसम्बन्धी भावनालाई अङ्कृत पनि सफल देखिन्छन् । यस्तै ग्रामीण अवस्थाको वास्तविक वस्तुस्थितिलाई उतार्ने काम यस काव्यबाट भएको पाइन्छ । त्यसैले स्वाँरको यो काव्य निकै स्तरीय रहेको देखिन्छ ।

## ४.२ उपन्यासकार स्वाँर र उनका औपन्यासिक कृतिहरूको विवेचना

### ४.२.१ उपन्यास विधाको सामान्य परिचय

नेपाली साहित्यको भण्डारमा देखापरेका विविध विधाहरू मध्येको उपन्यास एक महत्वपूर्ण विधाका रूपमा देखिन्छ । यस विधाको आफ्नै किसिमको अस्तित्व रहेको पाइन्छ, यसको संरचना कथावस्तु, पात्र भाषाशैली आदि आफ्नै किसिमको रहेको पाइन्छ । उपन्यास शब्दको व्युत्पत्ति र प्रारम्भलाई बुझ्ने हो भने यस उपन्यास शब्दलाई तत्सम् शब्दका रूपमा लिइन्छ । शाब्दिक व्युत्पत्ति केलाउने हो भने उपन्यास शब्द अस् धातुमा 'उप' र 'नि' उपसर्ग तथा 'धञ' (अ) प्रत्यय लागेर

---
[५७] ऐजन् ।

बनेको देखिन्छ । अर्थात उपन्यास शब्द उप+नि+अस्+धञ् (अ)= 'उपन्यास' भएर बनेको पाइन्छ । अस् धातुबाट 'राख्नु' भन्ने अर्थ बोध हुन्छ भने उपन्यास शब्दबाट 'नजिक राख्नु' भन्ने कार्य निष्पन्न हुन्छ ।

उपन्याससँग नजिकको साइनो गाँस्ने प्रकारका रचना विशेषतालाई संस्कृतिमा 'आख्यान' वा 'आख्यायिका' रूपमा त अंग्रेजीमा 'नोभल' (Novel) र नेपालीमा उपन्यासका रूपमा चिनिने उपन्यास विधा आजको साहित्यिक परिसरमा लोकप्रिय तथा जीवनलाई सर्वोत्कृष्ट रूपमा आत्मसात गर्न सक्ने विधाका रूपमा चर्चित रहेको पाइन्छ । उपन्यासले जीवन र जगत्का केही महत्वपूर्ण अर्थहरूलाई छोएको हुन्छ भने यस्ता मर्महरूमा नै सिर्जनाको आस्था र इज्जत सुरक्षित पनि रहेको हुन्छ । केवल एकछिनको रमाइलो अवस्थामा मात्र होइन, घटना र जीवनका सूक्ष्म तत्वहरूको संयोजनमा नै उपन्यासको सम्पूर्ण स्वरुप अडेको हुन्छ । सत्य, तथ्य र इतिहासको प्रस्तुति भएको, समाजको प्रस्तुतीकरण, आफ्नै समाजशास्त्र भएको, साहित्यिक विधाका रूपमा चिनिने, एक आख्यानात्मक स्वरुपवरण गरेको, जीवनको प्रक्षेपणका साथै गद्यमा लेखिने साहित्यिक विधा नै औपन्यासिक विधा हो । उपन्यास यथार्थसँग प्रत्यक्ष रूपमा सम्बन्ध राख्ने साहित्यिक विधा हो । साहित्यिका सबै विधाले भन्दा यसले नै मानवीय सत्यलाई कलात्मक रूपमा पाठकका सामु प्रस्तुत गर्ने सामर्थ्य राख्दछ । जीवनका विविधता र यससँग सम्बन्धित विषयवस्तुलाई प्रस्तुत गर्ने भएकाले उपन्यासको भाषा पनि स्वभाविक तथा यथार्थसम्मत हुन अनिवार्य नै हुन्छ । संसारका मानिसहरूले विचारको आदानप्रदान गद्यमा नै गर्छन् । यसले गर्दा उपन्यास पनि गद्यमा नै लेखिने गरेको पाइन्छ ।[५८]

## ४.२.२ उपन्यास विधाका तत्वहरू

### क) शीर्षक

कुनै पनि सिर्जनालाई राम्ररी चिन्न त्यसको शीर्षक हेरे पुग्छ अर्थात शीर्षकले साहित्यिक सृजनालाई प्रष्ट पार्दछ । उपन्यासको शीर्षक यसका विभिन्न पक्षबाट लिन सकिन्छ ।

---

[५८] बराल, कृष्णहरि, एटम, नेत्र, **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास,** ललितपुर : दोस्रो सं. साझाप्रकाशन, २०५८, पृष्ठ ९ ।

**ख) कथावस्तु**

जुन घटनाको सेरोफेरोमा उपन्यासकारले पाठकलाई डुलाउँछन् त्यो नै उपन्यासको कथावस्तु हो । उपन्यासका कथावस्तुमा घटनाहरू कार्यकारण श्रृङ्खलामा बाँधिएका हुन्छन् । कथावस्तु विभिन्न उपकरण मिलेर बनेका हुन्छन् । ती उपकरणहरू हुन् : कथासूत्र, मुख्यकथानक प्रासङ्गिक कथानक, उपकथानक आदि । जसलाई उपन्यासकारले आवश्यकता अनुसार प्रयोग गर्दछ ।

**ग) पात्रविधान**

उपन्यासको कथावस्तुलाई बोकेर कुनै पनि कार्य सम्पादन गर्ने चरित्रलाई पात्र भनिन्छ । मानव जीवनको व्यापक भाष्य उतार्ने कार्यव्यापार आदिका नामले पनि चिनाउने प्रयास गरिन्छ । पत्रविधानको विशेषता के हुनुपर्छ भने पाठकले विभिन्न पात्रहरूलाई सरल तरिकाले चिन्न र यथावश्यक तादात्म्यको अनुभव गर्न सकुन् । चरित्र व्यक्ति जीवनको बाह्य र आन्तरिक प्रवृत्तिहरूको मूल व्यञ्जनसित सम्बद्ध हुने हुनाले यसको चित्रणमा व्यक्तिले जीवन स्वयम् मनुष्य र उसको बृहत्तर सत्य हो, जसको अध्ययन गर्नु उपन्यासको अभिष्ट ठहरिन्छ । त्यसैले विषयवस्तुलाई मूर्तता प्रधान गर्न पात्रहरूको उपन्यासमा महत्वपूर्ण भूमिका रहन्छ ।

**घ) पर्यावरण (देश, काल र वातावरण)**

उपन्यासमा कुनै देश वा स्थानको परिप्रेक्ष्यमा कुनै निश्चित कालखण्डको चित्रण गरिएको हुन्छ । जहाँ रहेर पात्रहरू काम गर्दछन् । त्यस्तो घटनाको समय, वरिपरिको आन्तरिक र बाह्य स्थिति, आदिलाई देश, काल तथा वातावरण भनिन्छ । हिमांशु थापाका अनुसार समाजको एउटा निश्चित समय र ठाउँ विशेषको चित्रण र विश्लेषण नै वातावरण हो । 'हिन्दी साहित्यकोश' का अनुसार पात्रहरूको व्यक्तित्व चित्रण उसको कुराकानीबाट हाम्रो अगाडि उपस्थित हुन्छ तर ती पात्र जुन परिस्थिति र वातावरणमा रहेर कार्य गर्दछन् । त्यो विना पात्रहरूको चित्रण परिपूर्ण हुँदैन, त्यो शुन्यमा हल्लिएजस्तो यथार्थ लाग्दछ । तसर्थ के आवश्यक छ भने कथानकका घटनाहरू छरित हुने सम्पूर्ण परिस्थिति उसको स्थान र समय हाम्रो कल्पना अङ्कित गर्नुपर्छ जसमा हामीले पात्रहरूको सजीवतामा विश्वास गर्न सक्दछौं । वस्तुतः उपन्यासमा पात्रहरूकै सरह देशकालको पनि आफ्नै महत्व हुन्छ ।

**ङ) द्वन्द्व**

उपन्यासमा प्रयुक्त पात्रहरूका बीच घातप्रतिघात हुन्छ । यसलाई नै सामान्यतः द्वन्द्व भनिन्छ । द्वन्द्वलाई आन्तरिक र बाह्य गरी दुई भागमा बाँडेको पाइन्छ । पात्र-पात्राबीच प्रत्यक्ष रूपमा देखिने द्वन्द्व आन्तरिक द्वन्द्व हो, यसलाई मनोद्वन्द्व पनि भन्ने गरेको पाइन्छ भने पात्र-पात्रा बीच लडाई, झै-झगडा, कुटपिट, हानाहान गरेको बाह्य द्वन्द्व हो ।

**च) संवाद**

उपन्यासका पात्रहरूबीचको वा घटनाको सन्दर्भमा परस्परमा व्यक्त गरेका प्रतिक्रियाहरू, उनीहरूका बीचका छलफल र कुराकानीलाई संवाद भनिन्छ । पात्र-पात्रहरूका बीचमा आ-आफ्ना विचार भावना र हर्ष-विषाद, उल्लास-विस्मय, करुणा-क्रोध आदि मनोरोगहरूलाई व्यक्त गर्नका लागि हुने पारस्परिक वार्तालापलाई संवाद वा कथोपकथन भनिन्छ । एकोहोरो वर्णनबाट कुने नीरसता, सरसता र एकाङ्गीतामा पूणाङ्गीता ल्याउनका लागि संवादको विशिष्ट भूमिका रहन्छ । यसरी उपन्यासमा रोचकता, नवीनता र कौतुहलतापूर्ण स्थिति सिर्जना गर्नका लागि संवादको महत्वपूर्ण भूमिका रहन्छ ।

**छ) संरचना**

संरचना भन्नाले उपन्यासको सन्दर्भमा यसको बनावट भन्ने बुझिन्छ । संरचनालाई बाह्य र आन्तरिक गरी दुई भागमा बाँडेको हुन्छ । यसबाट उपन्यासको निर्माण कसरी भएको छ भन्ने कुरा थाहा पाउन सकिन्छ ।

**ज) प्रतीक र बिम्ब**

कुनै कुराको सट्टामा प्रयोग गरिने शब्द वा सङ्केत प्रतीक हो भने त्यस शब्द वा वाक्यबाट प्रकट हुने अर्थ बिम्ब हो । यसलाई स्पष्ट पार्दै यसो भनेको पाइन्छ- "प्रत्यक्ष रूपमा एउटा कुरालाई सङ्केत गर्ने वस्तु वा घटनलाई प्रतीक भनिन्छ । बिम्ब भनेको कुनै कुराको शब्दबाट प्रकट गरिने मानसिक तस्वीर । यसरी प्रतीक र बिम्बबाट विशिष्ट कुरा ज्ञात गराउन सकिन्छ ।

झ) भाषाशैली

भाषा सम्पूर्ण साहित्यिक विधाको अभिव्यक्तिको माध्यम हो । भाषाको जति प्रयोग उपन्यासमा हुन्छ त्यति अन्य विधामा हुँदैन । यसैले भाषा साहित्यिक अभिव्यक्तिको पनि माध्यम हो । व्यक्तिको मनमा भाव व्यक्त गर्ने सार्थक ध्वनिको समष्टि तथा लिखित अक्षरलाई नै भाषा भनिन्छ । त्यसकारण भाषाको माध्यमबाट विभिन्न भाव वा विचार व्यक्त गर्ने विभिन्न ढंग वा विधिनै शैली हो ।

ञ) उद्देश्य

कुनै पनि रचनाको सिर्जना गर्दा कुनै न कुनै उद्देश्य रहेको हुन्छ । मानवीय जीवनको अध्यन गरी आफूले अनुभव गरेको सत्यलाई प्रत्यक्ष वा अप्रत्यक्ष तवरमा कुनै जीवनदर्शन वा विचार अभिव्यक्त गर्नु उसको कृतिको उद्देश्य हुन्छ । यसर्थ उपन्यासद्वारा कुनै विचार अभिव्यक्त गर्ने वा कुनै कुरा भन्ने उद्देश्य उपन्यासकारमा स्वभाविकै रहन्छ । यसरी उपन्यासको माध्यमद्वारा लेखकले भन्न खोजेको कुरा नै उद्देश्य हुनपुग्छ ।

४.२.२.१ स्वाँरका औपन्यासिक कृतिहरूको विवेचना

४.२.२.१.१ 'कुसुमी' उपन्यासको विवेचना

क) शीर्षक

नृपबहादुर स्वाँरले आफ्नो उपन्यास 'कुसुमी' यसका प्रमुख नारीपात्रकै नाम राखेका छन् । घटना भन्दा पात्रको चरित्र सबल रहेको यस उपन्यासमा सम्पूर्ण घटना र पात्र 'कुसुमी' कै सेरोफेरोमा घुमेका छन् । उपन्यासको यसप्रबल चरित्रचित्रणका आधारमा यस उपन्यासको शीर्षक 'कुसुमी' सार्थक छ । यस उपन्यासमा घटनावस्तु ज्यादै कमजोर छ । उपन्यासमा 'कुसुमी' कै क्रियाकलापले गर्दा सम्पूर्ण घटनाहरूलाई संगठित गरेर विकास गराउने काम गरिएको छ । त्यसैले यस उपन्यासको शीर्षक 'कुसुमी' सार्थक र युक्तिसंगत छ ।

ख) कथावस्तु

प्रस्तुत उपन्यासको कथावस्तु आदिदेखि अन्त्यसम्म एउटै मुख्य घटनामा केन्द्रित रहेको छ । यसमा रहेका उपकथावस्तुले पनि मुख्य कथावस्तुलाई गतिदिने

काम गरेको पाइन्छ । पृष्ठ ५६ देखि ६६ सम्म यस उपन्यासका प्रमुख पात्र (जीवन) कै केन्द्रीयतामा मुख्य कथावस्तु बगेको छ । सहायक पात्र (पविता, मुखिया, मुखियानी) का माध्यमबाट सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्यका साथसाथै सुधारको सन्देश लिएर उपकथावस्तु पनि समावेश गरेको पाइन्छ ।

प्रस्तुत उपन्यासको कथावस्तु 'कुसुमी' को घरबाट सुरु भएर, कुसुमीकै जीवनबाट सुरु भएर कर्णाली सेरोफेरोमा पर्ने भिर्कु गाउँ, नवागाउँ हुँदै कर्णालीको तीर पुनः कुसुमीको घरमा आएर टुङ्गिन्छ । कथावस्तु नायक/प्रमुखपात्र जीवनसँग सम्बन्धित भएर साथै नायिका प्रमुख पात्र 'कुसुमी' सँग सम्बन्धित भएर आएका अन्य पात्रहरूको चरित्रहरू समेतलाई समेट्दै अगाडि बढेको छ । 'कुसुमी' नेपाली ग्रामीण समाजमा रहेकी तल्लो (मतवाली) उपेक्षित वर्गको अशिक्षित र गरिब पात्र हो भने उता अर्को 'जीवन' नेपाली ग्रामीण समाजमा रहेको माथिल्लो वर्गको शिक्षित र धनी पात्र हो । तर पनि तागाधारी, उच्चवर्गीय, घमण्डी मुखिया र छुचो स्वभावकी मुखिनीको छोरो जीवन निम्नवर्गीया मतवाली जातकी लाहुरे-लाहुर्नीकी छोरी कुसुमीसित प्रेम गर्छ र आफ्नो वंशगत, रुढि-रुक्ष, सामन्तवाद प्रतिविद्रोहको झण्डा उठाउँछ । तल्लो वर्गकी नारी जातिप्रति स्वयं स्वाँरको विशेष सहानुभूति रहेको पाइन्छ । युवा पुस्ताको अति काँचो प्रेममा आधारित उपन्यास बीच बीचमा डगमगाएको पनि छ । उपन्यासलाई सजीवता दिनको लागि उपन्यासकार स्वाँरले उपन्यासभित्र अन्य कतिपय पात्रहरूको सिर्जना गर्नुभएको छ, जसले उपन्यासलाई सरल बनाएको छ ।

यसरी उपन्यासका गौण कथानकका माध्यमबाट सुक्ष्म रूपमा पनि प्रशस्त अन्याय, शोषणका रुप, अत्याचार, शंका, जालझेल, थिचोमिचोलाई देखाएको छ । 'पविता' लाई मुखिनीले शंकाकै आधारमा पिट्नु, लाहुरेलाई मुखियाले बोलाएर तेरी छोरीलाई माइतमा राख्न मिल्दैन, खुरुक्क पोइलीघर पठाइदे भन्नु आदि यसका उदाहरण हुन् । यस उपन्यासले सामाजिक यथार्थको चित्रणका साथसाथै मानवता, रुढिग्रस्त समाजको भण्डाफोर, समान व्यवहार आदिको राम्रो चित्रण गरेको पाइन्छ ।

यसरी सामाजिक, रुढिवादी परम्परा, धर्मसंस्कृति शोषण नीति, सानो-ठूलो, धनी गरिबको भेदभावको विरुद्ध क्रान्तिकारी स्वर उचाल्न पनि 'जीवनको' माध्यमबाट उपन्यासकारले सुक्ष्म रूपमा सूचित गरेका छन् । समष्टिगत रूपमा

हेर्दा नेपालको पश्चिम पहाडका हरेक गाउँले जीवनका निमुखा सोझा मानिसहरू माथि सामन्ती समुदायद्वारा आर्थिक, सामाजिक र साँस्कृतिक शोषणको ज्यादै प्रखर तथा स्वभाविक चित्रणलाई प्रस्तुत उपन्यासले आफ्नो कथावस्तु बनाउनुका साथै मुख्य रुपले स्वच्छ प्रेमको परिभाषा दिँदै पवित्र प्रेमलाई कथावस्तु बनाएको छ । यसरी यस उपन्यासको कथावस्तु सरल छ । एउटै पात्र कुसुमीको केन्द्रीयतामा बगेको छ । विभिन्न पात्रहरूले भोग्नु परेका आर्थिक, सामाजिक जातभात, संस्कृति समेतलाई समावेश गरी यसको कथावस्तु निर्माण गरिएको छ । कथावस्तु अत्यन्त दुःखान्त र विसङ्गतिपूर्ण देखिन्छ ।

**ग) पात्रविधान**

आधुनिक नेपाली उपन्यासको विकाससँगै कथावस्तुलाई भन्दा चरित्र चित्रणलाई बढी जोड दिन थालिएको छ । 'कुसुमी' यस्तै चरित्रप्रधान उपन्यास हो । उपन्यासमा पात्रका मनका उहापोह, अर्न्तद्वन्द्व, पीडा, यौनजन्य कुठा, आवेग-संवेग र त्यसबाट उत्पन्न पात्रका मानसिक विकृतिको चित्रण गरिन्छ । 'कुसुमी' उपन्यासमा यस्तै चित्रण छ । पात्रका विभिन्न अन्तश्चेतना र संवेदन तथा त्यस परिवेशमा आधारित उपन्यास भएकाले कुसुमी उपन्यासमा चरित्रचित्रणको स्थान अन्य औपन्यासिक तत्वहरूका तुलनामा विशिष्ट रहेको छ । पात्रहरूको संख्यालाई हेर्दा 'कुसुमी' बहुपात्रीय उपन्यास देखिन्छ । यसमा प्रशस्तै स्त्री तथा पुरुष पात्रहरू प्रमुख सहायक तथा गौण भूमिकामा रहेका पाइन्छन् । यस उपन्यासमा पुरुष र स्त्री पात्रहरूको समानता पाइन्छ । सिङ्गो उपन्यासको ढाँचालाई हेर्दा जीवन, कुसुमी सत् प्रमुख पात्र हुन् । यसमा मुखिया, मुखिनी, पविता, पवित्रा, लाहुरे, लाहुर्नी सहायक पात्रहरू रहेका पाइन्छन् । अन्य पात्रहरूको गौण उपस्थिति रहेको पाइन्छ । पात्रहरूको वर्गीकरण तालिकामा निम्नानुसार गरिएको छ ।

'कुसुमी' उपन्यासको पात्रविधानसम्बन्धी तालिका

| क.स. | पात्र | कार्यका आधारमा | प्रवृत्तिका आधारमा | स्वभावका आधारमा | जीवन चेतना | लिङ्ग | आसन्नता | आबद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १. | कुसुमी | प्रमुख | अनुकूल | गतिशील | व्यक्तिगत | स्त्री | मञ्चीय | बद्ध |
| २. | जीवन | प्रमुख | अनुकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ३. | मुखिया | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ४. | मुखिनी | सहायक | प्रतिकूल | स्थिर | व्यक्तिगत | स्त्री | मञ्चीय | बद्ध |
| ५. | पविता | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | स्त्री | मञ्चीय | बद्ध |
| ६. | पवित्रा | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | स्त्री | मञ्चीय | बद्ध |
| ७. | लाहुँरे | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ८. | लाहुर्नी | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ९. | मोती ( कुकुर) | सहायक | अनुकूल | स्थिर | प्रतिनिधि | मानवेतर | - | बद्ध |
| १०. | ठूले, सुवेदार, मुने, धर्मे, जिम्वाल, बस्नेत, विर्शल, विकेस, भिमे, गोरे, लागे, विरमान, | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ११ | सावित्री, चुनी, सुकभद्रा, सुमा | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | स्त्री | नेपथ्य | मुक्त |

कुसुमी बहुपात्र भएको उपन्यास देखिन्छ । यसमा विभिन्न प्रकृति र प्रवृत्तिका पात्रहरू पाइन्छन् । त्यसकारण नृपबहादुर स्वाँरले यस उपन्यासमा विभिन्न पात्रहरूको संयोजनबाट सिङ्गो उपन्यासको निर्माण गरेको पाइन्छ ।

### घ) पर्यावरण

प्रस्तुत उपन्यासमा मध्यपश्चिमको कर्णाली प्रदेशको सामाजिक सांस्कृतिक परिवेशको चित्रण छ । यहाँ कर्णाली अञ्चलको कर्णाली नदीको छेउछाउमा बस्ने विभिन्न धनी, गरीब, उच्च र निम्न जातजातिहरूको केही भिर्कु गाउँमा र कर्णाली नदीका तटीय क्षेत्रमा नै केन्द्रित छन् । यसैले यसको मुख्य क्षेत्र यही नै हो । यस उपन्यासमा तात्कालिन समयको नेपालमा ठूलाबडाले साना गरिबमाथि गर्ने व्यवहार, थिचोमिचो, शोषणका नीति, सामन्तप्रवृत्तिलाई देखाउने प्रयास गरेको पाइन्छ । यसरी त्यस भेगका सामाजिक जीवनलाई प्रस्तुत गर्दै विकृति र विसङ्गतिप्रति व्यङ्ग्य पनि गरिएको स्पष्ट हुन्छ । अतः तात्कालीन समयको नेपालको मध्यपश्चिम क्षेत्रमा बसोबास गर्ने सबै जनप्रति परेको सामाजिक प्रभाव समाजमा घटेका विभिन्न घटना, शोषण, हेपेहा प्रवृत्ति, जातभातप्रतिको भेदभाव आदि घटनाका विसङ्गतिहरूलाई सिर्जना गरीकेही समयलाई लिएर उपन्यासकार स्वाँरले यस उपन्यासको सिर्जना गरेको पाइन्छ ।

### ङ) द्वन्द्व

प्रस्तुत स्वाँरले यस उपन्यासमा प्रासङ्गिक कथावस्तुलाई तन्काउनको लागि केही पात्रपात्राहरूका बीचमा बाह्य द्वन्द्वको सिर्जना गरेको पाइन्छ । जस्तै :

'मुखिनीले आफ्नो घरमा राखेकी नोकर्नीलाई आफ्नो छोरासँग लसपस गर्छे भन्ने शङ्कैशङ्काले गाली गर्नु, एकदिन जीवन झ्यालबाट निस्कँदा लड्नु, पविताले थाहा पाउनु, जीवनलाई पविताले हातको सहाराले उसको कोठामा पुऱ्याइदिनु, पविता र मुखिनीको जम्का भेट भएर शङ्काकै आधारमा पविताले रातभरि पिटाइ खानु यी सब बाह्य द्वन्द्व हुन् ।

मुखिया र लाहुरेका बीच सामान्य भनाभन भएको देखिन्छ । प्रस्तुत उपन्यासमा जीवन र कुसुमीबीच सामान्य मनोद्वन्द्व पनि देखिन्छ, त्यसकारण यो उपन्यास द्वन्द्वविधाका हिसाबले पनि निकै उत्कृष्ट देखिन्छ ।

### च) संवाद

प्रस्तुत उपन्यासमा उपन्यासकार स्वाँरले सरल संवादको प्रयोग गरेको देखिन्छ । पात्रहरूले संवादद्वारा आफ्ना बौद्धिक व्यक्तित्वलाई मुखरित गर्ने काम

गरेका छन् । छोटा-मीठा र नाटकीय संवादको प्रयोगका साथै वर्णनात्मक रुपको पनि प्रयोग गरेका छन् । केही उदाहरण निम्नानुसार रहेका छन् ।

"काँ पठाउने आमा ।"

"काँ हुन्थ्यो तेरो घरमा ।"

" किन ? यो घर मेरो होइन र आमा ?"

"हो, यो घरपनि तेरै हो, तर नअन्माउनजेलसम्म ।

('कुसुमी', पृष्ठ ३)

यहाँ आमा र छोरीको बीचको संवाद सरल, छोटो र मीठो रूपमा व्यक्त गरिएको छ । यसले छोरीको जीवनका बारेमा वा छोरी ठूली भैसकेपछि वैवाहिक सम्बन्धमा बाँधिएपछि उसको घर आफू जन्मेको घर नभएर विवाह गरेको घर आफ्नो घर हुन्छ भनेर देखाइएको छ ।

"...हजुरले कप्तान दाइको फोटो सम्झिबक्स्यो ? होइन । फोटो त केटी को हो ।"

"धत, तेरी लाटा ? पहिले नै केटीको फोटो भन्नु पर्दैन त ? खोइ ले ! त्यो फोटो ।"

यहाँ ठूले र मुखियाबाका बीचको संवाद देखाएको छ । कप्तानकी छोरी जीवनका लागि कुरा चलाउन ठूलेले शहरबाट कप्तानकी छोरीको फोटो मुखियालाई देखाउने क्रममा उक्त सवाद देखाइएको हो ।

('कुसुमी', पृष्ठ १५)

"पविता दिदी एकैछिन पख्नोस त ?"
"जीवनकाजी आज भोली कहाँ जानुभएको छ ?"
"घरमा हुनुहुन्छ वहाँ त ?"
"घरमा त सबैलाई संचै छ दिदी ?"
"कसको घरमा ?"
"ए ? सञ्चैछ सबैलाई ।"

उक्त संवाद कुसुमी र पविताबीचमा भएको देखिन्छ । यस संवादमा आफ्नो प्रमी जीवनसँग धेरै दिन भेट नहुँदा कुसुमी उसैको घरको बाटो पँधेरा, धारा जाने बहानामा बाटोमा पवितासँग भेट हुँदा जीवनको बारेमा कुसुमीले बुझ्नको लागि उक्त संवाद भनिएको हो, जो सरल, छोटो र मिठो भाषामा अभिव्यक्त गरिएको छ ।

('कुसुमी', पृष्ठ ७५)

"को रहेछ लाटी ? "
"किन, कोइ छैन कि कसो ?"
"छ"
"को हुन त ?"
"नवागाउँबाट आएका"
"तँलाई लिन पठाएको होला, को आएको रहेछ हँ ?"
"आफै"
"को आफै ? ज्वाइँ बम्बैबाट फर्कि सकी कसो ?"
"फर्कि सकेको हुनाले त आए होलान् ?"

('कुसुमी', पृष्ठ १००)

उक्त संवाद कुसुमीकी आमा र छोरीको बीचको हो । यस संवादमा छोरीलाई आमाले तल घरमा आएका को हुन् भनि बुझ्न पठाउँदा आफ्नै पतिलाई देखि केही नबोली रहँदा आमाले फेरि त्यसको बारेमा राम्रोसँग बुझ्ने कोसिस गर्दा छोरीसँगको संवाद देखिन्छ । यो सरल, छोटो र मीठो भाषामा गरिएको देखिन्छ ।

यसरी प्रस्तुत उपन्यासमा स्वाँरले पात्र सुहाउँदो संवादको प्रयोग गरेको पाइन्छ । साथै पात्र-पात्राहरूको संवादमा व्यङ्ग्यको प्रयोग गर्न स्वाँर पछि हटेका छैनन् तैपनि कारुणिक र यथार्थ चित्रण छ । यसरी प्रस्तुत उपन्यास संवाद प्रयोगका हिसाबले सरल, सहज र स्वभाविक देखिन्छ ।

**छ) संरचना**

प्रस्तुत उपन्यासको बाह्य संरचना १०४ पृष्ठमा संरचित भएको १४ खण्डमा विभाजित गरिएको कोही खण्ड लामा र कोही छोटा किसिमका देखिन्छन् । यसको आन्तरिक संरचना मूल कथावस्तुलाई जोड्दै अगाडि बढाइएको छ । यसरी प्रासङ्गिक

कथावस्तुमा प्रकृति चित्रण, शंकाको कारण हुने परिणाम, शोषण, थिचोमिचो, अर्थात सामाजिक-सांस्कृतिक झलक आदि रहेको पाइन्छ ।

**ज) प्रतीक र बिम्ब**

प्रस्तुत उपन्यासमा उपन्यासकार स्वाँरले पनि प्रतीक र बिम्बको सहज प्रयोग गरेको पाइन्छ । यस उपन्यासमा कुसुमीले असुराको फुलको गहना कानमा लगाउनु नारीले लगाउने गहनाको प्रतीक हो । यस उपन्यासमा देखाइएको आँपको रुख प्रेमका बिम्बका रूपमा देखिएको छ भने ठूलेले कप्तानकी छोरीको फोटो जीवन र मुखियालाई देखाउनु प्रतीकका रूपमा देखिन्छ । यस उपन्यासमा उपन्यासकार स्वाँरले विभिन्न प्रतीक र बिम्बको प्रयोग गरी उपन्यासको रुप/आकृति दिएको पाइन्छ ।

**झ) भाषाशैली**

प्रस्तुत उपन्यासको भाषाशैली सरल, सहज रहेको छ । यस उपन्यासमा कताकति अभिधामूलक शैलीका झिल्का भेटिए तापनि मूलभूत रूपमा व्यङ्ग्यात्मक शैलीको प्रयोग गरेको पाइन्छ । यस उपन्यासमा स्वाँरले झर्रो नेपाली शब्दका साथै नेपाली भाषिकाका शब्दको पनि प्रयोग गरेका छन् । उपन्यासकार स्वाँरले पश्चिमी पहाडमा प्रचलित नेपाली शब्दहरूसित परिचित भएर नेपाली वाङ्मय बढी समृद्ध भएको छ । ग्रामीण जीवनको विविध पक्षलाई देखाउन भाषा सक्षम छ । परिष्कृत भाषा भएपनि सहज किसिमको पात्र पात्राहरूको भाव व्यक्त गर्न भाषा सक्षम देखिन्छ । प्रश्न चिन्ह, विश्मयादिबोधक चिन्हको पनि प्रयोग  छ । वाक्य गठन प्रचलित नेपाली व्याकरण अनुसार छन् तर कहींकहीं कर्ता, कर्म र क्रियाको मेल भएको देखिँदैन । यस उपन्यासमा पात्र सुहाउँदो भाषा र घटना सुहाउँदो शैलीको प्रयोग स्वाँरले गरेको पाइन्छ ।

**ञ) उद्देश्य**

प्रस्तुत उपन्यासमा स्वाँरले पश्चिमी नेपालको पहाडी जिल्लामा विद्यमान सामाजिक, साँस्कृतिक, रुढिवादी परम्परा, शोषण नीति, आदिको यथार्थ रूपमा चित्रण गर्नु रहेको पाइन्छ । कर्णाली नदीको छेउछाउमा रहेका मानिसहरूको आर्थिक अवस्था, जातभात सम्बन्धीको भेदभावको पनि चित्रण गरेको पाइन्छ । यस

उपन्यासमा उपन्यासकार स्वाँरले एकातिर अन्यय अत्याचारलाई देखाउने उद्देश्य राखेको छ भने अर्कोतिर मान्छेमा हुने स्वभाविक माया प्रेमले कुनै ठूलो-सानो, धनी-गरिब, जातविजात केही भन्दैन भन्ने कुराको तथ्यलाई समेत देखाउने रहेको पाइन्छ । त्यसकारण उद्देश्यका हिसाबले यो उपन्यास स्तरीय देखिन्छ ।

**ट) निष्कर्ष**

नेपाली साहित्यका विविध विधामा आफ्नो महत्वपूर्ण योगदान दिँदै आइरहेका एक उज्जवल ताराका रूपमा साहित्यका फाँटमा देखिएका प्रतिभा नृपबहादुर स्वाँरको 'कुसुमी' उपन्यास नेपाली उपन्यास विधामा एउटा नयाँ सामाजिक यथार्थवादी उपन्यासको रूपमा देखापरेको छ । यस उपन्यासले हाम्रो सामाजिक यथार्थलाई पूरा बोकेको छ । यसले नेपालको पश्चिमी पहाडका सम्पूर्ण ठाउँहरूलाई वा पश्चिम पहाडी जिल्लामा बसोबास गर्ने मानिसहरूको सामाजिक, साँस्कृतिक, आर्थिक, विसङ्गति, विकृतिलाई उजागर गर्दै मान्छेमा हुने स्वभाविक माया प्रेमको गहन परिभाषाका साथ अगाडि बढेको पाइन्छ । स्वाँरले सामाजिक विसङ्गति उपन्यासकारका रूपमा देखा परेर नेपाली औपन्यासिक परम्परामा थप योगदान पुऱ्याउन सकेको देखिन्छ । मात्रानुसारको प्रभावमय भाषा र मौलिक शैलीको प्रयोगद्वारा समाजको यथार्थ र तथ्यपरक चित्रणमा नै यस उपन्यासको सम्पूर्ण शक्ति केन्द्रित भएको छ ।[५९]

## ४.२.२.१.२ चिनु उपन्यासको विवेचना

नृपबहादुर स्वाँरको 'चिनु' दोस्रो प्रकाशित औपन्यासिक कृति हो । यस उपन्यासको प्रकाशन वि.स. २०५६ सालमा भएको पाइन्छ । यो उपन्यास ११८ पृष्ठमा संरचित छ । सामाजिक यथार्थतामा 'चिनु' उपन्यास केन्द्रित छ । प्रस्तुत उपन्यासलाई औपन्यासिक तत्वका आधारमा यहाँ अध्यापन गरिएको छ-[६०]

[५९] स्वाँर नृपबहादुर, **कुसुमी**, नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स को-अपरेटिभ लि. २०५५ ।

[६०] स्वाँर नृपबहादुर, **चिनु**, नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स को-अपरेटिभ लि. २०५६ ।

**क) शीर्षक**

प्रस्तुत उपन्यासको 'चिनु' शीर्षकले सम्झना नासोको रूपमा छोडेर गएको कुनै चिज, वस्तु, आदि अर्थ बोध गराउँछ । यस उपन्यासमा उपन्यासको नायक ज्योति र जवासँगको प्रेम प्रसङ्गलाई जोड्दै एक अर्काको अन्तरहृदयदेखिको अमिट प्रेमभावलाई समेट्दै अन्तिममा वैवाहिक सम्बन्धमा बाँधिएको साथै सुत्केरी भएपछि जवाको त्यही व्यथाले मृत्यु हुनु र ज्योतिलाइ छोरीको चिनु छाडेर जानुले यस उपन्यासको शीर्षक सार्थक देखिएको पाइन्छ । यस शीर्षकले नै कथावस्तुलाई संकेत गरेको छ । त्यसैले स्वाँरले यस उपन्यासको शीर्षक 'चिनु' जुराएको देखिन्छ ।

**ख) कथावस्तु**

प्रस्तुत उपन्यासको कथावस्तु उपन्यासको सुरुदेखि अन्त्यसम्म एउटै केन्द्रीय कथ्यमा रहेर अगाडि बढेको छ । यस उपन्यासको कथानक ढाँचा सुरुदेखि अन्त्यसम्म रैखिक ढाँचाको देखिन्छ । पात्रको आन्तरिक विषयवस्तुको केन्द्रीयतामा अल्झिएर आएको सानो कथावस्तुलाई नै यस उपन्यासले आख्यानीकरण प्रदान गरेको छ । 'चिनु' उपन्यास प्रमुख पात्र ज्योति र आशाबीचका संवादबाट सुरु भएर जवाको आत्मगन्थनका साथै अमिट प्रेममै अन्त्य भएको पाइन्छ । प्रस्तुत उपन्यासमा सुदूरपश्चिमका दुर्गम भू-क्षेत्रमा अवस्थित काँडाकोट, राजपुर र माझी गाउँको त्रिकोणमा उपन्यासको जग उठेको छ । काँडाकोटकै एक सोह्र वर्षे युवकलाई यसमा उपन्यासको नायक बनाइएको छ र उसको त्रिवर्षीय जीवनकथाका केही मार्मिक प्रसङ्गहरू अङ्कित गरिएको छ । यस उपन्यासको कथावस्तुमा नायक काँडाकोटबाट काठमाडौंसम्म आएको र यसरी उपन्यासमा विस्तृत भू-भागका केही दृश्यलाई पनि स्थान दिई अगाडि बढेको पाइन्छ ।

प्रस्तुत उपन्यास रजवार अर्जुनसिंह बोगटीको छोरो ज्योतिको केन्द्रीयमा रही अगाडि बढेको छ । ऊ एक धनी परिवारमा जन्मेर हुर्के-बढेको भएपनि मातिदैन, बरालिदैन यस्तै बिर्केस विष्टको एक्लो छोरो रनेभ्रै गाउँमा बदमासी गर्दै हिँड्दैन भन्ने संकेत दिँदै यस उपन्यासको कथावस्तुले समाजमा राम्रा नराम्रा सम्पूर्ण पक्षलाई समेट्ने काम गरेको पाइन्छ । गरिबी, अज्ञानता, अन्धार र अन्धविश्वासले छाएको सुदूरपश्चिमका गाउँहरूमा विद्याको ज्योतिको आवश्यकता देखाउन यस

उपन्यासको कथावस्तुले उपन्यासको प्रमुख पात्र ज्योतिकै माध्यमबाट काम गरेको पाइन्छ । स्वच्त पवित्र प्रेम अर्थात भावात्मकका साथै हार्दिक प्रेमको परिभाषा यस उपन्यासकी प्रमुख पात्र आशाका माध्यमबाट यस उपन्यासको कथावस्तुमा समेटेको छ । गाउँमा भ्रष्ट, अन्याय, अत्याचार, दमन शोषण, हैकमवादी संस्कार आदि प्रसंगलाई खुलस्त पार्न यस उपन्यासमा जिमुवाल धनसिंह थापालाई माध्यम बनाइएको छ । यसरी यस 'चिनु' उपन्यासको कथावस्तुले समाजमा रहेका राम्रा नराम्रा क्रियाकलापदेखि लिएर राम्रो समाज सुधारको प्रसङ्गलाई समेट्दै भावात्मक हार्दिक प्रेम प्रसङ्गलाई संवाहित गर्दै हाम्रो समाजमा अर्थात हाम्रो संस्कृतिमा नारीमाथिको हेराइ वा दृष्टिलाई मध्यनजर गर्दै अगाडि बढेको पाइन्छ । यसकारण यस उपन्यासको कथावस्तु सवल, सक्षम देखिन्छ ।

**ग) पात्रविधान**

स्वाँरका प्रस्तुत उपन्यासमा तृतीय पुरुष पात्रले केन्द्रीय पात्रको भूमिका खेलेको छ । प्रत्येक परिच्छेदमा तृतीय पात्रको सक्रिय भूमिका रहेको छ । उपन्यासकार स्वाँरको 'चिनु' उपन्यासमा अपरिपक्व यथार्थ पात्रहरूको चित्रण भएको चरित्रप्रधान उपन्यास हो । समाजको यथार्थ चित्रण गर्ने क्रममा उपन्यासकार स्वाँरको उद्देश्य अनुरूपमा समाजमा रहेका परिपक्व र अपरिपक्व थुप्रै पात्रहरूको प्रयोग पाइन्छ । रुढिग्रस्त र अपरिपक्व थुप्रै पात्रहरूको प्रयोग पाइन्छ । रुढिग्रस्त समा, शोषित समाजका साथै समाजमा देखापरेका निष्पक्ष समाजसेवी, लगनशील, अनुशासित, इमान्दार पात्रहरूका माध्यमले समाजको चित्रण गर्ने लक्ष्य अनुसार उपन्यासमा विभिन्न चरित्रका पात्रहरूको चित्रण गरिएको पाइन्छ । यस उपन्यासमा स्वाँरले चरित्रलाई कार्य, लिङ्ग, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताका आधारमा निम्नानुसार वर्गीकरण गरेको पाइन्छ ।

| क.स. | पात्र वा चरित्र | लिङ्ग | कार्य | प्रवृत्ति | स्वभाव | जीवनचेतना | आसन्नता | आबद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १. | ज्योति | पुरुष | प्रमुख | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| २. | आशा | स्त्री | प्रमुख | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ३. | जवा | स्त्री | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ४. | पार्वती | स्त्री | सहायक | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय | बद्ध |
| ५. | रने | पुरुष | सहायक | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ६. | धनसिंह थापा | पुरुष | सहायक | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ७. | विर्केस विष्ट | पुरुष | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ८. | आशाकी आमा, जिमुवाल्नी, रजवार्नी, जमनी, कमली, सेतु, ज्योतिकीआमा, कटुवाल्नी | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ९. | हरि, कटुवाल, ज्योतिका साथी जिल्लाका कर्मचारी | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| १०. | आशाको बुबा | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |

चिनु बहुपात्र भएको उपन्यास हो । यसमा विभिन्न प्रकृति र प्रवृत्तिका पात्रहरू पाइन्छन् । त्यसकारण स्वाँरले यस उपन्यासमा विभिन्न पात्रहरूको संयोजनबाट सिङ्गो उपन्यासको निर्माण गरेको पाइन्छ ।

**घ) देश, काल र वातावरण (पर्यावरण)**

प्रस्तुत उपन्यासमा प्रायः सुदूरपश्चिमका दुर्गम भू-क्षेत्रमा अवस्थित काँडाकोट, राजपुर र माझी गाउँको त्रिकोणात्मक चित्रण गरिएको छ । यसका साथै यस उपन्यासमा काठमाडौंको परिवेशलाई पनि समेटेको पाइन्छ । मुलतः यसका घटनाहरू बढी सुदूरपश्चिमका विभिन्न गाउँमा घटेका देखिन्छन् भने आंशिक रूपमा नेपालको काठमाडौं भारतको बम्बै सम्मको परिवेशको पनि चित्रण पाइन्छ । यस उपन्यासमा तत्कालीन नेपालको शासन पद्धति अर्थात ग्रामीण स्तरमा देखापरेका ठूलाबडा भनाउँदाहरूको ज्याजति आदि प्रसङ्गलाई समेट्ने कोशिश गरेको

पाइन्छ । समाजमा नारी माथि गरिने दमनलाई पनि स्पष्ट रूपमा देखाउने काम गरेको देखिन्छ । यसको समयावधि लगभग ६/७ वर्षको रहेको देखिन्छ ।

**ङ) द्वन्द्व**

उपन्यासमा पात्रहरूको माध्यमबाट कतै न कतै द्वन्द्व देखिन्छ । प्रस्तुत उपन्यासमा आन्तरिक र बाह्य दुवै द्वन्द्वको सहज प्रयोग देखिन्छ । बाह्य द्वन्द्वका रूपमा धनसिंह थापा र समाजका सोझा साझा बीचको अप्रत्यक्ष द्वन्द्वदेखिन्छ भने आशाको मानसिक द्वन्द्व, ज्योतिको नवासँग विवाहगरुकी नगरु भन्ने दोधारको द्वन्द्व आदि आन्तरिक द्वन्द्व अन्तर्गत रहेको देखिन्छ । त्यसकारण द्वन्द्वका हिसाबले उपन्यासकार स्वाँरको 'चिनु' उपन्यास उत्कृष्ट रहेको देखिन्छ ।

**च) संवाद**

प्रस्तुत 'चिनु' उपन्यासमा स्वाँरले सरल र सरस संवादको प्रयोग गरेका छन् । पात्रहरूको व्यक्तित्व झल्काउन र उपन्यासको कथावस्तुलाई स्तरीयता दिनको उद्देश्यले पनि यस उपन्यासमा लामा छोटा उपन्यासलाई वर्णनात्मक रूपमा नाटकीय ढंगले प्रयोग गरेका छन् । केही उदाहरण निम्नानुसार रहेका छन् ।

"अनि तपाई पनि बाहिर जाने त होला होइन ?"
"हो, जानै त पर्ला-परीक्षामा पास हुन सकें भने ।"

('चिनु', पृष्ठ ३)

"गाउँतिर होइन काखी ! म त यतै भेटघाट गरौं भोली काठमाडौ) गैहाल्छु भनेर आएको"

"माथि नै आएर बस बा ! आशा पनि आउँदै होली ?"
"आशा कहाँ गएकी छे त काखी ?"

('चिनु', पृष्ठ १९)

"के भन्छ त्यो डाँका ?'
"मैले जुना दिएको जुना (पुरानो पम्पनी) बुझाए मात्र बुझ्छु भन्छन् ।"
"पुरानो कम्पनीको लागेको बट्टा दिए पनि त्यो बुझ्दैन ?"

('चिनु', पृष्ठ ३८)

"काखी कहाँ हुनुहुन्छ आशा ।"

"भर्खरै बाख्रालाई घाँस लिन जानुभयो ।"

"तिमीहरूका कति बाख्रा छन् आशा ।"

"पाँच छ होलान् ।"

('चिनु', पृष्ठ ४४)

"बा-आमालाई र भाउजुलाई कस्तो छ ?"

"सबैलाई सञ्चो छ, सबै राम्रै छन् । तलाई अहिले कस्तो छ ?"

"अरु दिनको भन्दा अलि हलुको जस्तो लाग्छ । बस्ने इच्छा तर जाँगर लाग्दैन ।"

('चिनु', पृष्ठ ११७)

यसरी प्रयुक्त संवाद आख्यान कथनको सूक्ष्मावलोकनका प्रविधिमा केन्द्रित यो पद्धति नाटकीय अनुभव हुन्छ । यस उपन्यासको संवाद पात्र सुहाउँदो छ । यसरी प्रस्तुत उपन्यास संवाद प्रयोगका हिसाबले निकै सरल र सहज रहेको छ ।

**छ) संरचना**

प्रस्तुत उपन्यासको नाट्य संरचना डिमाई साइजको जम्मा ११८ पृष्ठमा संरचित छ । यस उपन्यासलाई औपचारिकरूपमा एक-दुई गरी सोह्र भागमा विभाजित गरी सुरु देखि अन्त्यसम्म कथावस्तुको वर्णन र चरित्रको चित्रण गरिएको छ । यस उपन्यासका भागहरू लामा र छोटा किसिमका रहेका छन् । एक भागमा दुई भन्दा बढी पात्रको प्रयोग पनि भएको पाइन्छ । उपन्यासमा प्रमुख पात्र र घटनालाई साथसाथै अघि बढाएको छ । उपन्यासको सुरुदेखि अन्त्यसम्म शैक्षिक ढाँचामा टुङ्गिएको छ । यसरी यस उपन्यासको आन्तरिक र बाह्य संरचना औपन्यासिक संरचना अनुरुप नै रहेको देखिन्छ ।

**ज) प्रतीक र बिम्ब**

स्वाँरले आफ्ना औपन्यासिक कृतिहरूमा प्रतीक र बिम्बको प्रयोग गरेको देखिदैन । कही कतै उपन्यासकारले आफ्नो मनमा लागेका सम्पूर्ण कुराहरू खुलस्त व्यक्त गर्न असजिलो हुने हुँदा अप्रत्यक्ष प्रतीक र बिम्बको प्रयोग गरेको पाइन्छ तर यस 'चिनु' उपन्यासमा त्यस्तो कहीं केहि देखिँदैन ।

## झ) भाषाशैली

प्रस्तुत उपन्यासमा सरल र सरस भाषाशैलकिो प्रयोग गरेका छन् । स्वाँरले यस उपन्यासभित्र सामाजिक, साँस्कृतिक, धार्मिक आयामहरूलाई सरल किसिमले झल्काउने काम गरेका छन् । प्रकृतिको चित्रण त सरलभाषाले सहज रूपमा गरेको पाइन्छ । तत्कालीन समयको शासनप्रणाली, ग्रामीण स्तरमा ठूलाबडाले देखाउने हैकमवादी प्रवृत्ति, नारी शोषण, नारी अधिकार आदि विविध विषयको 'चिनु' उपन्यासमा स्वाँरले सरल र बोधगम्य भाषामा प्रस्तुत गरेको पाइन्छ साथै सुदूरपश्चिममा बोलिने भाषिकाका पनि ठाउँठाउँमा प्रयोग गरिएको पाइन्छ । नेपाली झर्रा शब्दको प्रयोगका साथै अनेक थरीका शब्दहरूको प्रयोग पाइन्छ । भाषाशैलीका हिसाबले 'चिनु' उपन्यास निकै स्तरीय देखिन्छ ।

## ञ) उद्देश्य/जीवनदर्शन

प्रस्तुत उपन्यासमा उपन्यासकार स्वाँरले समाजमा भएका यथार्थ र वास्तविक विषयलाई विभिन्न दृष्टिकोणबाट उजागर गर्ने काम गरेका छन् । उपन्यासकार स्वाँरले सुदूरपश्चिमको सेरोफेरोमा पर्ने विभिन्न पक्षहरू, सामाजिक, साँस्कृतिक, धार्मिक आयामहरू, साथै आर्थिक पक्षहरूको चित्रण गर्ने उद्देश्यले यस उपन्यासको रचना गरेको पाइन्छ । प्रस्तुत उपन्यासमा स्वाँरले ग्रामीण स्तरमा देखापर्ने विभिन्न रुढिवादी परम्परा, अन्धविश्वास, शोषण, दमन, अत्याचार, भ्रष्ट आदिको यथार्थ चित्रण गर्ने उद्देश्यले यस उपन्यासका सहायक पात्र धनसिंह थापाका माध्यमबाट खुलस्त पार्ने काम गरेको पाइन्छ । यस्तै नारी हक अधिकार र नारीमाथिको थिचोमिचो आदिको विरुद्धमा नारी स्वतन्त्रताको आवाज यस उपन्यासकी नारी पात्र पार्वतीका माध्यमबाट देखाउने काम गरेको पाइन्छ । यसका साथै यस उपन्यासमा उपन्यासकारले रुढिवादी परम्परालाई खुलस्त देखाउने काम पनि गरेको पाइन्छ । वास्तवमा एउटा व्यक्ति बाँचेको समाजमा धेरै प्रकारका घटना घटछन् । व्यक्तिले भोगेको शैक्षिक प्रशासनिक, साँस्कृतिक सम्पूर्ण पक्षहरूलाई

प्रस्तुत गर्नु यस उपन्यास लेखनको उद्देश्य रहेको देखिन्छ । जीवनदर्शनका हिसाबले उपन्यासकार स्वाँरको 'चिनु' उपन्यास निकै स्तरीय देखिन्छ ।[६१]

**ट) निष्कर्ष**

प्रस्तुत उपन्यास सामाजिक यथार्थमा आधारित अत्यन्तै सफल वियोगान्त उपन्यास हो । यसमा सुदूरपश्चिमका विभिन्न ग्रामीण भेगमा बस्ने जनताहरूले भोग्नु परेका आर्थिक, सामाजिक, धार्मिक, शोषण, दमन खप्न बाध्य भएका मानिसहरूको कारुणिक गाथालाई प्रस्तुत गरिएको छ । गरिबी, अन्याय, अत्याचार, शोषण, दमन, अशिक्षा, सामाजिक विषमताहरूको गाउँले भाषामा सरल र झर्रो नेपाली भाषामा चित्रण गरेको साथै कहीं कतै पश्चिमेली भाषिकाको प्रयोग गरिएको हुँदा यो उपन्यास निकै प्रभावकारी देखिन्छ । उपन्यासकार स्वाँरको 'चिनु' उपन्यास निकै स्तरीय देखिन्छ ।

**४.२.२.१.३ 'कथा-व्यथा' उपन्यासको विवेचना**

नृपबहादुर स्वाँरको 'कथा-व्यथा' तेस्रो प्रकाशित उपन्यास हो । उनको प्रकाशित पुस्तकाकार कृतिका दृष्टिले पनि यो तेस्रो उपन्यासका रूपमा देखिन्छ । यस उपन्यासको प्रकाशन वि.स. २०५९ सालमा धनगढीमा भएको पाइन्छ । यो उपन्यास १३८ पृष्ठमा संरचित छ । सामाजिक यथार्थका साथै राजनैतिक परिवेशमा 'कथा-व्यथा' उपन्यास केन्द्रित छ । प्रस्तुत उपन्यासलाई औपन्यासिक तत्वका आधारमा यहाँ अध्ययन गरिएको छ-[६२]

**क) शीर्षक**

उपन्यासकार नृपबहादुर स्वाँरले आफ्नो उपन्यासको शीर्षक 'कथा-व्यथा' जुराएका छन् । यो उपन्यासको शीर्षक दुई शब्दको योगबाट बनेको छ । सिधा अर्थमा यस उपन्यासको शीर्षक र उपन्यासबीच सार्थकता अर्थान सङ्गति मिलेको देखिन्छ । उपन्यासमा विसङ्गत जीवनको यथार्थ चित्रण छ । यस उपन्यासमा मानव जीवनका विवशता, विकृति, विसङ्गतिका साथै कुण्ठा, निराशा, अपमान, दुश्चरित्र,

[६१] **ऐजन्** ।
[६२] स्वाँर नृपबहादुर, **कथा-व्यथा**, धनगढी : शाहबन्धु अफसेट प्रेस, २०५९ ।

असफलता, दुःखद मृत्युको चित्रण गरिएको छ । यस अर्थमा यस उपन्यासको 'कथा-व्यथा' शीर्षक सार्थक देखिन्छ । अर्को तर्फ देशको समग्र राजनैतिक परिवेशका हिसाबले देशका गरिब, निमुखा, सोझा जनताहरू माथिको तत्कालीन शासकहरूको दमन, शोषण, अत्याचार, भ्रष्टाचारका कारण ती जनताहरूले भोग्नु परेको विवशता, बाध्यताका साथै विसङ्गत जीवनका हिसाबले पनि यस उपन्यासको शीर्षक 'कथा-व्यथा' सार्थक देखिन्छ । त्यसकारण उपन्यासकार स्वाँरले यस उपन्यासकी प्रमुख पात्र कान्छीको जीवनमा आएका उतार चढाबका साथै तत्कालीन नेपालको राजनैतिक गतिविधिका कारण देशका समग्र निमुखा जनता माथिको शोषण दमनको भण्डाफोर गर्दै सर्वसाधारण जनताले र अरुले भोग्नु परेको बाध्यतालाई औपन्यासिक रुप दिई 'कथा-व्यथा' शीर्षक नामाकरण गर्न सफल देखिन्छन् ।

**ख) कथावस्तु**

प्रस्तुत उपन्यासको कथावस्तु उपन्यासको सुरु देखि अन्त्यसम्म एउटै केन्द्रीय कथ्यमा नरहेर टुक्रिएको छ । अर्थात यस उपन्यासको आरम्भ भाग पाँचबाट भएको छ भने अन्त्य भाग चारमै आएर टुङ्गिएको पाइन्छ । यस उपन्यासमा उपन्यासकारले दाउरा बेचेर आफ्नो दैनिक छाक गुजारा गर्ने गरिब गाउँले केटी ठूलीको जीवनगत परिस्थितिका पूर्ण यथार्थ चित्रण र त्यसमा परिव्याप्त संघर्षका सूक्ष्म चेतनाको झिल्का-झिल्कीहरूलाई कथावस्तु बनाएका छन् । यस उपन्यासमा घटित घटनाहरूलाई २४ वटा भागमा विभाजित गरिएको छ । यी प्रत्येक भागको घटनाक्रम वा त्यस घटनाको आख्यान गर्ने प्रत्येक भाग एक कथा तुल्य प्रतीत हुन्छन् । यी प्रत्येक घटनाको कार्यकारण सम्बन्ध त्यत्ति मिलेको छैनन् ।

प्रस्तुत घटनाहरूले खास औपन्यासिक आन्तरिक समय श्रृङ्खलाको सञ्चार गर्न नसके पनि यस उपन्यासकी प्रमुख पात्र कान्छी (पहिलेकी ठूली र पछिकी कान्छी) र अमरको जीवनको निरन्तरतालाई यी २४ भागमा आख्यानीकृत सामाजिक, राजनैतिक र आर्थिक परिवेशलाई स्थूल वा सतहको संयोजन प्रदान गर्दै कथावस्तु अगाडी बढाएको छ । उपन्यासको कथावस्तुलाई स्वयम् उपन्यासकार स्वाँरकै भनाईबाट स्पष्ट हुन्छ-"यो एउटी यस्ती दलित, पीडित र शोषित दाउरे महिलाको कथा हो जसले जहाँनिया निरङ्कुश शासनको आवरण उतार्ने कार्यमा आफ्नो बृद्धावस्थालाई होमेकी छिन् । निश्चय पनि यो कथाले त्यति बेलाको

वास्तविकतालाई समेट्न सक्छ भन्ने विश्वासमा गाउँ-ठाउँ र पात्रहरू यथाशक्य प्रतीकात्मक रुपले भावनामा जगाएर कलम चलाउने प्रयास गरेको छु । यसबाट पनि यस 'कथा-व्यथा' उपन्यासको कथावस्तु उपन्यासकी प्रमुख पात्र ठूलीको जीवनको केन्द्रीयतामा रही अगाडि बढेको छ भन्ने बुझिन्छ ।

प्रस्तुत उपन्यासको पाँचौं भागदेखि ११औं भागसम्म एक्ली ठूलीको जीवनमा केन्द्रित भएर अगाडि बढेको पाइन्छ भने उपन्यासको १२औं भागदेखि चौथो भागसम्म आएर ठूलीको जीवनमा केन्द्रित रही नेपालको राजनीतिसँग गाँसिएर अगाडि बढेको पाइन्छ । त्यसकारण स्वाँरले यस उपन्यासको कथावस्तु, वास्तविक, सामाजिक, राजनैतिक र आर्थिक यथार्थमा रही यस 'कथा-व्यथा' उपन्यासको कथावस्तु चयन गरेको पाइन्छ ।

**ग) पात्रविधान**

'कथा-व्यथा उपन्यास यथार्थ पात्रको चित्रण भएको चरित्रप्रधान उपन्यास हो । यस उपन्यासमा आवश्यक-अनावश्यक थुप्रै पात्रहरूको चित्रण गरिएको छ । समाजको यथार्थ चित्रण गर्ने उपन्यासकार स्वाँरको उद्देश्य अनुरुप उपन्यासमा समाजमा रहेका सबैखाले पात्रहरूले स्थान पाएका छन् । विसङ्गत समाज, गरिब समाज अर्थात शोसित समाजको यथार्थ चित्रण गर्ने लक्ष्य अनुसार नै उपन्यासमा विभिन्न चरित्रका पात्रहरूको चित्रण गरिएको पाइन्छ । उपन्यासमा चित्रित पात्रहरूको नाम र कार्यलाई हेर्दा प्राय : सबै पात्रहरूको जीवन विसङ्गत वा दयनीय देखिन्छन् भने केही नाम र कार्य समग्र देशकै निम्ति आफ्नो जीवनको आहुती दिने खालको पाइन्छ । उपन्यासमा समाजमा हरेक क्षेत्रको चित्रण गर्ने उपन्यासकारको लक्ष्य अनुरुप थुप्रै सहायक र गौण पात्रहरू रहेका छन् । उपन्यासकारले यस उपन्यासमा प्रमुख, सहायक र गौण पात्रहरू रहेका छन् । उपन्यासकारले यस उपन्यासमा प्रमुख, सहायक र गौण पात्रहरूको चित्रण गरेका छन् । यस उपन्यासमा समाजमा देखिने सत् असत् दुवै प्रवृत्तिका पात्रको उपस्थिति छ । प्रस्तुत उपन्यासमा चित्रित पात्रहरूलाई तालिका द्वारा चित्रण गरिएको छ-

| क.स. | पात्र वा चरित्र | लिङ्ग | कार्य | प्रवृत्ति | स्वभाव | जीवनचेतना | आसन्नता | आबद्धता |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १. | कान्छी | स्त्री | प्रमुख | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| २. | अमर | पुरुष | प्रमुख | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ३. | भक्तमान | पुरुष | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ४. | अन्ते र शन्तु | पुरुष | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ५. | गुण्डा (अधवैंसे मान्छे) | पुरुष | सहायक | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ६. | शिशिर | पुरुष | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ७. | शिलु, आरती | स्त्री | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ८. | साहु, जीवनदास, आशाकाजी, नरि, वीरसिंह, गोपाल, हरि, छविलाल | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ९. | कलसी, विस्ता, मैना, काली, झुमा, चम्फी, कलावती, पुष्पा | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |

'कथा-व्यथा' बहुपात्र भएको उपन्यास देखिन्छ । यसमा विभिन्न प्रकृति र प्रवृत्तिका पात्रहरू पाइन्छन् । त्यसकारण स्वाँरले यस उपन्यासमा विभिन्न पात्रहरूको संयोजनबाट सिङ्गो उपन्यासको निर्माण गरेको पाइन्छ ।[६३]

### घ) देश, काल र वातावरण (पर्यावरण)

'कथा-व्यथा' मा प्रायः नेपाल र आंशिक रूपमा भारतको परिवेशको चित्रण गरिएको छ । यसका घटनाहरू मुलतः काठमाडौंभित्र घटेका साथै नेपालको पश्चिम कर्णाली प्रदेशमा घेटका देखिन्छन् र अशंतः भारतको रक्सौलसम्म घटेको देखिन्छ । उपन्यासमा तत्कालीन नेपालको शासनकाल अर्थात विद्यमान नेपालको सामाजिक, आर्थिक र राजनैतिक विकृति, विसङ्गतिले जन्माएको सन्त्रास आदिलाई प्रष्ट्याउने कोसिस गरिएको छ । यस उपन्यासमा प्रयुक्त परिवेशका आधारमा हेर्दा मुलतः उपन्यासकारले अनुभव गरेका सामाजिक, आर्थिक र राजनैतिक आत्मवृत्तान्तलाई संयुक्तरूपमा समायोजन गरी आफू बाँचेको धर्तीको वरपरका वातावरणलाई नै चित्रण गरिएको पाइन्छ ।

---

[६३] ऐजन् ।

**ङ) द्वन्द्व**

उपन्यासमा पात्रहरूको माध्यमबाट कतै न कतै द्वन्द्व देखाइन्छ । प्रस्तुत उपन्यासमा आन्तरिक र बाह्य दुवै द्वन्द्वको सहज प्रयोग देखिन्छ । ठूली र गुण्डाबीचको द्वन्द्व, पुलिस र विद्यार्थीहरूको बीचको द्वन्द्व अर्थात शासक र शासितबीचको द्वन्द्व आदि बाह्य द्वन्द्वका रूपमा देखिन्छन् भने कान्छीको मानसिक द्वन्द्व, अन्ते र शन्तुका मानसिक द्वन्द्व आदि यस उपन्यासमा आन्तरिक द्वन्द्वका रूपमा देखापरेको पाइन्छ । त्यसकारण द्वन्द्वका हिसाबले उपन्यासकार स्वाँरले यो उपन्यास उत्कृष्ट देखिन्छ ।

**च) संवाद**

प्रस्तुत 'कथा-व्यथा' उपन्यासमा स्वाँरले सरल र सरस संवादको प्रयोग गरेका छन् । पात्रहरूको व्यक्तित्व झल्काउन संवाद उपर्यक्त देखिन्छ । यहाँ छोटा छोटा संवादलाई वर्णनात्मक रूपमा नाटकीय ढङ्गले प्रयोग गरेका छन् । यस उपन्यासमा पात्रका माध्यमबाट प्रत्येक भागको आख्यान कथन गर्नुपर्ने हुँदा वर्णनमात्र पर्याप्त नरही प्रत्येक भागमा खोजिएका भेटिएका पात्रका बीचको संवाद पनि यस उपन्यासमा निकै छ-

"भोली त शनिबार छुट्टिकै दिन पऱ्यो होइन र बाबू ?"
"हो दिदी !"
"धुने लुगा जति सबै छुट्टयाएर राखिदिनु"

('कथा-व्यथा', पृष्ठ १६)

"त्यसो हो भने मैयाँले दिदीलाई राम्रै माया गर्दी रहिछन् नि त ? कसो दिदी ?"
"हो भने बाबू ! ज्यादै मायालु छिन् । "

('कथा-व्यथा', पृष्ठ ७६)

"घर कहाँ हो ?"
"खिचापोखरी"
"बाबुको नाम ?"
"बज्रमोहन"
"के जात हो ?"
"के काम गर्छौ ?"

"पढ्छु"

('कथा-व्यथा', पृष्ठ १२२)

यसरी प्रत्येक प्रयुक्त संवाद आख्यानको कथनको सूक्ष्मावलोकन वा दृश्यविधानका प्रविधिमा केन्द्रित यो पद्धति नाटकीय पनि अनुभव हुन्छ । यस उपन्यासको संवाद मात्र सुहाउँदो  छ । यसरी प्रस्तुत उपन्यास संवाद प्रयोगका हिसाबले निकै सरल र स्वभाविक रहेको छ ।

**छ) संरचना**

प्रस्तुत उपन्यासको बाह्‌य संरचना डिमाई साइजको जम्मा १३८ पृष्ठ संरचित छ । उपन्यासलाई औपचारिक रूपमा १४ भागमा विभाजित गरी सुरुदेखि अन्त्सम्म कथावस्तु वर्णन र चरित्रको चित्रण गरिएको छ । यस आधारमा २४ वटा लामा छोटा भागहरू (परिच्छेदहरू) रहेका छन् । उपन्यासमा कुनै घटनाक्रम क्रमबद्ध छैन । जीवन बँचाइको अव्यावस्था जस्तै उपन्यासको घटनाक्रमपनि अव्यवस्थित छ । एउटै परिच्छेदमा पनि दुईवटा भन्दा बढी पात्रका प्रासङ्गिक घटनालाई अघि बढाइएको छ । उपन्यासको सुरु अन्त्य अर्थात पछाडिबाट अघि बढेको छ र बीचमा अलपत्रै बिसाएको छ, विसङ्गतिबादी उपन्यास लेखनको लक्ष्य अनुरुप नै उपन्यासको संरचना बनाएको छ भन्दा पनि फरक नपर्ने किसिमको देखिन्छ । यसरी 'कथा-व्यथा' उपन्यासको आन्तरिक र बाह्‌य संरचना औपन्यासिक संरचना अनुरुप नै रहेको देखिन्छ ।[६४]

**ज) प्रतीक र बिम्ब**

स्वाँरले आफ्ना औपन्यासिक कृतिहरूमा त्यति प्रतीक र बिम्बको प्रयोग गरेको देखिँदैन । तर कहीं कतै उपन्यासकारले आफ्नो मनमा लागेका सम्पूर्ण कुराहरू खुलस्त रुपले उपन्यासमा व्यक्त गर्न असजिलो पर्ने भएको ठहर गरी अप्रत्यक्ष रूपमा भन्नुपर्ने भएको हुँदा प्रतीक र बिम्बको पनि प्रयोग गरेका छन् । हेरौं केही उदाहरण-

"त्यो हिमालकी पुत्रीको घाममा देखाए पनि पग्लिएर जाली भने जस्तै ।"

('कथा-व्यथा' पृष्ठ १४)

---

[६४] ऐजन् ।

“तैंले मलाई पनि मामाघर पुऱ्याउन खोजेको छस् कि के हो ?”

('कथा-व्यथा' पृष्ठ १७)

“गंगा-जमुना”

('कथा-व्यथा', पृष्ठ ६०)

“सिंह र स्याल”

('कथा-व्यथा', पृष्ठ ७१)

“अस्त हुन लागेको' जूनझैं

('कथा-व्यथा', पृष्ठ १६)

उपर्युक्त प्रतीक र बिम्ब यस उपन्यासमा देखा परेका छन् जुन 'त्यो हिमालकी पुत्री' स्वच्छ र पवित्र नारीको प्रतीक हो । 'मामा-घर' तत्कालीन समयको शासक र शासित बीचको द्वन्द्व हुँदा भनिएको शासकको प्रतीक हो । 'गंगा-जमुना'यस उपन्यासमा असर र आरती बीचको प्रेमलापको प्रसङ्गलाई जोड्दै प्रेम-प्रेमिकाको मिलनको महाबिन्दुको रूपमा देखाएको बिम्ब हो । यस्तै 'अस्त हुन लागेको जून झैं' बिम्बले यस उपन्यासमा कान्छीको जीवनको अन्तिम अवस्थालाई बोध गराएको छ । यसरी उपन्यासकार स्वाँरले प्रतीक र बिम्बको सहज प्रयोग गरी यस उपन्यासलाई स्तरीयता प्रदान गर्ने काम गरेका छन् ।

**झ) भाषाशैली**

उपन्यासकार स्वाँरले 'कथा-व्यथा' उपन्यासमा विशिष्ट किसिमको भाषाशैलीको प्रयोग गरेका छन् । यस उपन्यासमा गरिब, अन्याय, अत्याचार, शोषण, दमन, अशिक्षा, सामाजिक विषमताहरूको गाँउले भाषामा सरल, सरस र झर्रो नेपाली भाषामा चित्रण गरिएको हुँदा यो प्रभावकारी छ । केही शब्दहरू सुदूरपश्चिमतिर बोलिने भाषिको पनि प्रयोग भएको छ जसलाई नेपाली शब्दकोषमा पर्यायवाची शब्दका रूपमा पनि राख्न सकिन्छ । जस्तै 'आमा' भन्ने ठाउँमा 'जीया' र इजा भन्न सकिन्छ । यस्तै अनेक थरीको शब्दहरूको प्रयोग गरी स्वाँरले भाषाशैलीको हिसाबले यस उपन्यासलाई निकै स्तरीयता प्रदान गरेका छन् ।

**ञ) उद्देश्य/जीवनदर्शन**

नेपाली समाजको विसङ्गत जीवनको सङ्ख्यात्मक उद्‌घाटन गर्दै सामाजिक, ऐतिहासिक, राजनैतिक परिवेशमा आधारित भई तत्कालीन समयका जनताले भोग्नु

परेको परिस्थितिलाई स्पष्ट देखाउनु यस उपन्यासको मुख्य उद्देश्य हो । यस उपन्यासकी प्रमुख पात्र कान्छीको जीवनबाट गाउँका गरिब मान्छे जो आर्थिक अवस्थाले पिरोलिएका छन्, सामाजिक, साँस्कृतिक आदि कुराबाट बञ्चित हुन बाध्य भएका छन् । तिनीहरूको दिनचर्यालाई खुलस्त प्रदर्शन गर्ने उद्देश्य रहेको छ । अर्को तर्फ तत्कालीन नेपालको शासन पद्धतीले देशका जनता माथि गरेको अन्याय, अत्याचार, दमनशोषणका कारण ती जनताहरूले खप्नु परेको विवशतालाई वर्तमान समयको शासनप्रणालीमा आएर खुलस्त उजाकरण गरेको पाइन्छ, यो नै यसको मुख्य उद्देश्य हो । त्यसकारण जीवनदर्शनका हिसाबले स्वाँरको 'कथा-व्यथा' उपन्यास निकै स्तरीय देखिन्छ ।

**ट) निष्कर्ष**

'कथा-व्यथा' सामाजिक र ऐतिहासिक यथार्थमा आधारित अत्यन्तै सफल संयोगाान्त उपन्यास हो । यसमा पूर्वी नेपालदेखि पश्चिमी नेपाल र राजधानी सहर काठमाडौं र त्यसको वरिपरि गाउँमा बस्ने जनताहरूले भोग्नुपरेका आर्थिक, शारीरिक शोषण र विषमताले गर्दा राणशाही विरोधी क्रान्ति गर्न बाध्य भएका नेपालीहरूको कारुणिक गाथालाई प्रस्तुत गरिएको छ । गरिबी, अन्याय, अत्याचार, शोषण, दमन, अशिक्षा, सामाजिक विषमताहरूको गाउँले भाषामा सरल सरस र झर्रो नेपाली भाषामा चित्रण गरिएको हुँदा यो प्रभावकारी देखिन्छ । केही शब्दहरू सुदूरपश्चिमतिर बोलिने भाषिका पनि प्रयोग भएका छन्, जसलाई नेपाली शब्दकोशमा पयार्यवाची शब्दका रूपमा राख्न सकिन्छ । यसरी उपन्यासकार स्वाँरले नेपालको आर्थिक, सामाजिक, राजनैतिक सबै पक्षलाई समेटेर खुलस्त रूपमा जनसमक्ष एक औपन्यासिक कृतिका रूपमा प्रकाशित गरी देखाउने काम गरेको पाइन्छ ।[६५]

## ४.३ निबन्ध विधाको वर्गीकरण

### ४.३.१ परिभाषा

साहित्यका मुख्य गरी दुई भेद हुन्छन्- श्रव्य र दृश्य । श्रव्य अन्तर्गतका दुई हाँगा गद्य र पद्य मध्ये पद्यमा कविता पर्दछ भने गद्यमा कथा उपन्यास र निबन्ध

[६५] ऐजन् ।

रहन्छन् । निबन्ध साहित्यका विभिन्न विधाहरू मध्येको सबै भन्दा कान्छो एक लोकप्रिय विधा हो । यो छोटो छरितो हुन्छ, आकारका हिसाबले एक बसाइँमा पढिसकिने, लेखकले आफ्ना विचारहरू उन्मुक्तरुपमा व्यक्त गर्न सक्ने गद्य विधा निबन्ध हो । यसका कुनै विधागत सीमा हुँदैनन् साथै यसका अन्य विभिन्न साहित्यिक विधाका गुणहरू समाहित भएका हुन्छन् ।

निबन्ध शब्दको पूर्वीय अर्थलाई हेर्दा यो 'बन्ध' धातु 'नि' उपसर्ग र 'धत्र' प्रत्यय लागेर बनेको हो जसको अर्थ राम्ररी बाध्नु हो । आधुनिक युगमा प्रंचलित निबन्ध भन्ने पश्चिमको देन हो । फ्रान्सेली साहित्यकार मोन्तेनले सौह्रौं शताब्दीमा पहिलो पटक निबन्धको सुरुवात गरे । प्रयत्नका अर्थमा प्रयुक्त हुने ग्रीसेली Essai बाट Essay शब्दको प्रयोग हुन थालेको हो । नेपालीमा प्रचलित निबन्धले Essay को अभिप्रायलाई संवहन गर्दछ ।

निबन्ध विधाको परिभाषा दिने क्रममा केही प्रमुख चिन्तकहरूले व्यक्त गरेका विचारहरूलाई निम्नानुसार उदृत गरिएको छ-

१. मोन्तेन

"यी (निबन्ध) द्वारा कुनै नवीन सत्यको रहस्योद घाटन गरे भने दावी गर्दिन । मेरो काम केवल पाठकलाई आफ्नो हृदय खोलेर देखाउनु हो । म नै मोरा निबन्धको विषयवस्तु हँ किन भने मलाई सबैले भन्दा राम्ररी चिन्ने व्यक्ति म स्वयम् हुँ ।"

२. फ्रान्सिस वेकन

"मेरा यी छोटा रचनाहरूलार्य Essai नाम दिएको छु जहाँ विकीर्ण चिन्तनहरू छन् ।"

३. डा. ईश्वर बराल

"निबन्ध एक किसिमको कुरा गराई हो ।"

यसरी निबन्ध विधाको परिभाषा दिनेक्रममा विभिन्न विद्वानहरूको आ-आफ्नो विचारहरूलाई प्रस्तुत गरी यस विधालाई चिनाउने काम गरेका छन् ।

### ४.३.२ विषयप्रदेश

आधुनिक नेपाली साहित्यको कान्छो विधाका रुपमा आफ्नो स्वतन्त्र अस्तित्व कायम राख्दै देखापरेको गद्यात्मक निबन्ध विधालाई मुख्य गरी दुई भागमा वर्गीकरण गरिएको पाइन्छ, जसमध्ये निजात्मक र परात्मक निजात्मक अन्तर्गत वैयक्तिक, भावात्मक, विचारात्मक रहेको छन् भने परात्मक अन्तरगत वर्णनात्मक र विवरणत्मक गरी दुई भागमा छुट्टयाएको पाइन्छ । यस्तै निबन्धका विभिन्न प्रकार मध्ये यसका शाखा उपशाखाहरू पनि आफ्नो स्वतन्त्र अस्तित्व बोक्दै देखा परेका पाइन्छन्, जसमध्ये नियात्रात्मक निबन्ध, हाँस्यव्यङ्ग्यात्मक, संस्मरण, दैनिकी रिपोतार्ज, प्रतिवेदन, पत्रसाहित्य र अन्तर्वार्ता रहेका पाइन्छन् । यस मध्ये नियात्रात्मक निबन्धलाई निबन्ध विधाको एक स्वातन्त्र शखाका रुपमा हेरिए तापनि यो निजात्मक निबन्धको कोटिमा राख्ने गरेको पनि पाइन्छ । यस्तै नेपाली साहित्यका विविध विधामा आफ्नो ठूलो योगदान पुऱ्याउँदै एक उज्ज्वल ताराका रुपमा साहित्यिक क्षेत्रमा झुलुक्क झुल्कन खोजेका नृपबहादुर स्वाँरको निबन्धात्मक कृति देशभित्र देशबाहिर यस्तै नियात्रात्मक निबन्धको कोटिमा रहेको देखिन्छ ।

नियात्रात्मक निबन्धलाई यात्रा संस्मरण शब्दले पनि चिनाएको हुन्छ नेपाली गद्य साहित्यमा आधुनिक युगमा देखापरेका विविध विधा मध्ये नियात्रा पनि एक हो नियात्रा मा यात्राकारको आत्म भोगको आत्मपरकता प्रस्तुति भएको  हुन्छ । यसमा काल्पनिकताको मात्रा केही कम र भोगमूलक अभिव्यक्तिको मात्रा बढी हुन्छ । यसको रचना गद्यमा हुनु र भोगको अनुभूतिको वर्णन हुने भएकाले यो निबन्धकै निकट देखा पर्दछ । यसका निम्ति यात्राको सविस्तार वर्णनको आवश्यकता पर्दछ । यसको रचना झिनो दर्शन बाट मात्र हुँदैन यात्राका क्रममा देखिएका स्थान, व्यक्ति वा वातावरणलाई विषयवस्तु बनाएर त्यसलाई आत्मरागमा मुछ्दै अभिव्यक्ति गरिन्छ । यस्तै स्वाँरले आफ्नो यात्रा संस्मरणमा अनुभव गरेका, देखेका, सुनेका अभिव्यक्तिलाई निबन्ध विधाकै नियात्रात्मक कोटिमा रही ती अभिव्यक्तिलाई कृतिका रुपमा प्रकाशित गरी आफ्नो अमूल्य योगदानलाई प्रदान गर्नु भएको छ ।

### ४.३.२.१ देशभित्र-देशबाहिर

ऐतिहासिक सामग्रीको अध्ययनका साथै विभिन्न सामाजिक सेवा, राजनैतिक कार्यका सिलसिलामा दशभित्रको र देशबाहिरको भ्रमण गर्दा नृपबहादु स्वाँरद्वारा लेखिएको प्रस्तुत 'देशभित्र-देशबाहिर' नियात्रात्मक निबन्ध संग्रह वि.सं. २०६० सालमा प्रकाशित भएको हो । देशभित्र र देशबाहिरका विभिन्न ठाउँमा भ्रमण गर्दा आफूले अनुभव गरेका, आफ्नौ आँखाले देखेका स्थान व्यक्ति वातावरणलाई विषयवस्तु बनाएर त्यसलाई आत्मा नयनमा मुछ्दै आफ्ना अभिव्यक्तिहरूको वर्णन गरेका छन् । देशभित्र-देशबाहिरको यात्रामा आधारित हुनाले यस कृतिलाई यात्रा संस्मरणको कोटिमा राखिएको हो । देशभित्र-देशबाहिरको यात्रा कुन उद्देश्यलाई लिएर गरिएको थियो र के-कस्ता ठाउँमा के-कसरी यात्रा गरियो, के-कस्ता कठिनाइहरूको सामना गर्नु पऱ्यो र यात्रा गरेर के-कस्ता उपलब्धिहरू भए भन्ने कुराको सेरोफेरोमा प्रस्तुत 'देशभित्र-देशबाहिर' यात्रासंस्रण कृति अडेको छ । नृपबहादुर स्वाँरले विभिन्न सामग्री संकलन गर्ने उद्देश्यले यात्रामा जाँदा जुन किसिमको कष्ट भोगे त्यसैले वर्णन देश भित्र-देशबाहिरको यात्रा हो ।

'देशभित्र-देशबाहिर' स्वाँरको सबैभन्दा पछिल्लो समयमा प्रकाशित भएको ग्रन्थ हो । वि.स. २०६० सालमा सुदूरपश्चिमाञ्चल साहित्य समाजले प्रकाशित गरेको यस कृतिमा स्वाँरले बाल्यकाल देखि प्रौढाअवस्था सम्म देशभित्र-देशबाहिर रहदाँ देखेका, भोगेका र अनुभव गरेका घटना तथा विषयहरूलाई संस्मरणात्मक स्वरुप दिएका छन् । यस नियात्रात्मक कृतिलाई देशभित्र र देशबाहिर गरी दुई खण्डमा विभाजित गरिएको छ । देशभित्र खण्ड अन्तर्गत स्वाँरका विविध घटना, विषय तथा प्रसङ्ग, अनुभव, अनुभूतिहरूलाई 'जल-जलेका बासमा', 'साँझमा घरिएके पाहुँना द्यौता हुन्छ', 'कालीको किनारै किनार', 'भूस्वर्ग खप्तड', 'कर्णालीको तीरैतीर', 'नेपाली पौवामा एक रात', मौरेको पुलमाथि नरसिंह गिरीको सम्झना' र 'लेलेको लेकमाथि' गरी आठ वटा नियान्त्रात्मक निबन्धहरू समावेश छन् भने देशबाहिर खण्ड अन्तर्गत बाल्यकालमा पितासँग भोट जाँदा र पछि अमेरिका लगायत विभिन्न देशको भ्रमण गर्दा संगालेका अनुभव अनुभूतिहरूलाई 'कुतीको बाटो डिगर्चासम्म', आस्थ र विश्वासकी देवी दक्षिणकाली', 'सान्फ्रान्सिस्कोदेखि अकल्याण्डसम्म', 'पावेल एक अविस्मरणीय भित्र', पेमा परिवारसंगको परिचय', ल्हासाबाट पेमा परिवारको

पलायन', 'पावेलको चिडियाखाना', 'नयाँ संसारप्रतिको उत्सुक्ता', 'उजेली पच्छेमा रमाएको पावेलको जीवन', 'पाश्चात्य र हिन्दू संस्कृतिबीचको विभेद', 'अँधेरी पच्छेमा रुमल्लिएको पावेलको जीवन' र 'प्रशान्तमहासागरमाथि उडेको मन' गरी बाह्रबाट निबन्धहरू समावेश छन् ।

यात्रासंस्मरणलाई नियात्रा पनि भनिन्छ भन्ने कुरामाथि नै उल्लेख गरिएको छ । यात्रासंस्मरणमा भ्रमणको  घटना, विषय तथा प्रसङ्गले अनुभूतिको काम गर्छ र लेखकले प्रतिक्रियास्वरुप यात्रासंस्मरण लेख्छ । नियात्राकार नृपबहादुर स्वाँरले 'देशभित्र र देशबाहिर' निबन्ध संग्रहका माध्यमद्वारा आफ्ना अनुभूतिहरूलाई अलग-अलग रुपमा यसरी प्रस्तुत गरेको पाइन्छ ।

'देशभित्र-देशबाहिर' कृतिका  देशभित्र खण्ड अन्तर्गतका 'जलजलेको बासमा' 'साँझमा घरिएको पाहुँना द्यौता हुन्छ' शीर्षक नामक निबन्धहरू काठमाडौंको दरबार हाई स्कूलमा अध्ययन गर्ने क्रममा विदा हुँदा आफ्ना पिता कार्यरत रहेको ठाउँसम्म आउँदा जाँदा संगालेका बाल्यकालीन सम्झनाहरूलाई संस्मरणात्मक रुपमा दिएका छन् । दश-बाह्र वर्षको बाल्यकालमै स्वाँरलाई भविष्यमा आफू पनि नियात्राकार बन्छु भन्ने थाहा नभए पनि मातापिता र परिजनबाट छुट्टिएर बस्नु पर्दा यिनमा भावना, कल्पना संवेदना  बढ्नु स्वाभाविक हो भन्ने पाइन्छ । उक्त 'जलजलेको वासमा' निबन्धमा दरबार हाई स्कूलमा पढ्दै गरेका स्वाँर मीनपचासको बिदामा कुती-खासामा कार्यरत आफ्ना  बुबा र परिवारका सदस्यलाई भेट्न काठमाडौं देखि उक्त गन्तव्यसम्म छ-सात दिन पैदलै हिँड्दा संगालेका अनुभवहरूलाई प्रस्तुत गरिएको छ । बाटामा पर्ने साँखु शालीनदी, इन्द्रावती, खोके, जलजलेसम्मको कष्ट साध्य तर स्मृतिमय यात्राको बयान यसमा गरिएको छ ।

'साँझमा घरिएको पाहुँना द्यौता हुन्छ', निबन्धमा १९९८ साल तिर काठमाडौंदेखि भोटको कियरोङ्सम्मको यात्रावृत्तान्तलाई समेटेको छ । बाटामा पर्ने पाँचमाने, त्रिशूलीबजार वेत्रावती राम्चेसम्मको वर्णन यसमा गरिएको छ । यस्तै 'कालिको किनारैकिनार' निबन्धमा स्वाँर पञ्चायती राजनीतिमा सक्रिय रहेको र पञ्चायती व्यावस्थाका शक्तिलाई निकाय मानी पञ्चायती नीति तथा जाँच बुझ समितिका सदस्यका हैसियतले २०४१ तथा २०४६ सालमा धनगढी, महेन्द्रनगर र दार्चुलाको अवस्था अध्ययन गरी सम्बन्धित निकायमा जानकारी प्रदनन गर्नाका

लागि बैतडीदेखि दार्चुलासम्म गरेको पैदल यात्राको प्रसङ्ग उल्लेख छ भने पूर्वदीप्तिका रुपमा स्वाँरले वि.सं. २००८ तिर गरिसकेको दार्चुलासम्मको पैदल भ्रमणलाई पनि समेटेका छन् ।

'कर्णालीको तीरैतीर' निबन्धमा अछामबाट ठूलीगाड हुँदै कर्णालीको किनारै किनार चुरे पहाडसम्म आइपुगेको यात्राका क्रममा भेडाबाखा पालन गर्ने उत्तर भोटको ताक्लाकोटदेखि दक्षिण मधेसका राजापुर-सुर्खेतसम्म नुनले अनाज साटासट गर्ने भोटे जातिका पेसा, मर्म, बाध्यता र हार्दिकताको वर्णन गरिएको छ । यस्तै भू-स्वर्ग खप्तडको २००६ सालतिरको भ्रमण र खप्तडस्वामीको विलक्षण आध्यात्मिक शक्तिको वर्णन गरिएको छ । 'नापानी पौवामा एकरात' निबन्धपनि राजनैतिक सक्रियताकै सन्दर्भमा स्वयम् स्वाँरसहित तिलकराज शर्मा र बमबहादुर कठायतले सिलगढीमा सम्पन्न हुने अञ्चल सभामा सहभागी बन्न धनगढीबाट बाँझीलेक, नौराडी, गडसेरा हुँदै नापानीको एउटा पानी बिताएको रातको वर्णन गरिएको छ। 'मौरेको पुलमाथि नरसिंह गिरीको संझना' निबन्धमा एकातिर बाजुरा जिल्लाका समाजसेवी तथा राजनीतिकर्मी नरसिंह गिरीका सामाजिक योगदानको चर्चा गरिएको छ भने अर्कातिर अञ्चल सभामा समाजसेवा गर्ने प्रेरणा आफूलाई कहाँबाट र कसरी प्राप्त भयो भन्ने प्रसङ्ग स्वयम गिरीबाट वर्णन गरिएको छ ।

देशभित्र खण्डको अन्तिम निबन्ध 'तेलेको लेकमाथि'मा ग्रीष्मऋतुको उकुसमुकुस गर्मी सँगै पहाडका डोटीका लागि सुरुगरिएको कष्टसाध्य यात्रा र भौगोलिक अवस्थाअनुसारको प्राकृतिक विविधता अनि बाटामा भेटभएका घाँस काट्ने ग्रामीण बालाहरूसितको जम्काभेटले स्वाँरमा भएको प्रमे र सौन्दर्यमयी अनुभूतिको इमान्दार अभिव्यक्ति गरिएको छ।

नृपबहादुर स्वाँरद्वारा 'देशभित्र-देशबाहिर'(२०६०) नियात्रात्मक निबन्धमा 'देशबाहिर खण्ड अन्तर्गत स्वाँरले विभिन्न देशको भ्रमण गर्दा अनुभव गरेका सम्पूर्ण परिस्थितिको विवरण प्रस्तुत गरिएको छ । देशबाहिर खण्ड अन्तर्गत पूर्वीय र पाश्चात्य समाज संस्कृति, रीतिरिवाज र नियम भिन्न भिन्नै भए पनि प्राकृतिक दृश्यावली विश्वभरि समवेत हुने तथा मानवीय अन्तरभावना एकानाशको हुने यथार्थलाई यस खण्डका निबन्धहरूमा चित्रण गरिएको छ । यस खण्ड अन्तर्गतका 'पावेल एक अविष्मरणीय मित्र', 'पावेलको चिडियाखाना', 'उजेली पक्षमा रमाएको

पावेलको जीवन', पाश्चात्य र हिन्दू संस्कृतिबीचको विभेद', 'अँधेरी पच्छेमा रुमल्लिएको पावेलको जीवन', निबन्धहरू विषयवस्तु र संरचनाका दृष्टिले एक अर्काका परिपूरक देखिन्छन अर्थात माथि उल्लेखित पाँच निबन्धहरूको विषयवस्तु, परिवेश र भाव एउटै देखिन्छ । यस्तै 'नयाँ संसारप्रतिको उत्सुकता' र 'प्रशान्त महासागरमाथि उडेको मन', आदि निबन्धहरूम ठट्टैठट्टामा बेलायतबाट अमेरिका गइ बसेका र डनमार्केली मलकी स्वस्र्थी सुसानसित प्रेम विवाह गरे पनि दुई वर्षमा नै दाम्पत्य जीवनको विघटको पीडा पचाइरहेका शिष्ट, सभ्य, आधुनिक र आदर्शबादी मेकानिकल, इन्जिनियर पावेलसित छोटो अवधिमा कायम हुन गएको नृपबहादुर स्वाँरको आत्मीयता, हार्दिकता र सान्निध्य अनि पावेलले भोगेका देखेका र अनुभव गरेका जीवनका आरोह-अवरोहहरूको वर्ण गरिएको छ ।

'कुर्तीको बाटो डिगर्चासम्म' निबन्धबारे देशभित्र खण्ड अन्तर्गत नै चर्चा गरिसकिएको छ । 'आस्था र विश्वासकी देवी दक्षिणकाली' निबन्धमा क्यालिफोनिया विश्व विद्यालयमा प्राध्यापनरत सानफ्रान्सिस्को सहर निवासी नेपाल र नेपाली भनेपछि हुरुक्क हुने एक जना प्राध्यापकले लेखकका सम्मानमा दिएको रात्रिभोजको सम्भावना गरिएको छ । पेमा परिवासितको परिचय र ल्हासाबाट पेमा परिवारको पलान शीर्षकका निबन्धहरू तिब्बतलाई चीन सरकारले कब्जा गरपछि दलाई लामाका समर्थकहरूले भोग्नुपरेका समस्या तथा शरणार्थी जीवनका पीडाहरूको वर्णन गरिएको छ ।

यसरी स्वाँरले प्रत्येक निबन्धहरूमा सरल-सहज भाषाको प्रयोग गरी भाषिक चमत्कार देखाएर पाण्डित्य प्रदर्शन गर्नुभन्दा पनि आफूले देखेको, भोगेको र अनुभव गरेको जीवन, रीतिरिवाज, संस्कृति र नीतिको वैयक्तिक ढंगले अभिव्यक्ति दिएको पाइन्छ । स्वाँरले स्वदेशको जुन विकट धर्तीबाट यस संसारमा पदापर्ण गरे, त्यहाँबाट देशभित्रकै र विदेशका सुदूरउत्तरी गोलार्द्ध सम्मको प्रकृति र संस्कृतिको सङ्लो सरस-सरल र रैखित अभिव्यक्ति यस संग्रहमा गरिएको छ । आफू सुदूरपश्चिमकै भएका कारण देशभित्र खण्डका अधिकांश निबन्धहरूको परिवेश पनि सुदूरपश्चिमकै भएको हुँदा यस भेगका भाषिकाको प्रयोग गरिएको पाइन्छ ।

सुदूरपश्चिमाञ्चल विकासक्षेत्रको अछाम जिल्लामा जन्मनुभएका स्वाँर समाजसेवा, राजनीति र साहित्यक्षेत्रमा आफ्नो महत्वपूर्ण योगदान दिन एक सफल

व्यक्तित्व हुन् । आफ्नो जीवनको पूर्वार्द्ध चरणतिर, सामाजिक गतिविधि र राजनीतिमा बढी संलग्न देखिने स्वाँरको जीवनको उत्तरार्द्धतिरको चरण साहित्यसिर्जनातर्फ सक्रिय रहेको पाइन्छ । यिनले साहित्य र साहित्येतर विद्यामा आफ्नो कलम चलाएको पाइन्छ । साहित्यलाई स्वान्तः सुखायका रुपमा लिने स्वाँर राष्ट्रिय स्तरमा चर्चित हुन नसके पनि सुदूरपश्चिम क्षेत्रका बहुमुखी प्रतिभा सम्पन्न व्यक्रित्वका रुपमा देखिन्छन् । देशभित्र-देशबाहिर यिनको प्रकाशनका दृष्टिले कान्छो नियात्रात्मक निबन्ध विधाको ग्रन्थ हो । छ-सात वर्षकै उमेरदेखि नै काठमाडौंमा डेरा गरे अध्ययन गर्ने स्वाँर विद्यालयको बिदामा आफ्ना पितालाई भेट्न जान्थे भने युवावस्थादेखि प्रौढावस्थासम्म राजनीतिमा बढी सक्रिय रहँदा देश-विदेशका विभिन्न स्थलहरूको भ्रमण अध्ययन र अवलोकन गर्ने अवसर यिनलाई प्राप्त भएको पाइन्छ । संवेदनशील, भावुक र सदृदयी स्वाँरलाई देश-विदेशका कैयौं सुगम र दुर्गम स्थान तथा कोमल-हार्दिकका साथै कठोर स्वार्थी पात्रहरू अनि कटुमधुर अनुभव तथा घटनाहरूले तीब्ररुपमा प्रभावित पारेको पाइन्छ । यस संग्रहमा स्वाँरले बाल्यावस्थादेखि नै छिचोलेका कष्टमय यात्राहरूको सरल, सहज र आकर्षक वर्णन गरिएको पाइन्छ भने अन्तर्राष्ट्रिय आगन्तुक कार्यक्रम अन्तर्गत छ हप्तासम्म संयुक्तराज्य अमेरिका जस्तो वैभवशाली मुलुकका कतिपय दर्शनीय स्थलहरूको भ्रमण गर्ने अवसरलाई पनि सदुपयोग गरेको पाइन्छ ।

**निष्कर्ष**

भाषिक प्रयोगका दृष्टिले पनि स्वाँर विशिष्ट स्थान राख्दछन् । उनी भाषालाई अत्यन्तै सहजरुपमा चलाउन र खेलाउन सक्ने नियात्राकार हुन् । उनको भाषा सहज, सम्प्रेष्य र ओजस्वी पाइन्छ । नेपाली साहितयका निभिन्न विधामा कलम चलाउन सफल स्वाँरले साहित्यको नियात्रा (यात्रा-संस्मरण) फाँटमा विशेष योगदान पुऱ्याएको पाइन्छ ।

नृपबहादुर स्वाँर मूलतः राष्ट्रवादी भावना भएका नियात्राकार हुन् । यिनले स्वदेश भ्रमण होस वा विदेश भ्रमण दुवैसँग सम्बन्धित यात्रा वर्णनमा आफ्ना राष्ट्रवादी भावना व्यक्त गरेका छन् । यिनले स्वदेश भ्रमणमा आधारित निबन्धमा नेपाली मानसको र मनोभावनाको सजीव चित्र प्रस्तुत गरेका छन् भने विदेश भ्रमणका क्रममा पनि नेपाली प्रकृति र सभ्यताबाट बिम्बहरू टिप्दै तिनमा नेपाली

नियात्राकार हुन् । यिनका नियात्राहरू कुनै उद्देश्य वा लक्ष्य प्राप्तिमा केन्द्रित नभएर यात्राकै निम्ति प्रस्तुत भएका छन् । त्यसैले आधुनिक यात्रा साहित्यमा नभएर यात्राकै निम्ति प्रस्तुत भएका छन् । तयसैले आधुनिक यात्रा साहित्यमा नृपबहादुर स्वाँर आत्मपरक धाराको प्रतिनिधित्व गर्ने आत्मराग प्रबल भएका नियात्राकार मानिन्छन् । यस्तै पाश्चात्य सभ्यतामा देखिने युवा-युवतीका प्रेमक्रीडालाई समेट्दै नारी सौन्दर्य, नारीमा पाइने हार्दिक प्रेम आदिलाई आकर्षक तरिकाले प्रस्तुत गरेका छन् । प्रकृतिको चित्रण गर्नु नियात्राकार स्वाँरको प्रमुख प्रवृत्तिका रुपमा देखिएको छ । नेपालको पश्चिमी पहाडी जिल्ला यन्त्रिक सभ्यतामा रम्न पुगे पनि सानै देखि मानसपटलमा अमीट रुपमा रहेको प्रकृतिको छाप उनका नियात्राहरूमा प्रकट भएको पाइन्छ । आफ्ना नियात्राहरूमा उनले प्राकृतिक परिवेशको सुन्दर चित्र प्रस्तुत गरेका छन् । स्वदेश भ्रमण होस वा विदेश भ्रमणमा नेपाली प्रकृतिको सुन्दरचित्र उतार्न कै पछि परेका छैनन् ।

### ४.४ वंशावली परिचय

समाजशास्त्री र मानवशास्त्रीय तथ्य सङ्कलनको लागि यो जेनेलोजिकल मेथड ज्यादै उपयोगी सिद्ध भएको छ । यो पद्धति खासगरी मानिसहरूको बारेमा अध्ययन गर्नमा ज्यादै महत्वपूर्ण भूमिक निर्वाह गर्दछ । सर्वप्रथम Genealogy को शब्दार्थ बुझ्न उपर्यक्त हुन्छ । Genealogy भन्ने शब्द ग्रीक भाषाबाट आएको हो ग्रीकमा Genealogy लाई Geneologia भनिन्छ वा Genealoiga भन्ने ग्रीक Term बाट Genealogy बन्न गएको हो ।

यस पद्धतिबाट खास गरी वंश, परम्परा, वा वंशावली सम्बन्धी अध्ययन गर्न सकिने भएकाले यसको ठूलो महत्व हुन्छ । यस विधिबाट भूत र वर्तमान सन्ततिको बीचको तुलनात्मक अध्ययन गर्न सकिन्छ । यही विधिबाट वंशावलीसम्बन्धी अध्ययन गरिन्छ । यस विधिको खास गरी अशिक्षित समाजमा प्रयोग गर्न सकिन्छ । जहाँ पुराना लिखित कागजपत्रहरू आफ्ना पुर्खाहरूबाट प्राप्त हुन सक्दछन् र लिखित अभिलेखहरू राख्ने चलन पनि हुन्छ । यो विधिलाई मानवशास्त्रीहरूले शुरुदेखि नै प्रयोग गर्दै आइरहेका छन् । तर आजकल यसलाई समाजशास्त्री feild मा पनि प्रयोग गरिन थाएिको छ । यो विधिलाई आजकल sociological investigation मा essential technique को रुपमा लिइन्छ । यसमा बुढापाकाबाट आफ्ना

वंशानुगत पारिवारिक कुराहरू आफ्नो भावी सन्ततिहरूमा छोराछोरी, नातिपनातिबाट गरिने कार्य हुन्छ ।

नेपालमा वंशावली सम्बन्धी ज्ञानले देशका अशिक्षित जनतामा खास रुपमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ किनकि उनीहरू विभिन्न पुस्ता, पिढी, दर-पिढी पुर्ख्यौलीलाई एउटै विन्दुमा जोड्दछन् र सगोत्रहरूको नामबाट त्यसको परिवारलाई थाहा पाउन सकिन्छ । नेपालका बाहुन र क्षेत्री जातिमा वंशावलीको ज्ञानलाई विवाह पद्धति, अंशवण्डा, बच्चाको नामाकरण आदिमा प्रयोग गरिन्छ । सामान्यतः व्यक्तिको नाम र title, उपना, थरबाट वंशबारे प्रथम झलक प्रकट हुन्छ ।[६६]

**विषयप्रवेश**

नेपाली साहित्यका विविध विधामा आफ्नो कलम चलाउन सफल भई आफूलाई साहित्यकारको कोटिमा स्थापित गर्न सफल भएका स्वाँरले अन्य लेखनकार्य तर्फ पनि त्यतिकै आफ्नो अविस्मरणीय योगदान पुऱ्याएका छन् । यसै क्रममा नेपाल एक चारवर्ण छत्तीस जातको साझा फूलबारीका रुपमा सहर्ष स्वीकार्न पुगेका स्वाँर हरेक जात-जातिको आ-आफ्नै अस्तित्व फरक-फरक पहिचान, आफ्नै किसिमको रीतिरिवाज, संस्कृति, धर्म, आफ्नै इतिहास बोकेर आएका हुन्छन् भन्ने मान्यता राख्दछन् । यस्तै सोच र मनस्थितिलाई अगाडि बढाउने क्रममा स्वाँरले आफ्नो वंशपरम्परालाई स्पष्ट रुपमा चिनाउने प्रयत्न गरेको पाइन्छ ।

**४.४.१ स्वाँरको चिनारी**

प्रस्तुत 'स्वाँरको चिनारी' कृति वि.सं. २०४९ सालमा प्रकाशित भएको हो तर यसको रचनाकाल भने वि.सं. २०१७ सालतिर भएको पाइन्छ । स्वाँर जातिका शाखा प्रशाखाहरू आज जे जति महाकाली, सेती र भेरी अञ्चल लगायतका विभिन्न जिल्लामा र भारतको नैनीताल समेतमा बसोबास गर्दै आएका स्वाँर जातिको मूल थलो सुदूर पश्चिमाञ्चल अन्तर्गत सेती अञ्चलको अछाम जिल्लाकै ढाँकु हो भन्ने कुरा स्वाँरले यस 'स्वाँरको चिनारी' कृतिमा उल्लेख गरेका छन् । यसै क्रममा स्वाँर जातिको पुर्ख्यौली शुरुवात हंसराज भट्ट पछिका कालु ढुंगानाका छोरा उदय सिंह

[६६] दास, प्रभावकरलाल, **उच्चस्तरीय सामाजिक अनुसन्धान प्रविधि,** पृष्ठ २१९ ।

स्वाँरदेखि नै गरिएको प्रसङ्गलाई उनले यस 'स्वाँरको चिनारी' कृतिमा उल्लेख गरेका छन् ।

आछाम ढाँकुबाट आछामकै विभिन्न गाउँ ठाउँमा लगभग चौबीस पच्चीस पुस्तासम्म बसोबास गरी आज जुन रुपले स्वाँर परिवारहरू विभिन्न जिल्लामा बसाइँ सर्दै अछाम जिल्लाबाट टाढिदै गएका छन् त्यही रुपमा नै एक दोस्रो संगको बन्धुत्व, सम्बन्ध, व्यावहार र पहिचानमा पनि टाढा रहनु पर्ने अवस्था आउन थालिएको र यसरी भविष्यमा गएर एक दोस्रोको पहिचान नाता सम्बन्धको ज्ञान हुन सक्ने भएको हुँदा यो एक 'स्वाँरको चिनारी' अर्थात परिचयात्मक पुस्तिकाले आफ्नो मूलथलो, पुस्ता र नाता सम्बन्धको बोध गराउन सहयोग पुऱ्याउने उद्देश्यले स्वाँरले 'स्वाँरको चिनारी' कृतिको लेखनीकार्य गरेको पाइन्छ ।

प्रस्तुत 'स्वाँरको चिनारी' कृति अन्तर्गत 'स्वाँर जातिको पुर्खा र परिचय' नामक शीर्षकमा स्वाँर जातिको पुर्खा को हुन्? कहाँबाट आएका हुन्? कहाँ आएर बसोबस गरे? कसरी स्वाँर बन्न पुगे? स्वाँर जातिको गोत्र के हो? आदि कुराको यकिन गर्न केही ऐतिहासिक शोधखोजका आधारले हालसम्म के कसरी अगाडि बढदै आए र कहाँ कसरी बसोबास गर्न पुगे, हाल आएर के कति ठाउँमा कसरी बसोबास गर्दै आइरहेका छन् भन्ने कुरा स्पष्ट रुपमा यस कृतिमा देखाएका छन् । यस कृतिमा नृपबहादुर स्वाँरले प्रत्येक स्वाँरले प्रत्यके स्वाँरको शाखा प्रशाखाहरू छुट्टायाउँदै, प्रत्येक शाखाका प्रमुख पुस्ताले आफ्नो पुस्तामा के कसरी अगाडि बढ्ने काम गरे र आफ्नो समयमा स्वाँर जातिलाई के योगदान दिएर गए भन्ने कुराको पुष्टि गरिएको पाइन्छ ।

संरचनाका हिसाबले 'स्वाँरको चिनारी' कृति ४५ पृष्ठमा संग्रहित छ । यसका प्रत्येक शाखा उपशाखा गरी जम्मा १८ वटा रहेका छन् । जसलाई उक्त कृतिबाट जस्तो त्यस्तै तल राखिएको छ-

कौशिक गोत्रीय स्वाँरको वंशावली

हंशराज ढुङ्गाना (भट्ट)

१. कालु ढुङ्गाना

२. उदय स्वाँर

३. धेबु स्वाँर

४. जलहर स्वाँर

५. जगत स्वाँर

६. जियराज स्वाँर

७. जसु स्वाँर


८. जैमान स्वाँर


९. बसु स्वाँर

१०. शंकर स्वाँर

११. शंग्राम स्वाँर

द्रष्टव्य: वंशावलीको सुरुवात हंशराज भट्ट देखि भएता पनि उनी पछिका केहि पुस्ताको नाम पत्ता नलागेकोले कालु ढुंगाना पहिलो मात्रवंशानुक्रम उल्लेख गरेको पाइएको छ साथै रेखा चित्रद्वारा स्वाँरको चिनारीका शाखा प्रशाखाहरूलाई यसरी चिनाउने काम गरिएको छ।



उर्पयुक्त रेखा चित्रका आधारमा नृपबहादुर स्वाँरले 'स्वाँरको चिनारी' नामक कृतिमा सम्पूर्ण विवरण उल्लेख गरेका छन् । साथै स्वाँर चिनारी वा वंशावलीका लागि यो कृति निकै स्तरीय देखिन्छ ।

### ४.४.२ स्वाँर वंशावली भाग-एक

प्रस्तुत 'स्वाँर वंशावली' भाग-एक कृति वि.सं. २०६१ सालमा प्रकाशित भएको हो । यसका रचनाकार नृपबहादुर स्वाँर हुन् । उनको आफ्नो जीवनको अन्तिम अवस्थामा यस कृतिको रचना गरेको पाइन्छ । उनले ऐतिहासिक अनुसन्धानबाट विभिन्न सामग्रीहरूको शोध खोज गरी स्वाँर वंशको पुर्खाहरूको बारेमा यथासक्या तथ्य र प्रमाणित कुरालाई समेटी प्रकाशन गर्ने काम गरेका छन् । यस कृतिको मूल विषय अछाम जिल्ला रिडीकोट गाउँ निवासीका साथै नेपाल अधिराज्य र नेपाल बाहिर बसोबास गर्ने सम्पूर्ण स्वाँर वंशको वंशवृत्तान्तको वर्णन रहेको छ । संरचनाका हिसाबले यो कृति तीन परिच्छेदमा विभक्त छ साथै २२६ पृष्ठमा संरचित छ ।

पहिलो परिच्छेदमा चौध वटा विषय (शीर्षक) रहेका छन् । यस परिच्छेदमा स्वाँर वंशका पुर्खा को हुन्? कहाँबाट आएका हुन्? यिनीहरूको चिनारी के हो? स्वाँर भन्ने थर कहाँबाट, कुन आधारमा कहिलेदेखि रह्यो भन्ने कुराको स्पष्ट खुलासा गरिएको छ । यस्तै तत्कालीन समयका राजवंशी वा राजा रजौटाबाट पद र थर घोषित भएको, यस्तै राजारजौटाबाट मानपद पाएको प्रसंग पनि यस कृतिमा समावेश गरेको पाइन्छ । तत्कालीन समयका राजा रजौटाहरूले एक अर्का माथि आकर्मण, हमला, गर्ने र त्यसमा स्वाँर वंशको के कस्तो भूमिका रह्यो, तत्कालीन समयमा ती राजारजौटाहरूबाट काजी पदबी हासिल गरेका स्वाँरले राजपाट सम्बन्धी आइपरेका समस्या वा अप्ठ्याराहरूको सामनागरी बाहादुरीता देखाएको र बहादुरीको प्रसंसा वा खाँडो जगाउँदा गरिने प्रस्तुतिको प्रसंस यस परिच्छेदमा उद्धत गरिएको छ । स्वाँरवंशका साथसाथै त्यस भागमा राजा रजौटाहरूले राज्य गर्दै आएको ऐतिहासिक वंशवृत्तान्तलाई उल्लेख गरेको छ । साथै आछामी राजा र उनले गरेको शासनकालको बारेमा पनि यस कृतिमा उल्लेख गरिएको पाइन्छ ।

दोस्रो परिच्छेदमा स्वाँरवंशको सम्पूर्ण विवरण खुलाएको छ । यस परिच्छेदमा स्वाँरवंशको १९ पुस्ताको इतिवृत्तान्त खुलाएको छ । हरेक पुस्तामा प्रत्येक व्यक्तिले आफ्नो जाति, रीतिरिवाज, धर्म संस्कृति परम्परा देखि राजपाट सम्बन्धी आफूले गरेको कार्य, त्याग तपस्य, देश र जनताको निम्ति गरेको कोठोर संघर्ष सबै कुराको ऐतिहासिक तथ्यका आधारमा स्वाँरले यस कृतिमा उल्लेख गरेका छन् । यसको साथै हरेक पुस्तामा के कसरी एक ठाउँबाट अर्को ठाउँमा बसाइँसराइ गर्नु पुगे र त्यहाँ तिनीहरूले आफ्नो पहिचान कसरी दिए आफ्नो अस्तित्वलाई कसरी देखाउँदै गए, आफ्नो शक्ति कसरी प्रदर्शन गर्दै गए, के कस्ता पेशा अगाल्दै गए आदि सम्पूर्ण कुराको विवरण यस परिच्छेदमा स्वाँरले उल्लेख गरेका छन् ।

तेस्रो परिच्छेदलाई परिशिष्ट नं. १,२,३ ... गरी १८ परिशिष्टमा समेटिएको पाइन्छ । यस परिच्छेदमा स्वाँरले ऐतिहासिक शोधखोजका आधारमा प्राप्त भएका ऐतिहासिक शोधखोजका आधारमा प्राप्त भएका, ऐतिहासिक पत्रहरू लालमोहर, सनद पत्र, चिठीहरू जस्ताको तस्तै उत्तार गरेका छन् । उदाहरणको लागि जस्ताको तस्तै केही सनदपत्र तल दिइएको छः

श्री

श्री ५ सर्कार १

स्वस्तिश्रीमच्चौतरियाववरजंगसाहकस्यमम्--------आगे महेन्द्रस्वाँरके आसिसउप्रान्त भेरिपश्चिमका जगाजगामा छापमानाचावलहलवंदीको चंजापंजाकाम हुकुमलालमोहरहुदा तैलेअधिदेषीषाइचर्चीआयाबमोजिंका घर २५ मध्ये सदरभयाकाघर १९ को सेर्माठेकरु २५ र षेत २/७६ तपसिल्वमोजिं छापमानाचावलथामिदिञ्जूं १ को सोझो चिताई मोहोजका मुक्तिमारसंगरुजरही

छापमानाचावलजानिचलनगर

**तपसिल**

-------सल्यान्स्मेतकाघर २५ मध्ये सदरघर १९ के रु. २५-तिल्पा पाटा निमायलगाउकाषेतमध्ये २/७८ इतिसंवतु १८९९ सालमिति वैशाख १५ गते ३ शुमंम् -------------------------------------------------------------

श्रोतः अछा जनालीकोट ४ का श्री उपेन्द्रबहादुर स्वाँरबाट प्राप्तः ।

स्वाँर वंशावली भाग एक, परिशिष्ट ४ बाट लिएको ।

यसरी अछाम जिल्ला स्वाँरहरूको वंशजको वर्णन गरिएको यो कृति नेपाली गद्यशैलीमा लेखिएको छ । नेपालको ऐतिहासिक अध्ययनमा यस पुस्तकले महत्वपूर्ण योगदान दिनुका साथै तत्कालीन भाषाको अध्ययनमा पनि सहयोग पुग्ने देखिन्छ ।

### ४.४.३ स्वाँरवंशावली भाग-दुई

प्रस्तुत 'स्वाँर वंशावली' भाग-दुई कृति वि.सं. २०६४ सालमा रचनाकार नृपबहादुर स्वाँरको मृत्यु पछि प्रकाशित भएको हो । उनले आफ्नो जीवनको अन्तिम अवस्थामा यस कृतिको रचना गरेको हुन् । यसमा स्वाँर जातिको वा स्वाँर परिवारको पुस्तेवाली नामावलीको विस्तृत विवरण प्रस्तुत गरिएको छ । यस पुस्तकबाट स्वाँर परिवारको वर्तमान पुस्तालाई आफ्ना पूर्वजहरूको नाम, सम्बन्ध, नाता र पुस्ताको बारेमा जानकारी गराउने काम गरेको पाइन्छ । स्वाँर वंशावली भाग-एकमा स्वाँरका पूर्वजहरूले विभिन्न कालखण्डमा देशको गौरबमय इतिहासलाई उज्ज्वल पार्न राजनीतिक, प्रशासनिक र सामाजिक क्षेत्रमा मन, बचन र कर्मले समर्पित भएर स्वाँरवंशको प्रतिष्ठा बढाउनेकार्यमा लागेको वृत्तान्त रहेको पाइन्छ भने स्वाँर वंशावली भाग-दुईमा सोही वंशावलीलाई मध्यनगर रोखर स्वाँर थरको प्रादुर्भाव भएदेखि अहिले सम्मका विभिन्न शाखा प्रशाखाहरूमा विभाजित भएका स्वाँरवंशजहरूको नामावली र हाल को कहा बस्छन् भन्ने कुरा समेत यस स्वाँर वंशावली भाग दुईमा खुलाएको पाइन्छ ।

"इतिहास एउटा यस्तो विषय हो, जसले अतीतलाई समेटेर राखेको हुन्छ, तर कहाँ र कुन रुप, कुन अवस्थामा राखेको हुन्छ, त्यो भने खोज र अनुसन्धानको विषय नै हुन्छ" भन्ने भनाइलाई श्रेय दिने नृपबहादुर स्वाँरको 'स्वाँर वंशावली' भाग-दुई मा स्वाँर बन्धुहरूको कहाँ बस्छन्, कुन पुस्ताका हुन्, कति छन् को संग कसको के नाता लाग्छ, स्वाँर बन्धुहरूबीच आपसी सम्बन्ध सद्भाव सहयोग र बन्धुत्वको भावना विकसित हुँदै जावस र भविष्यमा पनि यसले निरन्तरता पाउँदै जावस भन्ने उत्कृष्ठा राखेर विभिन्न खोज अनुसन्धानबाट यस कृतिको रचना गरेका हुन् ।

प्रस्तुत स्वाँरवंशावली भाग-दुईमा जम्मा एघारवटा शीर्षक रहेको छन्, यसको वाह्य संरचनाका हिसाबले ४८ पृष्ठमा संरचित छ । एघार शीर्षकमा अछाममा मानवसभ्यताको उदय, विभिन्न घरको प्रदुर्भाव, स्वाँर थरको उदभव, ढाँकु बसेका स्वाँरको वंशानुक्रम, विभिन्न शाखामा विभाजित स्वाँरको वंशवृद्धा देखिलिएर देवुसिहं स्वाँरको झकाले शाखा हुँदै सवलसिंह स्वाँरका लिंडी शाखा सम्मको ऐतिहासिक वृत्तान्त उद्धत गरिएको छ । यसका साथै यस पुस्तकमा स्वाँर मिलन सेवा समितिका कार्य, यसको पुनर्गठन, उद्देश्य आदिको बारेमा पनि उल्लेख गरिएको छ । त्यसकारण यो कृति ऐतिहासिक विषयवस्तुको आधारभूत सामग्रीपनि हुनाले इतिहास अध्ययनका क्षेत्रमा समेत यसको ठूलो महत्व रहेको पाइन्छ ।

### ४.५. नृपबहादुर स्वाँर स्मृतिग्रन्थको एक चर्चा

स्मृतिगन्थको शाब्दिक अर्थ कुनै पनि व्यक्तिको जन्म देखि मृत्यु सम्मका सम्पूर्ण राम्रा नराम्रा सबै पक्षहरूको बारेमा विस्तृत रुपमा अवलोकन गरी त्यस व्यक्तिले समाज, गाउँ, क्षेत्र, राष्ट्र र अन्तराष्ट्रिय जगतमा सामाजिक, धार्मिक, आर्थिक, राजनैतिक, साहित्यिक, संस्कृतिक आदि विविध पक्षमा गरेको योगदानको मूल्याङ्कन गरी समाजका विभिन्न तह र तप्काका व्यक्तिहरूबाट सो व्यक्तिको योगफलको बारेमा लेखिएका विभिन्न लेखोटहरूको संग्रह नै स्मृतिग्रन्थ भनिएको पाइन्छ ।[६७]

नेपाली साहित्यको भण्डारमा आफ्नो अमूल्य योगदान दिई साहित्यकोशलाई थप्न सफल एक साहित्यकार, एक कुशल समाजसेवी कुशल शिक्षक कुशल राजनीतिज्ञ नेपबहादुर स्वाँरको बहुआयामिक व्यक्तित्वको समाजसामु प्रदर्शित होस भन्ने हेतुले विभिन्न संघ संस्था तथा शुभचिन्तकहरूले भौतिक तथा भावात्मक सहयोगबाट 'सुदूरपश्चिमाञ्चल साहित्य समाज' धनगढीद्वारा यो स्मृतिग्रन्थको प्रकाशन गरेको पाइन्छ । सुदूरपश्चिमाञ्चल विकास क्षेत्रकै एक प्रतिनिधि साहित्यिक संस्था 'सुदूरपश्चिमाञ्चल साहित्य समाज' ले भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा समर्पित स्रटाहरूको विषयमा सक्दो कार्य गर्दै आएको पाइन्छ, यसै श्रृङ्खलामा सुदूरपश्चिमकै अग्रेणी साहित्यकार स्वाँरको सन्दर्भलाई यस स्मृतिग्रन्थमा समाहित

[६७] नृपबहादुर स्वाँर स्मृति ग्रन्थ को भूमिकाबाट साभार ।

गरको पाइन्छ । यस्तै नेपाली साहित्यको क्षेत्रमा साहित्यकारका कोटिमा स्थापित बन्न सफल स्वाँरको जीवनी, व्यक्तित्व, कृतित्वका साथै उनका अन्य जीवनका विविध पाटाहरूका बारेमा विभिन्न विद्धान, राजनीतिज्ञ, समाजसेवी र संघ-संस्थाले विविध शीर्षकमा स्वाँरको सम्पूर्ण पक्षलाई समायोजन गरी निम्नानुसारको शीर्षकमा ‘नृपबहादुर स्वाँर स्मृतिग्रन्थ’ नाम कृतिको प्रकाशन गरेको छ ।[६८]

| क्र. स. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १. | बहुआयामिक व्यक्तित्व धनी नृपबहादुर स्वाँरको जीवनी स्मरण | धनञ्जय तिमिल्सिना | १ |
| २. | केही अनुभूति | सूर्यबहादुर थापा | १५ |
| ३. | शालीन व्यक्तित्व | लोकेन्द्रबहादुर चन्द | १६ |
| ४. | अविस्मरणीय यात्रा र नृपबहादुर स्वाँर | जगतबहादुर वोगटी | १८ |
| ५. | दुईशब्द | नवराज सुवेदी | २३ |
| ६. | सौम्प सौहार्द सम्झना | कमलराज रेग्मी | २४ |
| ७. | चिन्तनशील तथा मृदभाषी दाइको सम्झना | नारायणदत्त भट्ट | २५ |
| ८. | स्व. नृपबहादुर स्वाँरको सम्झना | बलबहादुर कुँवर | २९ |
| ९. | स्नेही मित्र | काशीनाथ जोशी | ३२ |
| १०. | श्रदान्जली | मिनबहादु रावल | ३४ |
| ११. | स्नेह श्रद्धानजली | आत्मराज ओझा | ३६ |
| १२. | बहुमुखी प्रतिभाका धनी स्व. नृपको एउटा शब्दचित्र-स्तम्भ | आ.डी. प्रभाव चटौत | ३८ |
| १३. | बहुआयमिक व्यक्तित्वका धनी | इन्द्रबहादु शाह | ५८ |
| १४. | सम्झनाको परिधिभित्र नृपबहादर स्वाँर | ईश्वरी स्वाँर | ६३ |
| १५. | श्रद्धान्जली सृजनाका सारथिलाई मेरो | ऋचा लुइटेल | ६६ |
| १६. | मैले अनुभूत गरेको व्यक्तित्व | कटकबहादुर खड्का | ६८ |
| १७. | स्मरणः न्यानो माया र आफ्नोपन | करणबहादुर रावल | ७१ |

[६८] ऐजन् ।

| | | | |
|---|---|---|---|
| १८. | उपन्यास 'कुसुमी' मित्र नृपबहादुर स्वाँर | कल्याण ओझा | ७४ |
| १९. | 'कुसुमी' उपन्यासको समीक्षा | प्रा.कृष्ण गौतम | ७५ |
| २०. | 'चिनु' उपन्यास एक चर्चा | प्रा. कृष्ण गौतम | ८१ |
| २१. | मेरा स्मृतिपटलमा साहित्यकार नृप | कृष्ण पनेरु 'बञ्चित' | ८४ |
| २२. | स्व. नृपबहादुर स्वाँर एक असल मानिस | गगनराज भट्ट | ८६ |
| २३. | शब्द श्रद्धा | गणेशदत्त न्यौपानै | ८७ |
| २४. | चिरस्मरणीय व्यक्तित्व | गणेशबहादुर स्वाँर | ८८ |
| २५. | देशभित्र र देशाबाहिर कृतिको विश्लेषण | गणेशराज जोशी | ९१ |
| २६. | ते हि नो दिवसाहः गताः | डा. जयराज पन्त | १०१ |
| २७. | उनकै नाममा श्रद्धान्जली | ज्योतिप्रकाश जोशी 'निश्छल' | १०६ |
| २८. | नृपबहादुर स्वाँरको सम्झना | टेकबहादुर खड्का | १०७ |
| २९. | आत्मीय मित्रवर स्वाँरज्यूप्रति श्रद्धा सुमन | डबलबहादुर कुँवर | १११ |
| ३०. | वास्तविक नृप | डिल्लीराज पन्त | ११३ |
| ३१. | सम्झना | दलबहादुर बोगटी | ११५ |
| ३२. | स्मरणीय व्यक्तित्व नृपबहादु स्वाँर | दीनानाथ भट्ट | ११७ |
| ३३. | नृपबहादुर स्वाँरः सरल एवं कर्मठ व्यक्तित्व | डा. दीपबहादुर स्वाँर | १२० |
| ३४. | "Symbol of the humanity" | Dipendra Swar | १२४ |
| ३५. | 'कथा-व्यथा'को कथा | डा. दुर्गाप्रसाद अर्याल | १२६ |
| ३६. | कवि र कविता | श्री १००८ स्वामी देवराज आचार्य | १२९ |
| ३७. | स्मृतिका डोबहरू | ध्वजबहादुर कुँवर | १३१ |
| ३८. | शक्तिवैशिष्यता | नन्दराज पाण्डे 'शास्त्री' | १३९ |
| ३९. | सरल स्वभावका धनी व्यक्तित्व | नयाराम खत्री | १४३ |
| ४०. | जीवनको जित | नरनारायण शाह 'मनु' | १४६ |
| ४१. | अमर व्यक्तित्व नृपबहादुर स्वाँर | नवराज ओझा | १४८ |
| ४२. | सम्झनाका आँसु | निर्मलकुमार भण्डारी 'भ्रमित' | १५० |
| ४३. | बहुआयमिक व्यक्तित्वः केही संस्मरण | पदमराज जोशी 'प्रभाव' | १५२ |
| ४४. | हार्दिक श्रद्धाञ्जली | पदमसिंह कुँवर | १६० |

| | | | |
|---|---|---|---|
| ४५. | अनुभूतिका केही क्षणहरू | पुष्करराज भट्ट | १६३ |
| ४६. | अतीतको सम्झना | बलबहादुर स्वाँर | १६६ |
| ४७. | साहित्यका नृप | बलमानसिंह स्वाँर | १७१ |
| ४८. | एक अवस्मरणीय व्यक्तित्व | बासुदेव पाण्डेय | १७३ |
| ४९. | बहुमुखी प्रतिभाका धनी | विनोदकुमार भट्टराई | १८२ |
| ५०. | कुशल सष्टा र शिल्प | विष्णुप्रसाद खत्री | १८५ |
| ५१. | भद्र भलाद्मी | विष्णुबहादुर स्वाँर | १९३ |
| ५२. | अविस्मरणीय घटना | बीरबहादुर शाही | १९५ |
| ५३. | भुल्नै नसकिने व्यक्तित्व | भद्रबहादुर स्वाँर | १९७ |
| ५४. | नृप-स्मृति | भालचन्द्र 'ब्रहमगोल' | १९९ |
| ५५. | आऊ है यस धर्तीमा | भुवन चन्द्र | २०२ |
| ५६. | श्रद्धासुमन | भूमिराज जोशी | २०३ |
| ५७. | सन्दर्भ 'कथा-व्यथा' उपन्यासको | भोजराज भट्ट | २०४ |
| ५८. | उहाँस)को अन्तिम चिया | मदन पल्पाल | २०८ |
| ५९. | स्व. नृपबहादुर स्वाँरको सम्झनामा | ज्यो. मनिराज जोशी | २१० |
| ६०. | 'कथा-व्यथा'मा नृपबहादुर स्वाँर | महादेव अधिकारी | २१४ |
| ६१. | बहुआयमिक व्यक्तित्व | महादेव जोशी | २१९ |
| ६२. | साहित्यकारलाई अन्तिम विदाई | मानवबहादुर सिंह 'पहाडी' | २२१ |
| ६३. | पवित्र श्रद्धाका शब्दसुमन | मोतीलाल बोहरा | २२२ |
| ६४. | श्रद्धा-सुमन | मोहनबहादुर शाह | २२५ |
| ६५. | कीर्ति फगत छोडेर नृप स्वाँर तिमी गयौ | यज्ञराज ओझा | २२७ |
| ६६. | नृपबहादुर स्वाँरको साहित्यिक यात्रा | यज्ञराज उपाध्यय | २२९ |
| ६७. | श्रद्धाञ्जली | यज्ञप्रकाश 'यात्री' | २३२ |
| ६८. | अविस्मरणीय व्यक्तित्व | रघुनाथ पाण्डेय | २३४ |
| ६९. | साहित्यका एक खम्बा | लम्की चौधरी | २३७ |
| ७०. | विर्सनु नहुने नाम | लक्ष्मण बहादुर खड्का | २३९ |
| ७१. | 'देशभित्र-देशबाहिर' | लक्ष्मण राजवंशी | २४१ |
| ७२. | एक गुणवान व्यक्तित्व | लालबहादुर स्वाँर | २५१ |
| ७३. | स्व. नृपबहादुर स्वाँरः एक स्मरण | लोकेन्द्रबहादुर स्वाँर | २५३ |

| | | | |
|---|---|---|---|
| ७४. | मैले चिनेका नृप | सत्यराज पनेरु | २५६ |
| ७५. | बहुप्रतिभाशाली व्यक्तित्वका धनी | सर्वजीत सावद | २५८ |
| ७६. | नृपबहादुर स्वाँरसँग 'पहिलो र अन्तिम भेट' | सीताराम भट्ट | २६३ |
| ७७. | नृपकाजीप्रति ससम्मान श्रद्धाञ्जली | सुरतबहादुर शाह | २६६ |
| ७८. | स्तब्ध भएँ म, जब....... | श्रेष्ठ प्रिया 'पत्थर' | २७० |
| ७९. | स्व. श्री नृपबहादुर स्वाँरज्यूप्रति हार्दिक श्रद्धाञ्जली | हर्कराज मल्ल | २७५ |
| ८०. | स्मृतिका पानाबाट | हेमन्ती जोशी | २८२ |
| ८१. | स्व. नृपबहादुर स्वाँरप्रति शब्द श्रद्धाञ्जली | डा. हेमराज पन्त | २८५ |
| ८२. | स्व. नृपबहादुर स्वाँरका अन्तर्वार्ता, अभिनन्दन-पत्र र केही तस्विरहरू | | २८९ |

'सुदूरपश्चिम साहित्य समाज', धनगढी कैलालीले राजनीतिज्ञ समाजसेवी एवं साहित्यकार स्वाँरको संस्मरणमा उहाँको बहुआयमिक व्यक्तित्वलाई उजागर गर्ने स्मृतिग्रन्थ प्रकाशित गरे अग्रज साहित्यकार एवं पूर्वजप्रति बास्तविक सम्मान एवं श्रद्धाञ्जली अर्पण गरेको पाइन्छ । यस ग्रन्थले सुदूरपश्चिमको भाषा, साहित्य, संस्कृति, धर्म र इतिहासबारे अध्ययन अनुसन्धान र लेखनकार्य गर्न अग्रसर हुन स्थानीय व्यक्तिहरूलाई प्रेरणा प्रदान गरेको पाइन्छ । साहित्यक स्रष्टाहरू राष्ट्रका सम्पत्ति हुन, उहाँहरूको योगदानलाई यथोचित कदर गरी सम्मान गर्नु सबैको कर्तव्य ठहर गर्दै विभिन्न व्यक्ति, विद्धान, राजनीतिज्ञ, समाजसेवी संघ-संस्थाहरूले स्वाँरको जन्मदेखि मृत्युसम्मका सम्पूर्ण विवरणलाई खोतल्नेकाम गरी स्वाँरको कार्यप्रति सहानुभूति प्रकट गरी यो 'नृपबहादुर स्वाँर स्मृतिग्रन्थ' नामक कृति प्रकाशन गरेको पाइन्छ ।[६९]

[६९] ऐजन् ।

## पाँचौ परिच्छेद

### ५. उपसंहार

नेपाली साहित्यका विविध विधामा आफ्नो महत्वपूर्ण योगदान दिन सफल साहित्यकार नृपबहादुर स्वाँर सामाजिक, राजनैतिक एवम् अनेक क्रियाकलापहरूमा निरन्तररुपमा क्रियाशील रहेका देखिन्छन् । तसर्थ स्वाँरको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन क्रमशः परिच्छेद २, ३ र ४ मा गरिएको छ । यस परिच्छेदमा उक्त अधययनकै निष्कर्ष दिने प्रयास गरिएको छ ।

नेपाली साहित्यका विविध विधामा आफ्नो कलम चलाउँदै साहित्यको क्षेत्रमा एक उज्ज्वल ताराका रुपमा देखा परेका साहित्यकार स्वाँरको जन्म वि.सं. १९८३ साल कार्तिक २० गतेका दिन अछाम जिल्ला रिडीकोट गा.वि.स.मा मध्यम वर्गीय स्वाँर परिवारमा भएको हो । माता मैनादेवी स्वाँरका कोखबाट जन्मेका पिता पदमबहादुर स्वाँरका पाँच छोरामध्येका जेठा छोराको रुपमा यिनको जन्म भएको पाइन्छ । सानै उमेरमा आमा गुमाउन पुगेका स्वाँरको बाल्यकाल प्रति सहजरुपमा वितेको देखिदैन । वि.सं. १९९० सालमा आफू सात वर्षको छँदा आमाको मृत्यु भएपछि आफ्नो माहिली आमा र माहिला बुबाको रेखदेखमा हुर्कन पुगेका स्वाँरले मातृस्नेह त्यति नपाए पनि अरु सबै पक्षबाट सुखमय नै देखा पर्छ । बाल्यकालमा कुनै दुःख कष्टको अनुभव खेप्न नपरेका स्वाँरको शिक्षा आरम्भ आफ्नै घरमा माहिला बुबाको कुशल रेखदेखबाट पाँच वर्षको उमेरमा भएको पाइन्छ । आफ्नो घरमै शिक्षारम्भ गर्न पुगेका स्वाँरको प्राथमिकदेखि माध्यमिक स्तरसम्मको शिक्षा तत्कालीन दरबारहाईस्कूलबाट पुरा भएको र आइ.ए. सम्मको शिक्षा त्रिचन्द्र कलेज बाट पुरा भएको देखिन्छ । यसरी आइ.ए. सम्मको औपचारिक शिक्षा प्राप्त गरेका स्वाँरले अनेकौ विषयमा स्वध्ययन, चिन्तन, मनन्, शोध-अन्वेषण लेख रचना लेखेर आफूलाई विशिष्ट विद्धानका साथसाथै साहित्यिक क्षेत्रमा एक कर्मठ साहित्यकारको रुपमा प्रतिस्थापित गरेका छन् ।

पेसागत रुपमा वि.सं २००४ सालमा डोटी गौडाको डिट्ठा पदवीमा सेवा गर्न पुगेका स्वाँरले वि.स. २००६ सालमा शिक्षा सहायक निरीक्षकको पदवी हासिल गरेको पाइन्छ । यस्तै वि.स. २०१२ देखि २०३० सालसम्म राजनैतिक क्षेत्रमा

तल्लीन स्वाँर २०३१ देखि आफ्नो साधारण जीवन बिताई समान्य कृषिपेसा अगालेको देखिन्छ ।

समाज संस्कृति र शोध खोजप्रतिको अभिरुचिका सम्बन्धमा स्वाँरले सामाजिक कुरीतिको विरोध गर्दै नौलो किसिमको परिवर्तन चाहने र समाजमा नयाँ किसिमका विभिन्न अभियानको सुरुवात गर्दै जनचेतना फैलाउनेकाम गरेको पाइन्छ । राजनैतिक क्षेत्रमा पनि यिनको उत्तिकै महत्वपूर्ण योगदान रहेको देखिन्छ । राजनीतिक सन्यासको जीवनावधिमा २०३२ साल पछि उनी सामाजिक कार्यमा संलग्न रहेका देखिन्छन् साथै उनको यो समय विशेष गरी साहित्यिक लेखनमा बढी सक्रिय रहेको पाइन्छ । साहित्य साधन र स्वाँरको रचना संसारलाई हेर्दा वि.स. २०४२ सालदेखि साहित्यका विविध विधामा आफ्नो कलम चलाएको पाइन्छ । उनले साहित्यको कविता उपन्यास र निबन्ध विधामा विभिन्न कृतिको रचना गरी प्रकाशन गरेको देखिन्छ । सामाजिक, राजनैतिक र साहित्यिक क्षेत्रमा सक्रियरुपमा देखा परेका स्वाँरले विभिन्न देशको भ्रमण गरेको देखिन्छ । यसरी साहित्य विविध विधामा आफ्नो कलम सक्रियरुपमा दौडाउन सक्षम स्वाँरले विभिन्न लेख रचना गरेर विभिन्न संघ-संस्थाहरूबाट पटक-पटक बेला मौकाम सम्मानित हुँदै आएका साथै पुरस्कार पनि ग्रहण गर्दै आएको पाइन्छ ।

प्रत्येक व्यक्तिको व्यक्तित्व निर्माणमा उसको सामाजिक, सांस्कृतिक तथा शैक्षिक पृष्ठभूमिले महत्वपूर्ण भूमिका खेल्दछ । यस्तै स्वाँरमा निहित प्रतिभाको अध्ययन गर्दा र उनले विविध क्षेत्रमा दिइएको योगदानको मूल्याङ्कन गर्दा उनी बहुमुखी प्रतिभाका धनी हुन भन्न सकिन्छ । स्वाँरका हरेक व्यक्तित्वका पाटाहरू जस्तैः शारीरिक, समाज सुधारक, राजनीतिक, ऐतिहासिक, कवि, उपन्यासकार, निबन्धकार, राष्ट्रवादी, ययावरीय, बहुभाषाविद्ध आदि व्यक्तित्वलाई नियालेर हेर्दा सक्षम र निपूर्ण रहेका देखिन्छ् । सरल र गम्भीर स्वाभाव भएका स्वाँर समाज सुधारका रुपमा समाजका विद्यमान रूढिग्रस्त, अन्धपरम्परा, सामाजिक कुरीति शोषण, दमनको विरोध गर्दै स्वच्छ, निष्पक्ष र नमुना समाजको कल्पना गर्दै त्यसतर्फ आफू दत्तचित्त भई अगाडि बढेको पाइन्छ । यस्तै राजनैतिक क्षेत्रमा प्रवेश गरेपछि उनले देश र जनताको हितहुने काम गरेको उनकै राजनैतिक समयावधिलाई हेर्दा स्पष्ट बुझिन्छ । ऐतिहासिक व्यक्तित्वका हिसाबले त्यति संलग्न

विशिष्ट विद्धान, कर्मठा र उच्चकोटिका साधक नभएपनि ऐतिहासिक चासो रहेको पाइन्छ । इतिहास सम्बन्धी विभिन्न खोज अनुसन्धान तर्फ के कति अभिरुचि थियो भन्ने कुरालाई स्पष्ट पार्न उनका विभिन्न ऐतिहासिक कृति प्रकाशितबाट स्पष्ट हुन्छ । यस्तै साहित्यका विविध पाटामा कलम चलाउने स्वाँरको योगदान कविता क्षेत्रमा कम छैन उनले कविताका क्षेत्रमा तल्लीन भई धेरै भन्दा धेरै आफ्ना अनुभवहरूलाई पोख्ने काम गरका छन् । उनका केही कविताहरू धार्मिक, केही मायाप्रीतिका त केही सांस्कृतिक र विछोडका पीडाले व्याकुल बन्ने जस्ता भावनाहरूले ओतप्रोत भएर लेखिएका पाइन्छन् । आफ्नो औपन्यासिक व्यक्तित्व हाँसिल गर्न सफल स्वाँरले नेपाली साहित्यलाई 'कुसुमी' 'चिनु' र 'कथा-व्यथा' उपन्यास पुस्तककारका रुपमा प्रकाशित गरी उपन्यास विधालाई निकै धनी बनाएको पाइन्छ । शिक्षा, स्वास्थ्य, संचार आदिको कमिले पिछडिन गए पनि यहाँ नयाँ वर्ग उदित हुँदै छ र सामन्तवादी हैकमवादी, पुरानो जराजीर्ण रीति र प्रथालाई तोडेर मानवतावादी संस्कृतिको भूमिकाको निर्माणमा अग्रसर हुँदैछ, भन्ने अभिव्यक्तिबाट पनि स्वाँरको औपन्यासिक व्यक्तित्वको पूर्ण परिचय पाउन सकिन्छ ।

राजनीति र साहित्यमा समानरुपले सक्रिय रहने नेपालका थुप्रै व्यक्तिहरूमध्येका स्वाँरको राजनीतिक क्षेत्रमा जत्तिको आफ्नो भूमिका निर्वाह गरेका छन् त्यस्तै साहित्यको निबन्ध विधा अन्तर्गत देशभित्र-देशबाहिर जस्तो यात्रा संस्मरणात्मक निबन्ध संग्रहको प्रकाशन गरी आफ्नो निबन्धकार व्यक्तित्वलाई झल्काउन पुगेका छन् । देशभक्त र राष्ट्रियभावनाका सूत्रधार स्वाँरले नेपालको कुना कुनामा भ्रमण गरेर राष्ट्रिय भावनाको प्रचार प्रसार गरेको पाइन्छ । उनी राष्ट्रको संस्कृतिक इतिहासप्रति नतमस्तक रहेका देखिन्छन् । यसै कार्यप्रणालीमा उनको राष्ट्रियताको स्वरुप झल्किएको पाइन्छ । विभिन्न देशको भ्रमण गर्न सफल स्वाँरको उद्देश्य मानव जीवनलाई संगाल्नु, आफ्नो राष्ट्रसंगको अन्तराष्ट्रिय मैत्री सम्बन्धलाई बलियो पार्नु साथै त्यसबारे केही लेख्नु अनि ती रचनाहरूको प्रकाशन गर्नुबाट उनको यायावरीय व्यक्तित्वको पूर्ण परिचय पाइन्छ । विभिन्न भाषाको ज्ञान भएका स्वाँरको जीवन दर्शनलाई नियालेर हेर्दा उनले मानवीय कर्तव्यलाई विर्सेर क्षणिक भौतिकताको रमझममा भुलेर तिरर्थक जीवन बाँचिरहेको मानवजातिलाई केही आफ्ना कृतिहरूका माध्यमबाट निर्देशित कर्महरूद्वारा नै वास्तविक सुख शान्ति र

मोक्ष प्राप्त हुन्छ भन्ने तर्फ स्वाँरले सबैलाई सचेत गराएको पाइन्छ । तसर्थ यसबाट उनका विविध व्यक्तित्वहरूका पाटाहरूलाई सुलस्त रुपमा बुझ्न सकिन्छ ।

नेपाली साहित्यका क्षेत्रमा आफ्नो अमूल्य योगदान दिई साहित्यको फाँटमा देखापरेको स्वाँरले नेपाली साहित्यको कविता, उपन्यास र निबन्ध विधामा आफ्नो विशेष दखल हासिल गरेको पाइन्छ । उनका कविताहरू अभिधाका अर्थमा जति शक्तिशाली छन्, त्यत्तिकै सशक्त र सम्यताका साथ व्यान्जनाका तहमा उक्लिएका देखिदैन । कवि स्वाँरका कविताहरूमा मानवताको गीत गाइरहेको पाइन्छ साथै राजनीतिक चेतना, प्राकृतिक सौन्दर्यको राम्रो चित्रण गरिएको देखिन्छ । यस्तै उनका पद्य र गद्य कविताहरूमा माया, प्रेम, राष्ट्रियताको भावना झल्किएको पाइन्छ । यस्तै प्रकृतिको अनेकतामा एकता छ र एकतामा अनेकता देख्ने स्वाँरको 'सेतीको मन्दिर' खप्तड खण्डकाव्य प्रकृति र जीन्दगानी बहुमुखी छविको सहज, परिष्कृत रमणीय अभिव्यक्तिको रुपमा देखापरेको पाइन्छ भने गोठाले ठिटो गीतिखण्डकाव्यमा स्वाँरले सौन्दर्य चेतना, प्रकृतिप्रेमको वर्णनका साथै ग्रामीण जनजीवनको यथार्थ चित्रण गरेका छन् साथै ग्रामीण अवस्थाको वास्तविक वस्तुस्थितिलाई उतार्ने काम गरेको पाइन्छ ।

सामाजिक यथार्थवादलाई वरण गरी औपन्यासिक क्षेत्रमा आफ्नो अमूल्य योगदान दिन सफल उपन्यासकार स्वाँरका उपन्यासले हाम्रो सामाजिक यथार्थलाई पूरा बोकेको देखिन्छ । यस्तै उनको 'कुसुमी' उपन्यास नेपाली उपन्यास विधामा एउटा नयाँ सामाजिक यर्थार्थवादी उपन्यासको रुपमा देखापरेको छ । यस्तै उनको अर्को 'चिनु' उपन्यास सामाजिक यथार्थमा आधारित अत्यन्तै सफल वियोगान्त उपन्यासका रुपमा देखापरेको पाइन्छ । यस उपन्यासमा ग्रामीण भेगमा बस्ने जनताहरूले भोग्नु परेका आर्थिक, सामाजिक, धार्मिक शोषण, दमन खप्न बाध्य भएका मानिसहरूको कारुणिक गाथालाई प्रस्तुत गरिएको छ भने उनको अन्तिम कथाव्यथा उपन्यासले सामाजिक र ऐतिहासिक यथार्थलाई आधार बनाई पूर्वी नेपाल देखि पश्चिमी नेपाल र राजधानी सहर काठमाडौं र त्यसको वरिपरि गाउँमा बस्ने मानिसहरूले भोग्नु परेका आर्थिक शारीरिक शोषणको राम्रो चित्रण गरेको पाइन्छ ।

नेपाली साहित्यको कान्छो विधाका रुपमा देखा परेको निबन्ध विधामा आफ्नो अविस्मरणीय योगदान दिन सफल निबन्धकार स्वाँर आधुनिक यात्रा साहित्यमा

आत्मपरक धाराको प्रतिनिधित्व गर्ने आत्मराग प्रबल भएका नियात्राकार मानिन्छन् । उनले पूर्वीय र पाश्चात्य सभ्यतामा देखिने युवा-युवतीका प्रेमक्रिडालाई समेट्दै, नारी सौन्दर्य, नारीमा पाइने हार्दिक प्रेम आदिलाई आकर्षक तरिकाले आफ्ना यात्रा संस्करणात्मक निबन्धमा प्रस्तुत गरेका छन् साथै प्रकृतिको चित्रण पनि उनका निबन्धमा स्पष्टरुपमा झल्किएको देखिन्छ ।

नेपाली साहित्यका विविध विधामा आफ्नो अमूल्य योगदान पस्कन सफल साहित्यकार नृपबहादुर स्वाँरले विभिन्न साहित्येतर विधामा पनि आफ्नो कलम चलाएको पाइन्छ । उनका साहित्येतर विधाहरूमा स्वाँरको चिनारी स्वाँर वंशावली भाग एक र दुई निकै महत्वपूर्ण प्रकाशित कृतिका रुपमा देखिन पुगेका छन् । हरेक जात-जातिको आ-आफ्नै अस्तित्व, फरक-फरक पहिचना, आफ्नै इतिहास बोकेर आएका हुन्छन् भन्ने मान्यता राख्ने स्वाँरले ‘स्वाँरको चिनारी’ र ‘स्वाँर वंशावली’ भाग एक र दुईमा स्वाँर जातिको सम्पूर्ण विवरण उतार्ने काम गरेका छन् ।

अन्तमा नेपाली साहित्यको भण्डारमा आफ्नो अमूल्य योगदान दिई साहित्यकोशलाई थप्न सफल एक साहित्यकार, एक कुशल समाजसेवी, कुशल शिक्षक, कुशल राजनीतिज्ञ नृपबहादुर स्वाँरको बहु-आयामिक व्यक्तित्वको समाजसामु प्रदर्शितहोस भन्ने हेतुले विभिन्न संघ-संस्था तथा शुभचिन्तकहरूले भौतिक तथा भावात्मक सहयोगबाट उनका बारेमा एक स्मृतिग्रन्थ नामक कृतिको प्रकाशन गरेको पाइन्छ । तसर्थ साहित्य र साहित्येतर विधामा आफ्नो अविस्मरणीय योगदानलाई सदैवका लागि छोड्दै वि.सं. २०६२ साल मंसीर आठ गते यो संसारलाई विदा लिन पुगेका देखिन्छन् ।

# सन्दर्भग्रन्थसूची

जोशी प्रभात पद्मराज, सरल व्यक्तित्व भित्रका महान विचारक नृपबहादुर स्वाँर, **सुदूर सन्देश** वर्ष ५ अंक १७३, २०६२ ।

जोशी, पद्मराज, **नृपबहादुर स्वाँर स्मृति ग्रन्थ**, धनगढीः सुदूरपश्चिमाञ्चल ०६४ ।

दास, प्रभावकरलाल, **उच्चस्तरीय सामाजिक अनुसन्धान प्रविधि** ।

बराल, कृषहरि, नेत्र एटम, **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास** ललितपुरः साझा प्रकाशन, २०५८ ।

त्रिपाठी बासुदेव, दैवज्ञराज न्यौपाने, केशव सुवेदी **नेपाली कविता भाग ४** ।

स्वाँर, नृपबहादुर, **सेतीको मन्दिर**, काठमाडौ : शारदा प्रिन्टिङ्ग प्रेस, २०४२ ।

स्वाँर नृपबहादुर, **कुसुमी,** नेपाल पिन्टर्स एण्ड ट्रेडर्स को-अपरेटिभ लि. २०५५ ।

स्वाँर नृपबहादुर, **चिनु**, नेपाल पिन्टर्स एण्ड ट्रेडर्स को-अपरेटिभ लि. २०५६ ।

स्वाँर नृपबहादुर, **कथा-व्यथा**, धनगढी : शाहबन्दु अफसेट प्रेस, २०५९ ।

स्वाँर, नृपबहादुर, **'मरुले जात्र'** धनगढीः २०६० ।

स्वाँर, नृपबहादुर, **स्वाँर वंशावली भाग एक,** काठमाडौं : स्वाँर सेवा समिति २०६० ।

स्वाँर, नृपबहादुर, **देशभित्र-देशबाहिर**, धनगढी : सुदूरपश्चिमाञ्चल साहित्य समाज, २०६० ।

स्वाँर, नृपबहादुर, **स्वाँरको चिनारी** - धनगढी न्यू कैलाली प्रिन्टिङ प्रेस, २०६४ ।

स्वाँर, नृपबहादुर, **स्वाँर वंशावली - भाग २,** काठमाण्डौः स्वाँर सेवा समिति २०६४ ।

स्वाँर, नृपबहादुर, **व्यक्तिगत विवरण**बाट प्राप्त ।

## स्रोत व्यक्तिहरू

| **नामः** | **ठेगानाः** |
|---|---|
| अशोक स्वाँर | मैतिदेवी, काठमाडौ । |
| बलबहादुर स्वाँर | अछाम, बयलपाटा । |